# प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

संख्या २१
कार्तिक २०२९

Number 21
October 1972

सम्पादक

**रमेशजङ्ग थापा**

*Edited by*

**Ramesh Jung Thapa**

**प्रकाशक**
**श्री ५ को सरकार**
**शिक्षा मन्त्रालय, पुरातत्व विभाग**
**काठमाडौं, नेपाल।**

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal.

प्राप्तिस्थान:—
साझा प्रकाशन
पुलचोक, ललितपुर ।

**To be had of:---**
Sajha Prakashan
Pulchok, Lalitpur.

**मूल्य रु. ५।--**

**Price. Rs. 5/--**

**Printed at Roopayan Press, Dhokatole Kathmaudu.**

प्राचीन नेपाल

संख्या २१

कार्तिक २०२९

**Ancient Nepal**

Number 21

October 1972


सम्पादक

*रमेशजङ्ग थापा*

**Editor**

Ramesh Jung Thapa

सहायक सम्पादक

*रामचन्द्र ढुङ्गाना*

**Assistant Editor**

Ram Chandra Dhungana

किस्सा पनि छ। सिंह, वानर, मुसो, न्याउरीमुसो र

# विषय-सूची

# Contents


| | पृष्ठ | page |
|---|---|---|
| नेपाल देशको इतिहास | १ | 1 |
| ऐतिहासिक पत्रस्तम्भ | २९ | 29 |
| थारूजातिको मूलघर कहाँ ?<br>*श्री बाबुराम आचार्य* | ३३ | 33 |
| नापको माध्यमको रूपमा पाथीको प्रयोग<br>*श्री तारानन्द मिश्र* | ३७ | 37 |
| गोपाल वशावलि<br>*श्री जगदीशचन्द्र रेग्मी* | ४४ | 44 |
| कीर्तिपुर उमामहेश्वर मन्दिरस्थित सरस्वती एक अध्ययन<br>*श्री हरिराम जोशी* | ५६ | 56 |
| इतिहास शिरोमणि बाबुराम आचार्यका स्मृतिमा<br>*श्री सूर्यविक्रम ज्ञवाली* | ६० | 60 |
| Newar Marriage Custom<br>*Shir Purna Harsha Bajracharya* | ६२ | 62 |



114 EP

CORNELL UNIVERSITY LIBRARIES ITHACA, N.Y.

# नेपाल देशको इतिहास

( गताङ्कको बाँकी )

महाराजको क्रियाकाम सकिएपछि गादी खाली हुनाले अब राजा को हुने ? भन्ने खलबल पऱ्यो । दल शाह "म जेठो हुनाले राजा हुनुपर्छ" भन्न लागेका हुनाले केही लश्कर त्यतै लागे । कोही नायक वीरभद्र शाह शान्त भएपछि दुनियाँले जसलाई मान्नन् उही राजा होला "भन्न लागे । यस्ता तरहले परिपंच बढ्दा आआफ्ना तरफका गोल बाँधी पञ्च हतियार लिई हिंड्न लागे । आखिर सब भेला भई पञ्चायत भयो । काजी विराज थापा, भीमराज पाण्डे, गौरेश्वर पन्त र लक्ष्मीपति पन्तबाहेक सब भारदारहरूले एकमत गरी" टाढा र नजीकमा नजीकको हुने हुनाले नायक वीरभद्र शान्त भएपछि रणदुल्ल शाह बाँचेका भए उनै हुने थिए । उनी नभएपछि जो जेठो ठहरिन्छ उसैलाई राज्य हुने हुनाले जेठा दल शाह ठहराई उनैलाई राजा बनाउने" भन्ने निर्णय भयो ।

त्यसपछि चन्द्ररूप शाहले नायक वीरभद्र शाहको विश्वास जहाँगीर शाहलाई प्रकाश गरे । "जहाँ नायक वीरभद्र शाहका पुत्र छन् भने त्यहाँ अर्काले गादी कसरी पाउला ? जति राजाका छोरा भए उतिले गादीको मालिक हुन पाइँदैन । अघिदेखि चलेको चलन गर्नुपर्छ । तिमीले अघिरै यो कुरा संक्षेप गरेको भए यो खलबल हुनै पाउने थिएन ।" भनी जहाँगीर शाहले सल्लाह गरे । अनि दुवै तरफका मानिसले तनहुँमा महारानी र साहेबज्यू रहेछन् कि रहेनछन् बुझ्न भनी पठाए ।

उता तनहुंमा साहेबज्यू पैदा हुँदा गौरेश्वर पन्तले नामकर्म आदि संकल कर्म गरेका रहेछन । अनि महारानी-बाट "अघि पनि हाम्रा महाराजबाट तपाईंलाई गुरु तुल्याउँला भनी वरण भएको रहेछ । उहाँ स्वग हुनु भए तापनि त्यो वरण छँदैछ । अब मेरा छोराको जय हुने र गोरखाको गादी जस्ता पाठले हुन्छ प्राप्त हुने कुरा पनि बुबाका सल्लाहले तपाईंले नै मिलाइदिनुहोस्" भन्न हुकुम भएछ । अनि पन्तले छिप्केश्वरीमा गई पुरश्चरण गरेर प्रसादपाती चढाएछन् । तिनै ताक गोरखाबाट आएका काजी विश्वराज थापाप्रभृति मगरहरू, भीमराज पाण्डे, विश्वराज पाण्डे, गौरेश्वर पन्त, लक्ष्मीपति पन्त र बलि पाध्या कडरियाहरूले संमत गरी भित्री संचोबाट महारानी र साहेबज्यू नरभूपाल शाहको सवारी चलाए । पाउग्क्षालाई आउने गौरेश्वर पंडित अधिकारी धाई-घराना जस्ता भई आए । काजी विराज थापाका घरमा सवारी भित्रियो ।

तीन महीना बितेपछि तनहुँमा गएका जहाँगीर शाह र चन्द्ररूप शाहका मानिस फिरे । उनीहरूले भने "महारानी र साहेबज्यू यहाँ हुनुहुन्छ कि ? भनी सोध्दा उहाँहरू गोरखा पाउलाग्नुभयो भनी जवाफ दिए । कुरा केही बुझ्न सकिएन । परिणाममा उहाँ हुनुहोला जस्तो पनि लागेन ।" त्यसपछि चन्द्ररूप शाह खरखोजी गर्न लागे । विराज थापासंग कुरा भई उनका घरमा चन्द्ररूप शाह गए । काजीले उस दिन केही लेक्षणसम्म मात्र बताए । भाइसल्लाह बेगर काम गर्न भने सकेनन् । मतलब बुझ्दा चन्द्ररूप शाह र जहाँगीर शाह पनि मद्तमा पसे । शूरा शूरैको पछि लाग्ने हुनाले शूरा जति साह्रा सल्लाहमा पसे । एक दिन विराज थापाले महारानीसंग विन्ति गरे "काफरको धेरै गोल भए पनि शूराका मुखेन्जी ठहर्न सक्तैनन्, सबै हटेर जान्छन् । राजा भएपछि सेवक चिनी काम लगाउन जान्नु राजाको मुख्य गुण हो । जुन वेलामा जस्तो गर्नुपर्छ त्यस्तै गर्न जान्नुपर्छ । राजप्रपंचको एउटा किस्सा पनि छ । सिंह, वानर, मुसो, न्याउरीमुसो र

Olin DS 493 .789 no. 2



स्याल यी पाँचले मितेरी लगाएछन् । सबै जनाको संमत भई मृग मारी ल्याएछन् । परिणाममा बुद्धिले गर्दा सबैलाई पन्साई स्याल एकलैले त्यो भक्ष्य खाएछ । तसर्थ राजा भएपछि कुनै बखतमा स्यालको बुद्धि पनि लिनुपर्छ ।"

त्यसपछि जो जो सल्लाहमा थिए ती सबै यिनै काजी थापाका घरमा भेला भए । आफाफना तर्फका मानिसलाई सबका घरघरमा मानिस पठाई बोलाए । अनि जोशी डाकी साइत ठीक गरे । "नायक वीरभद्र शाहका पुत्र नरभूपाल शाहलाई टीका चढाई गादीमा राज गराउँछौं, मान्न आऊ" भनी सकललाई भन्न पठाउँदा मतलबबाहिरका मानिसहरू पनि धेरै सामेल भए । जब साइत आएथ्यो आफ्नो गोल बलियो पारी साहेब नरभूपाल शाहलाई दरबारमा चलाई दीप, कलश, गणेश आदिको पूजा गरेर तिलक चढाई गादीमा राज गराए ।

## नरभूपाल शाह ।

श्री ५ नरभूपाल शाह गादीमा राज भए । गादीका मालिकको खोजी नगरी बलाबल र छलाछल गरेर गादीको मालिक जो कोही हुन लाग्दा सब जना आकुल भएका थिए । नरभूपाल शाहले गादीमा राज गरेपछि अब हामीले मालिको दर्शन पायौं भनी खुशी भए । आफ्ना जातले गरिआउने उत्सव गर्दा थानथानमा देवदेवताहरूको राम्रा तवरले पूजा गर्न लागे । घरघरमा ब्राह्मण निमन्त्रणा गरी आफस्त र प्रीतिपात्र छोरीबेटी, जुवाइं र भांजाभांजीहरू डाकी भोजन गराउन लागे । त्यसपछि मधुकर शाह र जहांगीर शाहको प्रपंच खुल्न गयो । बाबुछोरालगायत उनका परिवार विदेशतिर लागे । उद्योत शाह पनि आफ्ना रानी, छोरा, छोरी, चाकर, नगरा, निशान सबै लिई गंडीपार भए । दल शाह पनि सपरिवार विदेशिए । अरू थरघरहरू मैयादका मद्दती जो जो थिए सबै निकाला भए । त्यसपछि काजी विराज थापालाई भारी खिल्लत भयो । भीमराज पांडे, वीरेश्वर पांडे, लक्ष्मीपति पन्त, बलि पाध्याय कडरिया आदिलाई पनि खिल्लत भयो । जसको जहाँसम्मको मिहिनेत थियो, त्यहीअनुसारको खिल्लित बक्सियो । गादीको बेठेगान हुँदा राजकाजसम्बन्धी कामकाज र बन्दोबस्त सब खलबलिएको थियो । त्यो पनि जसजसको काम हो उसउसलाई बन्दोबस्त गरिदिँदा सफा हुन गयो । काजी विराज थापाले आफ्ना घरमा नरभूपाल शाह राज गर्दा राज गरेको जुन सिंहासन खटिया थियो त्यसमा कसैले नबस्नू र सुत्न पनि नसुत्नू, यसलाई नित्य पूजा गर्नू भनी आफ्ना छोरानातिहरूलाई सम्झाई गएको खटिया अद्यपर्यन्त छँदैछ ।

श्री ५ को उपनयनको समय हुँदा जोशीले दिएका शुभ साइतमा उपनयनकर्म सम्पन्न भयो । श्री ५ मुमाबाट नानीको जय मनाउनेलाई गादी भएपछि गुरु तुल्याउँला भन्ने धरोधर्म भएको रहेछ र गुरु गौरेश्वरले गायत्री र दीक्षा एकैपल्ट सुनाए । हिजो राम शाहले र हाम्रा पुर्खा नन्दा मिश्रले धर्म गरेको आजसम्म चलेकै थियो । सो कुरा आज हराई अर्को गुरु तुल्याइबक्सियो भने अब हजुरका मुलुमा पानी पनि खान्नौं भनी मिश्र गुरुज्यू हिंड्न लागे । "म माइतीमा थिएँ । नानी राजाको जात भएपछि वैरीबाट सकष्ट पऱ्यो र पण्डितजीले सब तरहबाट जय मनाई स्याहार गरे । दुःख विरहमा नानीका गुरु होउला भन्ने वचन खुस्केकी थिएँ । सो मेरो वचन थाम्नलाई गुरु हुन पाए । अब उप्रान्त यस्तो होवैन" भनी महारानीबाट संझाउँदा पनि नसकी हिंड्न तयार भए । अनि सब थरघर भारदारहरूलाई "गुरुलाई सम्झाऊ" भन्ने महारानीको हुकुम भयो । "यहाँ बस्नुहुँदैन भने गडीपार भई बस्नुहोस्" भनी सब भारदारहरूले बुझाउँदा 'उसो भए अबदेखि यस्तो नहोस्' भने । अनि सर्वाङ्ग माफ गरी गडीपार सर्वाङ्ग विनलब गरी पाउँदा उहीं गई बसे ।

श्री ५ को विवाह गर्ने बखत भएको हुनाले कन्या हेर्न भनी मानिसहरू खटिए । खचेली राजाकी मैयाँ चन्द्रप्रभावतीदेवी अतिसुन्दरी ठहरिएकीले माग्दा ठेगान भयो । शुभलग्न ठीक भएपछि चाहिने सरजाम तयार गरी गोरखा दरबारमा राख्नुपर्ने फौज रक्षाका निति राखेर अरू फौज र चाहिने मानिसका साथमा सवारी चल्यो । खाँची पुग्दा खंचेली राजाले जन्तीलाई आदरपूर्वक मेजमानी गरे । खंचेली राजाले आफ्ना नातासम्बन्धका राजाहरू सबैलाई निमन्त्रणा गरेका थिए । त्यस निमन्त्रणामा महाराजी कहलाएका पाल्पाली राजा पनि थिए । उनले गोरखालीहरू कत्तिका शूरा रहेछन् भनी परीक्षा लिने अठोट गरे । ढोकाको परतिर हुक्का र वरतिर आफू भै नलीले ढोकाको बाटो छेकी तमाखु खान लागे । नरभूपाल

शाहको यज्ञमा बस्न जानालाई सवारी भयो । अरू राजाहरूका चित्तमा तमाखु खाइसकेकपछि जानू भन्ने थियो । सुलतान शाह नरभूपाल शाहका अगाडि लागी हातले नली समातेर "यज्ञमा बस्ने बखत भयो, एक छिन् पर्खनुहोस्" भनी नली मुखबाट फिकेर पर सारी श्री ५ लाई भित्र चलाए । त्यहाँ निता मान्न आएका अरू राजा-हरू खासखुस गर्न लागे । आम्दानीअनुसार ठाँट र ओजन हेरी खर्च जो गर्दछ त्यस्ताले सबै कुरामा विस्तारैसित काम गर्दछ । यत्रा महाराजी पाएका पाल्पाली राजाका मानिसमा एकले पनि केही प्रतिउत्तर दिन सकेनन् । बडाले मुट्टि हियाएर काम कहिले पनि नगर्नू । पाल्पाली राजाले हियाएर काम गर्दा उनलाई सुरतान शाहले रुनु न हाँस्नु-सम्मको शर्म पारे । पाल्पाली कस्ता भने आम्दानीभन्दा ठाँट ठूलो भएका हुन् । ठूलो ठाँट भएपछि मुलुक खाक हुन्छ । मुलुक खाक भएपछि प्रजा प्राणीहरूलाई कठिन हुन्छ । अन्न बस्त्र नपाए कसको पनि बुद्धिको ठेगाना रहँदैन । बुद्धि ठेगानमा नरहेपछि बखत चिन्न सकिँदैन । बखत नचिनेपछि सब कुराबाट भ्रष्ट हुन्छ ।" कुनै राजाले त यसो पनि भने "हेर, गोरखाली कस्ता भने खस्रा धस्रा लगाएका, चेहडामा बहुत लाली भएका, हेर्दैमा पनि पानीदार हुनन् भने जस्ता, बोल्दा पनि धेरै नबोल्ने, बोलेको फरक नपार्ने, बखत चिनी काम गर्ने देखिन्छन् । परिणाममा यिनैले सबैलाई उडाउँछन् कि जस्तो छ ।"

भोलिपल्ट पाल्पाली राजाले "उहाँ मेरो धेरै काम छ, निम्ता मान्नु थियो मानियो, अब जान्छु भनी" खंचेली राजासंग बिदा भएर पाल्पातर्फ गए । विवाह र चतुर्थी भइसकेपछि खचेली राजाले आफ्नो गच्छेअनुसार श्रद्धापूर्वक दाइजो दिई डोला सुंपिदिए । नरभूपाल शाह डोला लिई आफ्नो डेरामा फर्के । अनि उनका साथमा गएका भारदारहरूले विन्ति गरे "यस विवाहमा आफ्नो इशारामा सबै राजाहरू चल्ने महाराजी भएका पाल्पाली राजालाई सुरतान शाहले चकाउनुभयो । अब के कस्तो पर्ने हो ! अनि "हुनत तपाईंले यस्ता तरहसिन दरबारमा हाम्रो सवारी चलाउँदा सब कुरामा इज्जत रह्यो । तर ती राजा ठूला छन् । उनले उठाउँदा सबै राजा उठ्छन् । अब यसको निवारण कसरी गर्ने हो ?" भनी श्री ५ बाट हुकुम भयो । "हुकुम भए मैले पाएको चमक मै निवारण गरूँला । कुरा के भने बूढाबूढाको कहाइ छः—धरायसको चौतरिया, धाको काजी, लडाईंको सरदार मुख्य हुन्छ । घर बलियो नभई वन बलियो हुँदैन । घर सपार्नु चौत-रियाले पर्छ । काम सपार्नु काजीले पर्छ । चौतरिया र काजीले घर र वन सपार्दा उठेको वैरीसित सरदारले बढ्नुपर्ने बखतमा बढेर हान्न र हट्नुपर्ने बखतमा हट्न जान्नुपर्छ । लडाईंमा जो कुशल छ उसलाई सरदारी मान योग्य छ । मैले पाएको चमक मै निवारण गर्छु । हुकुम भए मै जान्छु र एक निशाना राखी आउँला" भनी सुलतान शाहले विन्ति गरे । यस कुराले श्री ५ बहुत खुश भई बढिया तरहसित खर्च बक्सेर अमल शूरा र तेजी सिहाही साथ लगाई बिदा दिइयो । अनि श्री ५ नरभूपाल शाह गोरखातर्फ लागे । शुभ मुहूर्तमा दीप कलश आदि पूजा गरी महारानीसहित दरबारमा प्रवेश गरे ।

उता सुलतान शाहले पाल्पामा पुगी त्यहाँका राजासित भेटे । उनले "तपाईं किन आउनु भयो ?" भनी सोधे । "तपाईं ठूला राजा हुनुहुन्छ । कामकाजले रिझाई प्रसन्न गराउँला भनी आएँ" भनी सुलतान शाहले विन्ति गरे । "ए ! अस्ति विवाहमा तमाखु खाँदा मेरा मुखबाट नली छुटाएका निम्तिले होला, होइन त ?" भनी पाल्पाली राजाले भने । "हाम्रा महाराजको प्रवेश हुने बखत थियो । पर्खने बखत थिएन र नली पर सारी प्रवेश गराएँ । त्यस्तो अपराध गर्ने मै हुँ ।" भनी सुलतान शाहले विन्ति गरे । "शूरा रहेछौ, बखत चिनी काम गर्न सक्ने रहेछौ । आइहालेछौ, बस" भनी पाल्पाली राजाले खातिरसंग राखे ।

तिनै ताक नबाफद्वारा "वहाँ कति आंदानी हुँदो रहेछ, हामीलाई कति दिँदा रहेछन्, खर्च कति रहेछ, राजा रजौटाहरू कति खाँदा रहेछन्, जाँचकीका पेटमा कति पर्दो-रहेछ ?" इत्यादि जाँचबुझ गर्ने सेना गोरखपुर आइपुगेका थिए । त्यहाँ जाँचबुझ गर्दा "पाल्पालीको बुटवल ठूलो आम्दानीको केन्द्र छ" भनी कसैले सुनाइदिएछ । बुटवल हेर्न भनी आठ दश हजार लश्कर लिई नबाफ आयो । गोरखपुरले नबाफ मानी आधा खाँदोरहेछ र त्यसै निहुँले बुटवलमा आई तीन चार दिन बस्यो । "हामीलाई मानी खानुपर्ने जग्गामा दोबर तेबर हजाफ बढाई सहजमा तिमी-हरू खाँदा रहेछौ" भनी झगडाको बीउ रोपी नबाफले खबर पठायो । पाल्पाली राजाका भारदारहरूले लश्कर

Olin DS 493 789 no.



धेरै लिई आएको देख्दा यसको चित्त सोझो छैन भन्ने संझी खलबल मात्र गरे, यसै गर्नुपर्छ भनी ठहराउन सकेनन् । अनि सुलतान शाहलाई बोलाउन पठाई उनीसित सल्लाह गरे "तिमी गोरखालीहरू बडा बुद्धिमान् छौ । बखत चिनी काम गर्न जान्दछौ । तसर्थ अब यसमा के गरे ठीक पर्ला ?" "हजुरका भारदारहरू कचहरी गर्ने बखतमा हजुरबाट हुकुम भएको बात शुन्न नपाई हजुरलाई उछिनी चारैतर्फबाट काग कराए झैं कराउन थाल्दछन् । महाराजको हुकुम हुन लागेका बखतमा सुनिसकेपछि मात्र बोल्नुपर्छ भन्ने कत्ति डर नराखी जे पायो उही बोल्दछन् । यो कचहरीको स्रेस्ता होइन । जो वीर राजा छ उसका कचहरीमा अदपैसंग बोल्नुपर्छ । बेकामको कुरा गर्दा चारैतर्फबाट बोल्ने र कामको कुरा गर्दा ठहराई एक कुरा पनि बोल्न नसक्ने यस्तो लक्षण कचहरीको होइन । अहिले धेरै कुरा मात्र गरेर के हुन्छ र ? एउटा तजबीज गर्नुहोस्" भनी सुलतान शाहले बिन्ति गरे । पाल्पाली राजाले "कस्तो तजवाज गर्ने ?" भनी सोधे । "हजुरका मुलुकमा मैले जाँची ठहरिएका चालीस जना सिपाहीलाई पञ्च हतियार बाँध्न लगाएर सवार तुल्याई मेरा साथमा दिनुहोस । अरू जिमीदारहरूले भन्दा बढ्ता गर्न हुने गरी अरू राजारजौटले गरेका स्रेस्ताबमोजिम जो लेख्ने स्रेस्तासहितको लेख पनि मेरा हातमा दिनुहोस् । राम्रै पाठसंग काम गरेर कार्यसिद्ध गरी आउँला" भनी सुलतान शाहले बिन्ति गरे ।

पाल्पाली राजाले सोहीअनुसारको व्यवस्था मिलाइदिंदा ती मानिसहरू साथमा लिई सुलतान शाह नबाफ बसेका ठाउँमा पुगे । नवाफले खानपिन गरिसकेको र अरू लश्करले भरखर खान लागेको मौका पारी नबाफका अगाडि पुगेका थिए । सुलतान शाहले आफूले लेखेको कागज नवाफका अगाडि राखी सलाम गरेर भने "यस कागजमा चाँडो सहि हाल्नुहोस् । एक पलको समय छैन, सहि गर्नु हुन्न भने चाँडो जवाफ दिनुहोस्" सुलतान शाहको कुरा सुन्दा नवाफले साथमा आफ्ना मानिस कोही नभएको र अगाडि बेडबलका खडा जगी जवानहरू देख्दा अर्को कुरा गर्ने अवसर नदेखी यस बखतमा अर्को बात बोली पुग्दैन भन्ने ठहराएर नवाफले सो कागजमा तुरुन्त सहि हालिदियो । सो कागज लिई सलाम गरेर आफ्ना मानिसहरूका साथमा सुलतान शाह उतिखेरि पाल्पा फर्के । नबाफ पनि उहाँ घडी डेरा उठाई फिर्दो भयो । बाटामा सुलतान शाहले पाल्पाली मानिसहरूलाई भने "हेर, बडाले आफ्ना अघिदेखिका बिश्वासपात्र र बुद्धिमान भारदारहरूलाई सदासर्वदा साथमा छुटाउनु हुन्न । त्यस नवाफले परदेश हो भनी आफू खबरदारसंग रहेको भए हामीलाई कठिनै पर्ने थियो । बेहोशसित रहेको हुनाले हामीले एकदम आफ्नो कार्य सिद्ध गर्न सक्यौं" । अनि पाल्पाली राजाकहाँ पुगेर नवाफको सहि परेको कागज चढाई दर्शन गरे । सुलतान शाहले सब विस्तार गरिसकेपछि" "यस कागजमा सहि गरेपछि लाचार भएर नवाफ फिरे" भनी दोहऱ्याए । यस कामबाट पाल्पाली राजा र त्यहाँका भारदारहरूसमेत बहुत हर्ष भए । "तपाईंका गोरखामा तपाईं जस्ता मानिस अरू पनि छन् कि तपाईं मात्र हुनुहुन्छ" भनी पाल्पाली राजाले सोधे । "हाम्रा गोरखामा सबैभन्दा साधु म हुँ, अरू सबै मभन्दा ज्यादा बढी छन्, कम कोही पनि छैनन्" भनी सुलतान शाहले बिन्ति गरे ।

तीनै ताक गोरखाबाट सुलतान शाहलाई बोलावट आयो । "अब उप्रान्त गोरखाको र हाम्रो घाघरायस तपाईंले गराउनुहोला । तपाईंले गरेको बन्दोबस्तमा हामी दुवैथर बस्न्" भनी पाल्पाली राजाले बन्दोबस्त बाँधे । अनि सरमौगातसहित बिदा गर्दा सुलतान शाह गोरखा आए । श्री ५ नरभूपाल शाहमा सरसौगात चढाई दर्शन गरे । "पाल्पा गएका बखत नवाफसित धा गरी आउँदा पाल्पाका राजा खुशी भई अब उप्रान्त गोरखाको र हाम्रो दोस्ताना बाँधियो भनी पाल्पाली राजाले कबूल गरे । अब त चमक मेटियो होला । पाल्पाली राजाका भारदारहरू कसैबाट हुन नसकेको काम मबाट हुदा त निशाना पनि रहे जस्तो लाग्यो । सरकार तजबीजमा के ठहरियो कुन्नि ?" भनी सुलतान शाहले बिन्ति गरे । 'गोरखाको नाम र रजपूतको रजपूत्याइँ थामी आएकामा धन्यवाद छ" भनी नरभूपाल शाहले बराबर श्याबासी दिए । "सन्मार्गमा लागेका भाइछोरालाई राजाले दर्जा बुझी काम लगाउन जाने भाइछोराले गर्ने काम कोही गर्न सक्तैन । यही क्रमले थरघरका हातबाट जुन काम होला त्यो काम पनि अरूबाट हुदैन" भनी कचहरीमा बसेका भारदार र थरघरहरूले बिन्ति गरे । यसरी गोरखाको राजकाज राम्रो चलिरहेको थियो ।

अवस्था पुग्दा पनि खाँचीका राजाकी सुपुत्री श्री ५ महारानीतर्फ सन्तान नहुँदा अर्को विवाह गर्ने हो कि ? भनी भाइछोराले बिन्ति गरे । महारानी बडी बुद्धिमती र

सुकुलकी पुत्री हुनाले महाजबाट सल्लाह भयो । अनि महारानीले पाल्पाली राजाकी पुत्री तथा आफ्नै फुपूकी नातिनी कौशल्यावतीदेवीलाई आफ्नै तर्फबाट कन्यार्थी भई माग्ने व्यवस्था भयो । गएका मानिसले तिनै मैयाँलाई ठेगान गरी काम छिनेर आए । त्यसै बीचमा थरघरहरूले पनि आफ्नै मनासिबबाट सल्लाह गरी पर्वते मल्लकी मैयाँ बुद्धिमतीदेवीलाई मागी डोलासमेत झिकाए । सो कुरा बिन्ति गर्दा "डोला ल्याइपुऱ्याएछौ बेश भयो, तर अघि मागेको पाल्पामा हो, त्यसैले उहीं विवाह गरेपछि मात्र गर्नौला" भन्ने हुकुम भयो । पाल्पामा पुगेर विवाह भइसकेपछि "रूपमा त हाम्री मैयाँ सबै मिल्दी छन्, तर नायक्यानी भने यिनै होलिन् । परिमाणमा बडा वीर पुत्र पनि यिनैका हुनेछन्" भनी पाल्पाली राजाले बिदा गरे । त्यसपछि डोला लिई गोरखामा पुगेर शुभमुहूर्तमा डोला प्रवेश गराए । अनि पर्वते मैयाँसंग विवाह भयो । दुइ चार महीनापछि तनहुंका राजाले पनि हाम्री मैयाँ दिन्छौं भनिपठाउँदा डोला ल्याई मैयाँ सुभद्रादेवीलाई विवाह गरे ।

यी राजाले आफ्ना इष्ट देवताको आफैंले बाईसफेरा पुरश्चरण गरे । यी राज्यसुखमा उस्तो आसक्त नभई परमेश्वरको आराधनामा बढी ध्यान दिन्थे । यिनले वर्ष राज्यको भोग गरे । यी राजाकी चन्द्रप्रभावतीसमेत चार पट्टरानी र भित्रिनी एक कालीधाई थिए । केही कालपछि राजकाज सबै कालीधाईका सल्लाहले हुन लाग्यो । उनी निकै बुद्धिमती थिइन् । महाराजलाई यिनले आफ्ना वशमा बहुतै राखेकी थिइन् । महाराज हररोज यिनका साथ लेकमा गएर विहार गरी दिनकटनी गर्दथे । यिनको वचन नपाई राजा कहीं जान सक्तैनथे ।

एक दिन शूरसिंहलाई कपर्दारी पगरी दिनुपऱ्यो भन्ने ठहराएर भित्रिनीले महाराजकहाँ गई कपर्दारीको दर्शन गरी आइज भनी पठाएको हुँ भनी अह्राई पठाउँदा सोबमोजिम बिन्ति गऱ्यो र "लौ, दर्शन गर" भन्ने हुकुम भयो । रुपियाँ राखी दर्शन गरेर फर्कन लाग्दा "ए शूरसिंह सुन, कपर्दारीमा दर्शन त गरिस्, तर अमृतमा विष नमिलाएस् नि" भन्ने हुकुम भयो । मैले अर्थ बुझिन" भनी भित्रीनीसंग भन्दा "अमृत भनेको आफ्नो धन हो, विष भनेको राजाको धन हो" भनी चित्त बुझाइदिइन् ।

यी राजाकी माहिली रानी कौशल्यावती देवी अति सुगीना थिइन् । उस बखतका राजाहरूले आफ्ना रानीका हातको पाक्य खाने रीत थियो । उनी सधैं ज्यूनार तयार गर्थिन् । पूर्वजन्मका संस्कारले श्री गोरखनाथलाई बिहान सधैं भान्सा गराउँथिन् । त्यो थालकचौरा पुछी राजालाई ज्यूनार टक्र्याउँथिन् । यस्तै रीतसंग एक दुई वर्ष बित्यो ।

एक दिन शिकारमा जान बेर हुँदा केही खबरै नगरी राजा भान्सामा पुगे । ढोका खोली हेर्दा भरखरै श्री गोरखनाथले भान्सा गरी गएका हुनाले ती जूठा भांडा पुछ्न नपाउँदैमा देखे । "यो कसलाई खुवाएको हो, लौ भन्" भनी रिसानी हुँदा नभनी सुख भएन । "श्री गोरखनाथ आई भान्सा गर्नुहुन्छ । महाराजलाई थाहा नदिनू भन्नुभएको थियो र हजुरलाई नकहेकी हुँ" भनी माहिली महारानीले बिन्ति गरिन् । "साँचै हो भने त्यसै पुरामा खान्छु" भनी ज्यूनार भयो । "भोलि म बाहिर बसिरहुँला, तैंले हिजो राजाले चाल पाए, उनलाई पनि दर्शन बक्सियोस् भनी बिन्ति गर्नू । लौ भने आउँला, नभने कानले मात्र सुनुला" भन्ने हुकुम दिई राजा गए । भोलिपल्टै "परमेश्वर, मेरो राजालाई पनि दर्शन बक्सियोस्" भनी बिन्ति गर्दा श्री गोरखनाथले "तिम्रो राजालाई मेरो दर्शन प्राप्ति छैन । पूर्वजन्मका संस्कारले मात्र तिम्रा हातबाट पाकेको पाक्य खानु थियो र आजसम्म खाएँ । अब म आउने छैन । पछि तिम्रो छोरा भएपछि उसलाई वरदान दिनेछु" भनी अन्तर्धान भए । राजाले यो सबै वृत्तान्त सुन्दा भित्र गई "मेरा कर्ममा दर्शन गर्नु रहेनछ" भनी त्यसै पुरामा ज्यूनार गरी फर्के ।

केही महीनापछि माहिली महारानी कौशल्यावती देवी र साहिंली महारानी बुद्धिमतीदेवीमा गर्भ रह्यो । एक दिन माहिली महारानीका खोपीमा नरभूपाल शाह सुकला भएको रहेछ । प्रहर रात बाँकी छंदा महारानीले स्वप्नामा आफूले श्री सूर्य निलेको देखी बिउँझिन् । "मैले सपनामा सूर्य निलेको देखें" भनी बिन्ति गर्दा नरभूपाल शाहले केही नबोली पटापट गालामा ठोके । "सपना कहंदा पनि व्यर्थ मलाई कुट्नुभयो" भनी दुःख मानेर रुंदैमा महारानीको रात बित्यो । प्रातः काल भएपछि जागा हुँदा महारानी रोइरहेकी देखें । "निदाएपछि स्वप्न निष्फल हुन्छ भनी तिमीलाई कुटेको हो । अब नरोऊ, दुःख नमान" भनी नरभूपाल शाहले माहिली महारानीलाई बुझाए । गर्भ रहेको सात महीना भएपछि शाके १६४४ अर्धरात्रीमा नायक पैदा भए । उनको नाम

Olin DS 493 .89 10.



पृथ्वीनारायण शाह राखे । दश महीनाको गर्भ भएपछि साहिँली महारानीतर्फ साहेब पैदा भए । उनको नाम वृन्दकेशर शाह राखियो । जन्मको जेठो र गर्भको जेठोमा कुनचाँहि गद्दीनरसिंह हुन्छ भन्ने खलबल उठ्यो । तर वृन्दकेशर चाँडैनै शान्त भएकाले कुरो टुंगियो । माहिँली महारानीतर्फ पृथ्वीनारायण शाह, दलमर्दन शाह, पृथ्वी पति शाह, मैयाँ पद्मकुमारी र विशालवदना पैदा भए । साहिँली महारानीतर्फ वृन्दकेशर शाह, सुरप्रताप शाह, मैयाँ पद्मवदना, इन्दुवदना, सर्वावती र हेमन्तकुमारी पैदा भए । कान्छी महारानी सुभद्रादेवीतर्फ महोद्दामकीर्ति शाह, दलजित शाह, मैयाँ लक्ष्मवती, पद्मनेत्रा र सुरतकुमारी पैदा भए । कान्छी भित्रिनीपट्टि रणरुद्र, भीमरुद्र, केशीमर्दन, रणशूर, जगत्प्रदीप, मैयाँ प्रणसना र विन्दुवासना पैदा भए ।

केही दिनपछि नरभूपाल शाहले गुरु गौरेश्वर पन्तलाई भने "अघि श्री ५ को राम शाहले धेरै तपस्या गरी सिद्धहरूबाट वरदान पाएका थिए । सब थितिबिति पनि बाँध्नासम बाँधे । त्यसपछि हामीसम्मका राजाहरूले केही तपस्या पनि गरेनन्, राजकाज पनि बढाउन सकेनन् । श्री ५ राम शाहका पछि सातौं राजाका पालामा नेपालको भोग होला भनी वरदान भएको थियो । तपस्या गर्न सके हाम्रै पालामा पनि हुन सक्छ कि कसो हो ? "गुरु गौरेश्वर पन्तले "देवताको आराधना गरी प्रसन्न गराउन सके पुढोको काम उँढो पनि हुन्छ । कदाचित् भएन भने जहाँछेउ हुने हो उस बखतलाई सहाय हुनेछ । सके हजुरैलाई होला भएन भने पनि सातौं राजा हुनेलाई कल्याणदायक होला" भनी विन्ति गरे ।

त्यसपछि नरभूपाल शाहले नेपालको भोग होओस् भनी २४ पुरश्चरणको संकल्प गरे । अनि नेपालका पीठमा, पाटनदेवीमा र मनकामनामा ब्राह्मणहरूलाई पठाए । ती मध्ये गुरु गौरेश्वरका जेठा छोरा गोकुलविकास पन्त केही मन्त्र पाएका र अघि नेपालमा पनि पुगेका हुनाले उनले केही दिन श्री गुह्येश्वरी पीठमा र केही दिन श्री दक्षिणकालीमा पुरश्चरण गरे । त्यसपछि बज्रयोगिनीमा गई अनुष्ठान गर्न लागे । केही दिनपछि उनी स्नान गर्न गएका बखतमा बज्रयोगिनीका पूजक मन्त्रशास्त्रमा कुशल एक बाँडाले देखे । "यी पहाडिया ब्राह्मण शास्त्रमा कुशल भएका हुनाले पहाडी राजाको जय मनाउन आएका जस्ता छन्" भन्ने विचार गरी उनले केही टुना गरे । त्यसबाट पन्तको चित्त उदास भयो र मोह भई डेरामा पुग्दा पनि सन्ध्या पूजा आदि गर्ने होश पनि भएन । साथका मानिसले "सन्ध्या पूजा किन नगरेको ?" भनी सोधेपछि त्यो शब्द कानमा पुग्दा चेत फिर्‍यो । उनी पनि मन्त्रशास्त्रमा कुशल हुनाले त्यो टुना फाले । "आज स्नान गर्न जाँदा एउटा बाँडाले मेरा मुखतिर हेरेको थियो, त्यसले त टुना पो गरेछ । त्यसैबाट मलाई मोह भयो । यस नेपालका बाँडा र आचारहरू मन्त्रशास्त्र पढेका हुनाले मारण, मोहन, उच्चाटन, वशीकरण आदि कुत्सित कर्ममा निपुण छन् र नेपाली राजाहरूलाई तिनीहरूले जसो भन्यो उसै गराउँछन् भन्ने सुनेको थिएँ, आज मलाई नै अनुभव भयो । हाम्रा गोरखाका महाराजलाई नेपाल लिनाको मनसुवा छ । नेपाल साध्य भएपछि पनि यस ठाउँका टुनादेखि छुट्कारा लिन कठिनै होला" भनी पन्तले आफ्ना साथका मानिसहरूलाई बताए । त्यसपछि उनी आफ्नो नित्यकर्मतिर लागे । यसतरहले जहाँसम्म अनुष्ठानको अवधि थियो त्यहाँसम्म गर्दै थिए ।

एक दिन रात्रीमा भालमा दध्यक्षत लगाएकी, पूर्णकलश हातमा लिएकी, सर्वलक्षण सम्पन्न एक कन्याले "श्री देवताबाट भएको वरदान अचिन्त्य हुन्छ, जो हुने कुरा अघैरै भइसकेको छ । तिमीहरू किन आग्रह गर्छौ ?" भनी सपनामा भनिन् । जागा भएपछि विचार गर्दा कन्या देखिएको बढिया हो । तर प्रत्यक्ष बात सुनेपछि नरभूपाल शाहका पाला त नेपाल साध्य हुने रहेनछ । नायकबाट मात्र सिद्ध हुने रहेछ भन्ने पन्तले आफ्ना चित्तमा ठहराए । अनि आफूलाई बाँडाले गरेको टुना र स्वप्नाको विस्तार लेखी गोरखामा पठाए । विन्ध्यवासिनी र पाटनमा जानेहरूले पनि आफूले पाएको लक्षण लेखी पठाए । चिठी आएका दुइचार दिनपछि नरभूपाल शाहले रात्रीमा धेरै फल लागेका सुन्तलाका वृक्षमा चढी फल खान कटारो हान्दा बिरियो । अनि स्वप्नबाट जागा भई प्रातःकालमा आफूले देखेको स्वप्ना गुरु, गौरेश्वरलाई विस्तार गरे । "फल भएको वृक्ष देख्नुभएछ बढिया हो" भनी गुरुले भने । नरभूपाल शाहले "मलाई फिक्का होला भनी जस्ताको तस्तो भन्नुभएन त पनि मेरा पालामा नेपालको भोग होला जस्तो लागेन" भने । पन्तले स्वप्नको कुराले ज्यादा फिक्का नमानिबक्सियोस्, उद्योग गरेको असल हो भनी विन्ति गरे । यस्तै तरहले राजकाज चलिरहेकै थियो ।

तिनै ताक तनहुं लमजुङप्रभृत्तिका राजाहरू उठी भारी लस्कर लिएर अघि सरे । देउराली धूवाकोटको

एक मोहडा, लकाङ भीरकोटको एक मोहडा, लिगलिमको एक मोहडा र मऊवाको एक मोहडा जम्मा चार मोहडा गरी वैरीहरूले चढाइं गरेर लुटपिट गर्न लागे। त्यहाँका स्थानीय दुनियाँले आफ्नो ज्यू बचाएर ख्वामितको सोझो हुने गरेर लड्नाका निति आफूसमा सल्लाह गरे। अनि आफ्ना घरमा भएका हातहतियारहरू लिई चार वर्ण छत्तीसै जात तयार भए। उनीहरूले आफ्ना गाउँमै लड्दा वैरीहरू टिक्न सकेनन्। वैरीका बाईसी फौजहरू कुनै काटिए, कुनै भागे, केही नदी तर्दा बगे र केही मात्र पारि पुगे। यस्ता तरहले बाईसी चौबीसीहरूलाई धपाई हामीले सोझै गरेका छौं भनी जनताहरू श्री ५ मा जाहेर नगरी घरैमा बसिरहे। सो खबर नरभूपाल शाहमा जाहेर भयो। मऊबालीहरूलाई बोलाई "ठाडालाई नुहाउनु र निर्धालाइ उठाउनु राजाको कर्तव्य हो। वैरी धपाएबापत सेवासीप गरिबक्स्यो, तर सो समाचार जाहेर गर्नुपर्नेमा नगरेको हुनाले तिमीलाई दंड हुन्छ" भनी शिस्नादंड नाम राखेर ५ रुपियाँदेखि १ रुपियाँसम्म अबल, दोयम, सिम र चाहार-का हिसाबले मानिस र औकात हेरी दंड गरे। उनीहरूले लाचार भई हुकुम शिर चढाएर दंड तिरे।

काजी विराजमान मर्दा उनको खानगी उनकै छोरा रामकृष्ण थापाले पाए। त्यस खानगीमा जयन्त रानाले पनि एक दुइ वर्ष काजी खाएका थिए। थापा र रानाको आलोपालो एक दुइ वर्षको भयो। यसै बीच महेश्वर पन्त र भानु जोसी अर्ज्यालले "यी मगरजाति मुलुक थाम्ने मात्र हुन्। बढाउने मनसुवा नगर्ने हुनाले बुद्धि र बर्गतले भेट्टाउनन् भने जस्ता पनि छैनन्। तसर्थ मुलुक बढाउन जो सक्छ उसलाई कज्याइ बक्से हजुरको मनसुवा पुग्दो हो। आफ्ना भाइछोरा बन्धुवर्ग जो छन् उनीहरूलाई पनि जानअजान बिराम क्षमा गरी यत्रतत्र लागेका सबैलाई झिकाइबक्से आफ्नो गोल बलियो हुँदो हो। कस्तै भए पनि आफ्नो आफ्नै हुन्छ" भनी विन्ति गरे। यस कुराका प्रभावले सबैजसो बन्धुवर्गहरू झिकाइए। अनि महेश्वर पन्तले बेशै विन्ति गरे भनी रामकृष्ण थापाको कज्याइँ महेश्वर पन्तलाई दिए। ग्याङमी जयन्त राना काजी थामिएकै थिए। यत्रतत्र लागेका भाइबन्धुहरूमा जो सामेल भएका थिए तिनीहरू-आउँदा गादीको कुभाउन्दो नगर्नू भनी हुकुम गरे। उनीहरूले नायक बीरभद्रका पुत्र हुनुहुन्छ भन्ने थाहा नपाउँदा गादीमा रहने कोही नदेखिएका हुनाले हामीबाट कैफियत परेको हो। यसमा हजुरबाट प्रतीत मानिबक्सिन्न भने धर्ममा पृथ्वी रहेकी छन्। सत्यधर्म भनेको ठूलो कुरा छ। अघि यिनले यस्तो मनसुवा गरेथे, यिनको के विश्वास भन्ने हजुरया पर्ला। तसर्थ हामी धर्मपत्र गर्छौं" भनी उनीहरूले धर्मपत्र लेखी चढाए।

त्यसपछि सकल थरघर, भारदार र पञ्च राखी लडाईंको उद्योग चल्न लाग्यो। काजी महेश्वर पन्त र काजी जयन्त रानाले लश्कर लिई नवकोट हान्न कटुंजे आइपुग्दा त्यहीं डेरा पऱ्यो। त्यहाँदेखि सामरीसम्म घले भोटेहरूका गोले राजा थिए। गोरखाली आएको थाहा पाई कपट बुद्धि लिएर दिनमा मात्र आउने र रात्रीमा कष्ट दिई उनीहरूले दंगा दिने गरे। त्यस कारण त्यहाँ टिक्न नसकी लश्कर सबै गोरखा फिरे। त्यसपछि फेरि शुभ साइत ठहराई भारी लश्कर लिएर काजी महेश्वर पन्त र जयन्त राना नवकोट हान्न पुगे। कटुंजेदेखि सामरीसम्मका गोले राजाहरूलाई मारे। घले भोटेहरूलाई मिच्दै, आफ्ना कायममा नआउनेहरूलाई मार्दै र मुलुक कायम गर्दै त्रिशूलगंडकीका किनारामा लश्कर पुग्यो। गंडकी तरेर नवकोट चढ्दा त्यहाँ ठूलो लडाईं भयो। नेपालतर्फको ठूलो लश्कर हुँदा बल नपुगी त्यहाँबाट फर्केर त्रिशूलगंगाको साँघु पोली सोही गंगा साँध लगाए। अनि काजी महेश्वर पन्त र जयन्त रानालगाएत सबै लश्कर फिरे।

श्री ५ नरभूपाल शाहका हजुरमा "मगरभाइलाई साथ लिंदा म कहिले पनि यश पाउन्न। हजुरका काममा उस्तो चित्त लाउँदैनन्। हाम्रा ठाउँमा काजी हुन आए भनी रिस मात्र गर्दछन्" भनी काजीहरूले विन्ति गरे। "हामी कुभाउँदो गर्दा रहेछौं, नबसिरहुँला" भनी मगरहरू नेपालतिर तड्के। नरभूपाल शाहलाई स्वप्नमा कुनै कन्या आई "तेरा पालामा नेपालको भोग छैन" भनी जाँदा बडो फिक्का मानेर विक्षिप्त जस्ता भए।

एक दिन ६ वर्षको उमेरमा पृथ्वीनारायण शाह खेल्दै जाँदा संगीहरूसंग छुट्टिए। एक्लै श्री गोरखानाथ बसेका गुफामा पुगे। गुफाबाट निस्केर श्री गोरखनाथले "जा, तेरी मुमासंग दहि मागेर ले" भने। सोही कुरा मुमा महारानीसंग गई भन्दा उनले सानो ठेकीमा असल दहि हाली दिई पठाइन् र "ती योगी होइनन्, देवता हुन्।

एकलै जाऊ र जे भन्छन् सो कुरा मान" भनी उपदेश गरिन् । पृथ्वीनारायण शाह दहि लिई जाँदा श्री गोरखनाथ हातमा सानो पातको खोचो लिई बसिरहेका थिए । श्री गोरखनाथले राजपुत्रलाई बसाली सबै दहि खोचामा हाली आफैंले खाए । लौ हात थाप भनी राजपुत्रलाई भन्दा उनले हात थापे । श्री गोरखनाथले सबै दहि उनको हातमा छादि-दिएर "लौ खा" भन्दा राजपुत्रले खाएनन् । धेरै ढिपी गर्दा पनि नखाई रुन आँटे । अनि श्री गोरखनाथले एक हातले राजपुत्रको शिरमा र अर्को हातले बाहुलीमा समाई "लौ, खा" भन्दा दुवै बाहुली छोडिदिए । दहि सबै पाउमा पऱ्यो । श्री गोरखनाथले "हाँसी खाएको भए जे मुखले बोल्यो सो पुग्ने थियो । खाइनस् पाउमा पऱ्यो, अब तेरा पाउले जुन मुलुकमा कुल्चलास् सो राज्य तेरो होला । तेरा फौजका साथमा म पनि हुनेछु । जुन दिनमा तेरो फौज बढ्दछ त्यस दिनमा पानी पऱ्यो भने मसंगै छु भनी जानेस्" भनी धाप मारेर श्री गोरखानाथ गुफाभित्र पसे । राजपुत्रले पनि रित्तो ठेकी लिएर मुमाकहाँ गई सब विस्तार कहे । पुत्रले दहि खाएन भनी महारानीले बहुतै फिक्री मानिन् ।

तिनै ताक जुम्लाका राजा आफ्ना पुत्रसमेत श्री पशुपतिनाथको दर्शन गर्न आउँदा गोरखामा वास बसे । उनका शरीरमा त्यहाँको हावा लाग्दा स्वभाव केही बदलियो । जल मगाई पिउँदा चित्तमा हिक्मत झन् बढ्दै गयो । "एक क्षण गोरखाको हावा लाग्दा र एकपल्ट जल पिउँदा तै मेरो यस्तो मनसुवा बढयो भने सदा सर्वदा यहीं बस्नेको कस्तो मनसुवा हुँदो हो" भन्ने संझँदै दरबारमा पुगेपछि गुरु गोरखनाथको दर्शन गरे । तखत खाली गर्नु छैन भनी आफ्ना पुत्रलाई जुम्ला पठाए, आफूचाहिं श्री ५ नरभूपाल शाहलाई भेट्न गए । कुशलवार्ता सकिएपछि "तपाईंको ढुंगालाई श्री गोरखनाथको बडो मेहरबानी रहेछ । श्री गोरखनाथलाई जहाँसम्म मान्नुहोला वहाँसम्म प्रताप बढ्दै जाला भने जस्तो लाग्छ" भन्ने कुरा गरी जुम्ली राजा श्री पशुपतिनाथको दर्शन गर्न गए । एक दिन आएका राजाको ता यस्तो हिक्मत बढ्यो भने हाम्रो त यहींको जन्म भएर यहींको अन्नपानी खाई यो उमेर भयो भने हामीले मनसुवा गर्न छोड्ने होइन । पूर्वतर्फ मनसुवा नपुगे तापनि पश्चिमतर्फ मनसुवा गरे कस्तो हुँदो रहेछ भनी नरभूपाल शाहले विचार गरे ।

एक दिन नरभूपाल शाहले तनहुँका राजालाई मनीघाटमा भेट गर्न चिठी लेखी पठाए । उनले जुन दिन भेट गर्ने भनी प्रत्युत्तर लेखेका थिए त्यस दिन श्री ५ नरभूपाल शाह केही मानिस साथमा लिई धूलपुर पुगे । तनहुँबाट कोही पनि नआउँदा श्री ५ रिसाए । अघि सल्लाह दिई आज नआउने भएपछि यिनले हामीलाई नटेरेको हो भनी आफ्ना भारदारहरूलाई "लौ हिंड, आजै गई तिनको रजाइं उठाऊँ" भने । "आज वेला पनि सकियो, हामीहरू भोलि आफ्ना हातहतियार लिई गएर तनहुँ मारौंला" भनी सब भारदारहरूले विन्ति गरे । "अहिल्यै जानुपर्छ, लौ डोले मलाई बोक" भन्ने हुकुम हुँदा डोलीलाई नबोक भन्ने इशारा दिए । डोले नचल्दा डोलेलाई श्री ५ ले तलवारले घोची घाउ गराइदिए । यसरी रिसाई बाहुलीमा तरवार लिएको देख्दा सदाशिव उपाध्याय कडरियालाई अघि सारी विन्ति गर्न लगाए । "आज रात्री पनि भइसक्यो, हजुरबाट बक्सेको शीतलपाटी नजीकैमा छ, आज त्यहीं राज गर्नुभए हाम्रा सकल परिवारको उद्धार होला" भनी कंडेल पण्डितले विन्ति गरे । "तिम्रो घर कहाँनेर पर्छ" भनी उनका घरमा वास बसेर भोलिपल्ट गोरखा फिरे ।

त्यसपछि आफ्ना गुरु गौरेश्वर पन्तसित मेरा पालामा मुलुक बढाउन् त यत्तिकै भयो, पुरश्चरण पनि आजतक जो भयो भयो, अब थाम्नुहोओस्" भन्ने हुकुम हुँदा पुरश्चरण थामियो ।

श्री ५ राजकुमार पृथ्वीनारायण शाहको उपनय-नका बखतमा भारदारहरूले श्री ५ जेठी महारानीलाई "श्री ५ महाराजका पालामा उपनयन हुँदा गुरुको खडबड परेछ । महाराजलाई पनि यस्तो भयो। मिश्र गुरुज्यूलाई त गुरुबाट छुटाउनु मुनासिब होइन । यिनीहरूका पुर्खा नन्दा मिश्र र जिज्यू महाराज राम शाहको अघि धर्म भई गुरु तुल्याएको हो" भनी विन्ति गरे । "गुरु गौरेश्वरलाई कसरी बुझाउँछौ ?" भनी जेठी महारानीबाट हुकुम भयो । "हामी बुझाउँला" भनी भानु जोसी अर्ज्यालले विन्ति गरे । अनि नायक श्री ५ पृथ्वीनारायण शाहलाई शिकारका छलले मैदीका अम्बलमा देवीका स्थानमा सवारी चलाए । उपनयन हुँदा गुरु श्री हर्ष मिश्रलाई काशीबाट झिकाई उनैबाट राजकुमारलाई गायत्री र दीक्षा एकान्त सुनाए । यो कुरा गुरु गौरेश्वर पण्डितले थाहा पाउँदा श्री ५ नर-भूपाल शाहका हजुरमा उजूर गरे" हजुरको [illegible] गादीको खलवल पर्दा सब सरहबाट जय हुने काम गऱ्यो भनी मदेखि खुशी भएर हजुरका मुमाबाट गुरु भयौ भनी गुरुपदवी बक्सिएको थियो । आज हाम्रा ज्यू ज्यूसम्मको

मात्र नाता ठहर्‍यो । मेरा पनि छोरा छँदैथिए । गायत्री र दीक्षामा एक थोक मात्र बक्सिएको भए पनि हामी रहने थियौं । अब दुवै थोकबाट मेटिएपछि सरकारका मुलुकमा बसाईं भएन" भनी विन्ति गरे । "दुवै थोक सुनाए कि बाँकी छ ?" भनी श्री ५ ले बुझ्न पठाए । दुवै थोक सुनाएको खबर आउँदा "अब कसरी बुझाउँछौ, लौ बुझाऊ" भन्ने हुकुम भयो । अनि भानु जोसीले श्री ५ जेठी महारानीकहाँ गुरु पण्डितलाई लगे । "श्री नायकका भाइहरू छँदैछन् । उनीहरूको र उनीहरूकी रानी तथा श्री नायककी रानीहरूको समेत गुरु होउला" भनी बहुतै मुश्किलले श्री ५ महारानीबाट थाम्ने काम भयो ।

अब श्री नायकको विवाह गर्ने बखत भयो । कन्याको सर्वत्र जाँच गर्दा मकवानपुरका राजा हेमकर्ण सेनकी रत्याली बढिया ठहरिइन् । कलियो पारी कन्याको बन्दोबस्त भयो । सरजाम तसार गरी शुभमुहूर्तमा भारी लश्कर लिई कन्याभवनमा पुगे । उहाँ पनि विवाहमा जस्तो ठाँट गर्नुपर्थ्यो उस्तै तयार भयो । यी पहाडका राजा हुन् विशेष तमाशा देखाउनुपर्छ भनी बहुत रंगीचंगी पारेका थिए । कन्यादानका बखतमा चन्द्रहार पहिराई कन्यादान हुँदा त्यसका ज्योतिले प्रकाश बढेको थियो । विवाहको काम खतम भएपछि बिदा गर्ने बखतमा "मैयाँ बालकै छन्, तसर्थ अहिले पठाउने कि समर्थ भएपछि पठाउने ?" भन्ने महाराज र महारानीको सल्लाह भयो । महारानीले महाराजसंग "गोरखाका राजा साना भनी तिरस्कार गरेको होइन, तर गोरखाकी रानी चन्द्रप्रभा म जस्तो जान्ने कोही छैनन् भन्छिन् । त्यस्तो टोकसामा अहिले कसरी पठाउनु ? जहिले हाम्री मैयाँ चन्द्रप्रभासंग लड्न भिड्न सक्ने समर्थ हुनिन् उहिले पठाउँला" भनी विन्ति गरिन् । त्यो कुरा चरद्वारा श्री पृथ्वीनारायण शाहकहाँ पुग्यो । "हामीलाई सानो राजा ठहराई सधिनीलाई बहुतै तुच्छ वचन भनेपछि हामीले पनि दंगा गर्न्यौं हो" भनी पृथ्वीनारायण शाहले आफूसंग गएका भारदारहरूमा जो प्रीतिपात्र थिए उनीहरूसित सल्लाह गरे । यस सभामा डोला नलैजाने निर्णय भयो । "यहाँ एकदन्ते हात्ती छ । त्यसका पाउमा मंगलचौथीका दिन दीपको ज्योति बलेको कसैकसैले देख्दछन् भनी भन्दा रहेछन् । त्यस्तो तागीफ नवाफले सुनी मागिपठाउँदा उमलाई एकदन्ते यही हो भनी कृत्रिम एकदन्ते पठाइदिएछन् । यिनका दरबारमा त्यो हात्ती र चन्द्रहार असल चीज छन् । ती दुई चीज दाइजामा दिनुहोस् भनी हामीले कर लगाउँदा उनले दिनेछैनन् । अनि त्यहीं निहुँले तड्की जाउँला" भनी पृथ्वीनारायण शाहबाट हुकुम भयो ।

उता हेमकर्ण सेनले श्री नायकलाई कचहरीमा लगी छलफल गरे "मैयाँ अहिले सानी छन्, एक दुई वर्षपछि डोला अन्भाइदिउँला" भन्ने हुकुम गरे । भानु जोशी अर्जेलले "कन्यादान गरी परअंग तुल्याएपछि थाम्नु उचित छैन" भनी विन्ति गरे । "अहिले पठाउँदिन" भनी सेन रिसाए । फेरि अर्जेलले "जुवाइं हिड्न लाग्नुभयो, तसर्थ डोला र दाइजामा चन्द्रहार र एकदन्ते हात्ती पनि बक्सियोस्" भनी विन्ति गरे । यसबाट सेन महाराज झन् रिसाए । उनी रिसाएको देखी पृथ्वीनारायण शाह डेरातिर फर्के । भोलिपल्ट एकाबिहानै गोरखातिर लागे । मकवानी राजाले काजी कनकसिंह बानियाँलाई पठाएका थिए । उनले अनेक तवरले बुझाउँदा पनि बुझाउन सकेनन् र त्यसै फर्के । त्यसपछि "अबदेखि मकवानीलगायत बाईसी चौबीसीका छोरी विवाह गर्नेछैन" भनी भारदाहरूसंग बातचित गर्दै पृथ्वीनारायण शाह गोरखा पुगे । उहाँ जेठी मुमासंग संपूर्ण विस्तार गरे । "फेरि विवाह नगरी भएन" भनी जेठी मुमाले खर्चबर्च दिई मानु जोसीलाई खटाइन् ।

यता गुरु गौरेश्वर पणिडत वृद्ध भएकोले काशी जाने तरखरमा लागे ।" छोराहरूको अंश भइसकेपछि जन्मेका छोराको अंश छैन" भनी विन्ति गरे । महाराजबाट उनका छोरा रमाराम पणिडतलाई नौबीस माटो बिर्ता र गुरु गौरेश्वर पणिडतलाई खर्चबर्चका साथै वर्षाशन बाँधी बिदा दिइयो । भानु जोसी अर्जेलले पनि काशीमा पुगी जयमंगल पण्डितसंग भेट गरी उनद्वारा अहिमानसिंह रजपूतकी छोरीको बन्दोबस्त गरी डोला लिएर आए । डोलाको बन्दोबस्त गर्दा महारानीको गुरु तुल्याउँला भनी जयमंगल पण्डितलाई भानु अर्जेलले भनेका थिए । अघि आफूले अगस्तिजी सिद्धको सेवा गर्दा उनको शापानुग्रहसामर्थ्य थाहा पाएका हुनाले जयमंगल पण्डित पनि यो सबै विस्तार गरी भित्र पसूँला भनी डोलाका साथमा आए । गोरखा आइपुगेपछि भानु जोसी अर्जेलले भएको बेहोरा सबै विस्तार गरी डोला बन्दोबस्त गर्दा पण्डित जयमंगललाई महारानीको गुरु तुल्याउँला भनी कबूल गरेको छु भन्ने विन्ति गरे । डाक भन्ने हुकुम भई बोलाई ल्याउँदा "भानु जोसीले कबूल गरेछन्, हुन्छ महारानीको गुरु होउला" भन्ने हुकुम भयो । उनले नरिवल राखी दर्शन गरे ।

गुरु गौरेश्वरका छोरा राजीवलोचन, जगन्निवास, जगेश्वर, चन्द्रचूड र रमाराम पण्डितहरूले थाहा पाई श्री

Olin
DS
493
789
no. 2



नायकका हजुरमा आएर "बडाको मुखारविन्दबाट जवान बेह्लाउँदै बेह्लराउँदैन, बेराएपछि अर्को थोक हुँदैन । अघि हजुरबाट मेरा रानीको र भाइहरूको गुरु होउला भन्ने हुकुम भएथ्यो, आज महारानीको गुरु जयमंगललाई खतम भयो भनेको सुनी कसो हो भनी आएको हुँ" भनी विन्ति गरे । "मेरा दुइ रानी छन् । जेठी महारानीको र भाइहरूको पनि गुरु होउला । अहिले आएको डोला त यिनैलाई दिएँ । राजा भएपछि सबै मानिसलाई राख्नुपर्छ । मैले काम पनि धेरै गर्नुपर्नेछ । तसर्थ नरिसाओ" भनी बुझाउँदा उनीहरू चूप लागेर बसे ।

"सिद्ध अगस्तिजी काशीमा छन् । उनले प्रसन्न भई आशीर्वाद दिए भने जस्तो दिए उस्तो हुन्छ" भनी जयमंगल पण्डितले विस्तार गने । अनि श्री नायकको विश्वेश्वरको दर्शन गर्ने दृढचित्त भयो । शुभ मुहूर्तमा धूमधामसित विवाह भयो । आफ्ना ससुरा अहिमानसिंहलाई "हाम्रा भाइहरूको विवाहलाई पनि तपाईंके भाइ नातादारहरूका कन्या ठेगाना गरी दिनुपर्ला" भन्ने हुकुम भयो । "म ठेगाना गरुँला" भनी अहिमानसिंह मध्येसतर्फ गए ।

केही दिनपछि श्री ५ नरभूपाल शाहलाई विक्षिप्तावस्था बढ्दै गयो । अनि भानु जोसीले विन्ति गरे "राजा भएपछि मनसुवा कत्ति कम नगर्नू । आफ्नो मनसुवा नपुग्दा मन घटबढ हुन्छ । अघि हजुरको पुरा खाँदा कुष्ठरोग पनि निको हुन्थ्यो । शिरमा लगाएको पुष्प मानिसलाई लगाइदिँदा शिरशूल पनि निको हुन्थ्यो । आफ्ना पालामा नेपालका भोगको मनसुवा नपुग्दा आज यो डबल भयो" भनी विन्ति गरे । यस्ता तरहसंग राजकाज गर्दै जाँदा श्री ५ महाराज केटाकेटीहरूलाई लिई साह्रै विक्षिप्त भई वनमा डुल्न लागे । ज्यूनार पनि कान्छा पृथ्वीपति शाहबाट चलाए मात्रै हुन्थ्यो । यस्तो भएपछि राजकाज कसरी चल्ला भनी भाइछोराहरू आफूसमा कुरा गर्न लागे । भाइछोराहरूमा पनि जहाँगीर शाह, दल शाह, शान्तस्वरूप शाह र भूपतीन्द्र शाह श्री ५ नरभूपाल शाहपट्टि लागि उहाँलाई नै राजकाज थाम्नुपर्छ भन्ने, भाइमा एकदुइ जना र थरघरमा दुइचार जना श्री नायकलाई गादीमा राख्नालाई तत्पर हुने तथा पाँडे, मैदानी पन्त मध्यस्थमा रहने गरी यस्तो खलबल मच्चियो । श्री ५ जेठी महारानीबाट श्री ५ लाई ल्याउने पाठ गर भनी भानु जोसीलाई हुकुम भय । उनले श्री ५ को प्यारो केटालाई डाकी श्री ५ जेठी महारानीका हजुरमा पुऱ्याएर उहाँबाट हप्काई वरपर हुकुम हुँदा केटाले जहाँगी र शाह अरू नै काममा अलमलिएका बखतमा युक्तिसंग विन्ति गरी नरभूपाल शाहलाई दरबारमा ल्याया । त्यसपछि उहाँकै हितका लागि हामीले गरेका ह्रौं । उहाँलाई त्यस्तै निको लाग्यो हामी अघेला ठहरिएका हुनाले नबसिरहुँला भनी जहाँगीर शाहले गोरखा छाडी अन्यत्र गए । अनि चौतरियाबाट हुने काम पनि जेठी महारानीबाट हुँदा उनी चौतारा महारानी कहलाइन् ।

मितेरी लगाए ग्रहगति काटिन्छ भन्ने विचार गरी जेठी महारानीले जान्ने थरघरलाई भादगाउँ पठाई त्यहाँका राजा रणजित् मल्लसंग मितेरीको सम्बन्ध मिलाइन् । श्री नायकले जेठी महारानीकहाँ गई विन्ति गरे "गादीका मालिक महाराज बुबा छँदै मपट्टि लाग्ने यी उपद्रयाहा हुन् । बुबा छँदै मलाई गादीमा राख्न खोज्नेले म छँदै मेरा छोरालाई पनि गादीमा राख्नन् । तसर्थ बिगार गर्नेलाई सजाय र सोझो गर्नेलाई श्यावासी दिनैपर्छ । जहांगीर शाहप्रभृतिलाई झिकाइयोस् । मपट्टि लाग्नेलाई सजाय होओस्"' । महारानीले" जो तिमीले भन्यौ सो यथा योग्य नै भन्यौ । हडबड गर्न हुँदैन" भन्ने हुकुम भयो । चौतरिया महारानीले कामकाज गर्दा हालीमुहाली केशव द्वारे थियो । उसको विन्ति महारानीलाई बहुत मन पर्थ्यो ।

एक दिन श्री नायक धर्मनदीमा पौंडी खेल्न जाँदा केशव द्वारेका ऊखुबारीमा पसी ऊखु ज्यूनार भयो । डिहियारेले समाचार लाँदा केशव द्वारेले चौतारा महारानीलाई विन्ति चढायो । "प्रजा भनेका आफ्ना लालाबाला हुन् । यिनका डिहीमा किन हातपात गऱ्यौ ?" भनी महारानी रिसानी भयो । "हामीले दश आठ ऊखु खाएको, त्यति सानो कुरामा पनि विन्ति गर्ने छुस्कर रहेछ" भन्ने विचार गरी संपूर्ण बातदेखि अघि पनि रिसानी भएको थियो, अब झन् रिसानी भयो र यसलाई राखिदन भनी केशव द्वारेलाई बिगारे । अनि श्री नायकले चौतारा महारानीसंग विन्ति गरी थरथोक ग्याङ्दी रानाबाहेक जहांगीर शाहहरूलाई झिकाए । आफूपट्टि लाग्ने भाइहरूलाई मान केही नदिई खान मात्र दिएर राखे । महेश्वर पन्त विदेश थिए । श्री ५ नरभूपाल शाहलाई व्यथाले दबाउँदा बङ्कोट घाटमा चलाई दानपुण्य सकिएपछि परमधाम भए । कान्छी महारानी

सहगमन भइन् । एक केटाले पनि स्त्रीका स्वामी र सेवकका ख्वामित प्राणका मालिक हुन् भनी देहत्याग गऱ्यो । अनि संपूर्ण क्रियाकाम समाप्त भयो ।

## पृथ्वीनारायण शाह

शुभ दिनको शुभ मुहूर्तमा गणेशादि पूजनपूर्वक टीका स्वीकार गरी श्री ५ पृथ्वीनारायण शाह गादीमा बसे । कुनै दिन पृथ्वीनारायण शाह बिरामी हुंदा धेरै औषधी उपचार हुँदा पनि आराम भएन र कुलानन्द जोसी ढकालले जन्मपत्रिका हेर्दा ठूलो अरिष्ट ठहराए । 'हात्ती दान गरे अरिष्ट दूर हुन्छ । जीउ त केही हुँदैन" भनी विन्ति गरे । मकवानपुरबाट डोला दिन आउनुहोस भनी सौगात चढाई पठाएको अलिभदन्त नाम गरेको हात्ती दान गरी पाठ, पूजा, शान्ति, स्वस्त्ययन, ब्राह्मणभोजन आदि गर्दा त्यस दिनदेखि आराम हुँदै आयो । कालु पाण्डेकी महतारीले पनि श्री गुरु गोरखनाथको भक्तिभावनापूर्वक पूजा गरी जंगम, फकीर, फकाराहरूलाई भोजन गराइन् । एक दिन पनेरामा स्नान गरी घर फर्कंदा कनफट्टा बाबाजीले विभूति लगाइदिई "तेरो छोरा बडो जान्ने ठूलो मान्छे होला । शाहीको रजाइँ, काजीको कजाइँ भन्ने पनि तेरै छोराका पालामा चल्ला" भन्ने आशीर्वाद दिंदा दराडवत् गरिछन् । घरतिर आउँदा यिनलाई केही सन्मान गर्नुपऱ्यो भन्ने ठानी फर्की हेर्दा देखिनछन् । यी मानिस हुन् भन्ने ठानेको त श्री गुरु गोरखनाथ पो रहेछन् भन्ने संझिन् । अनि घरमा आई आशीर्वाद दिएको कुरा आफ्ना मुखियासित गरिन् । तैंले दर्शन पाइछस्, तर चिह्न सकिनछस् । चिह्नी सन्मान गर्वेको भए हामीलाई चाँडो फल मिल्ने थियो । छोरालाई वर दिई गएछन् बेश्रै हो" भनी मुखिया र मुखिनीले चित्त बुझाई बसे ।

एक दिन श्री ५ ले आफ्ना भारदारहरू जम्मा गरी "सत्कर्म अघि गर्ने हो कि संग्राम अघि गर्ने हो ?" भनी सोधे । भाइछोरा थरघर सबले एकवाक्य गरी "सत्कर्म भनेको धर्म हो । धर्म गर्नाले ईश्वरमा भक्ति वृद्धि हुँदै गई अत्युत्कृष्ट भावना उत्पन्न हुँदै जान्छ । तसर्थ सत्कर्म गरी संग्राम गर्ने हो" भनी विन्ति गरे । श्री ५ पनि "जुन कचहरीमा सल्लाह गर्दा छिनैमा सबैको एकवाक्य भयो भने त्यो पनि कार्यसिद्धिको लक्षण हो" भनी अतिहर्ष भए । त्यसपछि आफ्ना भाइ महोद्दामकीर्ति शाह, दलमर्दन शाह, सूरप्रताप शाह र बलजित् शाहलाई ठकुरीको जात मानले वश हुने हुनाले सन्मानपूर्वक राखे । तिनीहरू शूरा छन्, कुन हिसाबले मेरा काममा तत्पर हुनन् भनी आफूभन्दा तल र अरूभन्दा उपर गरी राखे । कालु पाण्डेले पनि बालकैदेखि बुद्धि चातुर्य सब बातले श्री ५ लाई दिनप्रतिदिन खुशी गराउँदै आएका थिए । एक दिन सुलतान शाह आदि भारदारहरू बसी श्री ५ को गुणगानका प्रसंगमा "राजकाज गर्दा पञ्चपाण्डव जस्तो भाइलाई प्रेमपूर्वक वशमा ल्याई आफ्नो आड बलियो गराउनुपर्छ । त्यसपछि दुनियाँहरूमा पनि उनका भाइछोरा आड हुन गई राजा प्रजा सब बलवान् हुन्छन् । तदर्थ श्री ५ बाट पनि युधिष्ठिर महाराजले जस्तो भाइलाई प्रेमरसले वशमा राखी राज गर्नुभयो" भनी वर्णन गरे ।

एक दिन श्री ५ ले भाइ, छोरा, थरघर सबैलाई डाकी बाईसी, चौबीसी, नेपाल यी सबका मनमा श्री ५ राम शाहलगायत हाम्रा पुर्खाले बखत बखतमा कसैलाई सहायता पनि दिएका र पुरुषार्थ पनि धेरै देखाएका हुनाले मुखले केही नमाने ऊँ गरे पनि पेटमा त्रास परिरहेकै छ र हामी सबैका अर्वेला छौं । यिनीहरूसंग घा बन्दोबस्त नगरे पृष्ठरक्षाबेगर नेपाल जानालाई परिपाठै पर्नेछैन । तदर्थ बाईसी चौबीसीसंग घा बन्दोबस्त गर्ने को सक्ला ?" भन्ने हुकुम भयो । कालु पाँडेले विन्ति गरे "काजमा कजाइँ गर्न जान्नेलाई काजी तुल्याए सबै राजाहरूसंगको घा बन्दोबस्त होला । मेहेरमानगीले मात्रै र पियारोले मात्रै काजी तुल्याउन हुंदैन ।" कालु पाँडेको विन्ति मंजूर गरी श्री ५ ले "को को कुन कुन ठाउँमा गई घा बन्दोबस्त गर्न सक्छौ ? भन । अनि उसै उसैले उनै उनै राजासंग गई घा बन्दोबस्त गर "भन्ने हुकुम भयो । भानु जोसी अर्जेल र हरिहर पन्त नेपालमा घा गर्न जान्छौं भनी भादगाउँतिर लागे । काठमाडौंमा हरिहर पन्त र भादगाउँमा भानु जोसी अर्जेल पुगे । कास्कीमा गंगाधर पन्त गए । बाईसी चौबीसीमा कालु पाण्डेले चिठी लेखी भाइभतिजा पठाए । कहीं भने आफैं गई घा बन्दोबस्त गरे । बाईसी चौबीसी र पाल्पा मकवानपुर यी सबै कालु पाण्डेका घा बन्दोबस्तमा मंजूर भए । "कालु पाण्डेले लेखेको कुरा देखी हामी खुशी भयौं । उनी खूब बुद्धिमान् रहेछन् र उनले गरेको घा बन्दोबस्त हामी मान्दछौं । कालु पाण्डे जो गर्नन् सो सहि" भन्ने यस्ता तरहका खलतारपत्रहरू सबै राजाहरूबाट आए । त्यसपछि श्री ५ ले कालु पाण्डेलाई काम गर्न सक्ने रहेछन् भनी स्याबासी दिए ।

lin
)S
93
89
).2



कुनै दिन मकवानपुरबाट डोला लिन समाचार आएको हुँदा डोला लिनालाई श्री ५ हरिहरपुर गए। उहाँ पुगेका केही दिनपछि दिग्बन्धन सेन साहेबले र काजी कनकसिंह बानियाँले हाम्रा मैयाँसाहेबतिर साहेबज्यू पैदा नहुन्जेलसम्म डोला पनि दिनु छैन, राजालाई पनि छाड्नु छैन भनी त्यहाँका राजासंग विन्ति गरे। त्यो समाचार पृथ्वीनारायण शाहले सुने। राजा हेमकर्ण सेनले वागमती खुंडाघाटमा माघेसंक्रान्ति पर्वमा स्नान गर्दा दान गर्नालाई कपिला गाई लिन पठाएका थिए। गाई ल्याउने मानिसले श्री ५ गोरखामहाराजलाई देख्दा जुत्ता नफुकाली सलाम गऱ्यो र आफ्ना मानिसलाई लौ त्यसलाई काट भन्ने इशारा दिई कटाए। त्यो खबर काजी कनकसिंह बानियाँले सुने। यी मगरातका राजा यहाँ आई बीचबीचमा मानिस काटी हिंड्छन् भने यिनलाई नकाटी हुँदैन भनी साहेब दिग्बन्धन सेनलाई हात लिए। गुरुज्यूडाँडामा डेरा गरी बसेका उनलाई हान्न मानिस पठाउनाका निम्ति त्यहाँका राजासंग विन्ति गरे। "मेरा जुवाइं एउटा मात्र छन्। पाउ धोइहाले। जुवाइँको हत्या कसरी गर्नु ? रिस नलिई माफ गर" भनी राजाले भने। "बोको पनि पहिले गोडा धोएरै काटिन्छ। बिराना मुलुकमा आई तरवार चलाउनेलाई नकाटी छाड्दैनौं" भनी उनीहरूले भने। अनि राजाले आफ्नो पगरी झिकी ती दुइ जनाका पाउमा राखिदिँदै भने "जस्तोसुकै बिराम भए पनि यो जुवाईं मलाई देऊ र रिस माफ गर"। "हजुरका हुकुमले माफ गरिदियौं" भनी उनीहरूले हान्न पठाउन लागेको लश्कर फर्काए। यो खबर पृथ्वीनारायण शाहले सुन्दा "यी दुइ जनालाई नकाटी छोड्दिन" भनी हान्नालाई मानिस खटाए। त्यसै बखतमा मन्त्रिवर्गले हात जोडी विन्ति गरे "महाराज, अर्काका राज्यमा आई धूमधाम गर्नु उचित छैन। आफ्नो बल थोरै छ। आफूले आँटेको काम सिद्धिएन भने आफूले मर्नुपर्छ। हजुरको मनसुवा भने नेपालमा गाडिएको छ। साना कुरामा आफ्नो जीउसम्म हुने कुरो कदाचित् गर्नु छैन"। अनि श्री ५ दाह्रा किटी चूप लागे। "उसो भए म आएको वर्षदिन भयो। अझ डोला पनि दिँदैनन्, विदा पनि दिँदैनन्। यही बस मात्र भन्छन्। तसर्थ कनकसिंहलाई चाँडो डोला देऊ भन" भन्ने हुकुम भयो। त्यसअनुसार भन्दा अहिले दिँदैनौं भन्ने जवाफ दिए। उसोभए एकदन्ते हात्ती र हीराको हार देऊ भन्ने खबर पठाए। त्यसको जवाफै नपर्खी फर्केर पृथ्वीनारायण शाह चन्दागिरिको बाटो गरी नेपाल हेरेर मनले साध्यासाध्य विचार गर्दै गोरखा पुगे।

अघि पनि नेपालको के बेहोरा र के चलन रहेछ भनी बुझ्नालाई नेपालमा आएर भक्तपुरमा दुइतीन वर्ष बसेका थिए। त्यहाँका राजा रणजित् मल्लका छोरा वीरनरसिंहसंग मित्रता भयो। भक्तपुरका जान्ने ब्राह्मणसंग गई मन्त्रशास्त्र खोजे "अघि सूर्यवंशी राजा भास्कर वर्माले पुरश्चरण सिद्ध गरी त्यसै मन्त्रसिद्धिका बलले दक्षिण समुद्रान्त पृथिवी जितेर समुद्रका तीरमा मातृका स्थापना गरी धेरै धनद्रव्य ल्याएर श्री पशुपतिनाथका भण्डारमा राख्दा सुवर्णपुरी बोलाइएको थियो। त्यस्तो मन्त्र मलाई याद छ" भनी एक ब्राह्मणले मन्त्र सुनाइदिए। त्जही मन्त्रद्वारा भैरवनाथमा गई पुरश्चरण गरे। अनि तलेजुको मन्त्र जप गरे। दुवै ठाउँबाट केही परिचय पनि पाए। दशैंमा कुमारीबाट राजाले पाउने गरेको नीलकमलको फूल पाएका थिए। हरिसिंहदेव नेपालमा आई भक्तपुरमा तलेजु स्थापना गरेपछि मेरा सन्तानमा राज्यभोग कति रहला ? भनी ती राजाले सोध्दा तिम्रा २७ पुस्तासम्म राज्य रहला र २८ पुस्तामा राज्य छुट्ला। त्यसपछि पश्चिमतर्फबाट कुनै राजा आई नेपालको राज्य भोग गर्ला भन्ने भवानीको वाणी भएको कुरा तामापत्रमा अक्षर काटी तुलजा भवानीका स्थानमा टाँसिएको थियो। काठमाडौंका राजा गजपति महीन्द्र मल्ल परलोक भई उनका रानीहरू सहगमन गर्दा बलेका चिताका ज्वालाबाट जेठी रानी उठी "अब यस नेपालमा पश्चिम दिशाको चन्द्रवंशी राजा आई भोग गर्नेछन्। हाम्रा राजालाई पंक्षीहरू बन्धन गरेका पापले दुःख पाएका छन्। उनका निमित्त केही धर्मकीर्ति जलाशय, देवालय, पाटीहरू बनाई ब्राह्मण भोजन गराइदेऊ" भनी सती फेरि चितामा जलेकी थिइन्। इत्यादि पूर्ववृत्तान्तबाट विचार गर्दा पनि नेपाल अवश्य मेरो हुन्छ भन्ने विश्वास गरेका थिए। अघिले गोरखादरबार भित्रिएपछि मुमासंग गई "मेरा मनमा बस्दा उठ्दा खाँदा सुत्दा पूजा गर्दा जुनसुकै बखत जुनसुकै काम गर्दा पनि नेपालको बहुत इच्छा हुन्छ, कसो गरूँ" भनी विन्ति गरे। "हुन्छ, मन्त्रिवर्गसंग सल्लाह गरी उद्योग गर" भन्ने मुमाबाट हुकुम भयो र काजी भारदारहरू सबलाई चित्त बुझाई आफ्ना अधीनमा राखेर नेपालविजयतिरको उद्योग गर्न लागे।

यो खबर नेपालका राजा जयप्रकाश मल्लकहाँ

पुग्यो। उनले रिसाएर "त्यस राजाले हाम्रो मुलुकमा हात हालेका घडीमा त्यसको राज्य एकै क्षणमा उडाइदिउँला" भने। यो समाचार गोरखामा पुग्दा "त्यस राजाका शिरमा पाँचोटा सुपारी फोर्न सकिन भने म नरभूपाल शाहको छोरा नै होइन" भनी प्रतिज्ञा गरे। सो प्रतिज्ञा पूरा गर्नालाई उद्योगमा धुरन्धर लागिरहे। अनि विराज थापालाई मुख्तियारी दिई सबै मगरफौजका साथमा नवकोट हान्न पठाए। खटिएका सबै फौज आई खिन्नचेतमा मुकाम गरी बसे। ती फौजले त्रिशूली तर्न नसकेका हुनाले यिनका हातबाट भएन भनी मगर फौजलाई फिर्ता बोलाए। महेश्वर पन्तको मुख्तियारीमा दोस्रो दल नवकोट हान्न खटियो। महेश्वर पन्त, बलि पन्तप्रभृति सबै लश्करले त्रिशूली गंगा तरी नवकोटमा ठाना हाले।

अकस्मात् चारधाम र नीलकराठको दर्शन गरी फर्केका अगस्तिजीसित मोहडामा गएका भारदारहरूको भेट भयो। उनले "यो लश्कर किन आएको हो ?" भनी सोधे। "श्री ५ पृथ्वीनारायण शाहको लश्कर हो। नवकोट मारी नेपाल हान्न आएको हो" भनी जवाफ दिए। "धैबुङ मलाई सदाबर्त गर्न दिने भए लेखी पठाउनू, नेपाल अम्बल हुने युक्ति म गरूँला" भनी उनले भने। महेश्वर पन्तले त्यस कुराको अर्जी गोरखामा पठाउँदा महाराजबाट "अहिले म पुरश्चरणमा छु, अलि दिन थाम" भन्ने लिखत आयो। अहिले म बस्न सक्तिन, काशी नै जान्छु भनी सिद्ध काशी तर्फ गए। अनि नेपाल तीनै शहरका राजाहरू मिली ठलो लडाईं गरेर गोरखाको लश्कर धपाए। उनीहरू त्रिशूली गंगाको साँघु पोली भाग्दै गोरखा पुगेर सिद्धले भनेको सबै विस्तार बिन्ति गरे। "हामीलाई छोडी पन्तलाई पठाएथ्यौ, तिम्रा पन्तले सुनको खोलो सुकाई आए" भनी विराज थापाप्रभृति मगरहरूले बिन्ति गरे।

अब काशी अवश्य पनि जानुपर्छ भन्ने मनमा दृढ निश्चय गरी रणरुद्र शाह र कालु पाण्डेलाई हुकुम भयो "हाम्री जेठी मुमा, भाई महोद्दामकीर्ति शाहर र दलमर्दन शाह कच्चा उमेरका छन् तापनि बुद्धिले गाढै छन्। शेर बच्चा भए पनि शेरै हुन्छ। यिनीहरूसंग साधसोध गरी तिमीहरूले दरवार, भाई र राज्यको बहुतै संभार गरिराख्नू। म परदेश जान्छु। कुलानन्द जोसीले साइत हेर्नू। खजाँची भानु जोशी, चतुर्भुज पन्त, रामकृष्ण जोसी अर्ज्याल र शक्तिवल्लभ अर्ज्यालले खर्चबर्च तयार गर। केही तोसाखानाबाट र केही तिमीहरूका घरघरानाबाट गरी उँभो लाख, उँधो असी नब्बे हजार नभई हुँदैन। त्यतिसम्म खर्च तयार गर। हामी पाहाडका राजा काशी पुगेपछि दानपुराय पनि गर्नुपर्छ। देश-अनुसार ठाँटबाट नगरे नाउँ पनि रहँदैन"। खर्चबर्च तयार भएपछि पालकी, आशागुर्जा लगायत राजचिह्नका सरजाम र पाउरखबारीमा जाने मानिसको पोशाक तयारसमेत गरे। पाउरखवारीमा जानेमा—विष्णु शाह, चन्द्रप्रकाश शाह, तुलाप्रताप शाह, मुरघ शाह, लक्ष्मीनारायण पाण्डे, गुणनिधि पन्त, भानु जोशी अर्ज्याल, पण्डित शक्तिवल्लभ अर्ज्याल, ज्योतिर्विद् कुलानन्द ढकाल, श्री पाध्या कडरिया, नन्दु पाध्या कडरिया, यज्ञेश्वर जोशी अर्ज्याल, शिवराम बस्नेत, जसवन्त राना, वैद्य महेश्वर जोशी, मणिकराठ राना बुसाल, चामु खत्री वक्रा, रामकृष्ण थापा, चामु रोकाया, यशकर्ण बोहरा, गंगाधर पन्त, रघुनन्दन पाध्या कडरिया, देवु राना, जया बानियाँ, विराज वर्ष, जयकृष्ण थापा, मुठे थापा, सोटे ननुवा थापा, अंगद द्वारे, गर्जमनि र बलबर्गत भएका केटा पन्ध्रबीस जवान थिए। थरघरमा बलबर्गत भएका थरैपीछे दुइचार जनासमेत सवारीमा तयार भए।

श्री ५ पृथ्वीनारायण शाह जेठी मुमाकहाँ बिदा हुन गए। "कहिल्यै परदेश नगएका मानिस जान लाग्यौ। सब बातमा होशियार रहनू। आफ्नो चतुराइंले काम गर्नू। मदेसको जग्गा हुनाले चोर डाँकाको भय बचाउनू। ज्यादा रिस नराख्नू। बखतैमा डेरा गरी बस्नू। बखतैमा पथ्य र गुणी पदार्थ खानू। आफ्नो संभार राम्ररी गर्नू। व्रत दान पुण्यहरू गरी आनन्दपूर्वक फर्की आउनू" भनी जेठी मुमाबाट बिदा दिइयो। श्री ५ ले मुमाबाट बिदा भई भाइलाई अह्राउपह्राउ गरे। महारानी पाउमा परी रुन लागिन्। अघि रामचन्द्र वनवास जाँदा दशरथ कौशल्यालगायत अयोध्यानिवासी जनहरूले रोदन गरे जस्तै गोरखा शहरनिवासी बालवृद्धहरू सबै आई विराना मुलुकमा जान लागे कसो होला भनी नजरबाट आंसु खसाल्न लागे। श्री ५ ले त्यस्ता जनता देख्दा आफ्ना नजरबाट पनि आँसु खसाले। तिमीहरूले मेरो फिक्री मान्नुपर्दैन, म चाँडै आउनेछु" भनी श्री ५ ले बुझाए। अनि शुभ मुहूर्तमा प्रस्थान गरी चतुर्भुज

Olin DS 493 789 no. 2



पन्तका घरमा बसे । त्यहाँ तीन रात बस्दा उनका छोरीहरूले पूजाको सरजाम टक्न्याउने गरेका थिए । चौथा दिनमा उनीहरूलाई "म काशीबाट फिरेपछि जो दिने कुरा दिउँला" भनी मध्येसतिर लागे । यो कुरा मकवानी राजाले थाहा पाउँदा खर्च दिई पाउरखवारीको निम्ति सिपाहीहरू पठाए । "अहिले म तीर्थ जान्छु । खर्च पनि पुग्ने छ । मानिस पनि छन् । तसर्थ फर्कदा डोला लिन आउँला" भनी उनीहरूलाई फर्काइदिए । श्री ५ का साथमा जाने मानिसहरू कानेटोपी र ठूलो बाहुला भएको पोशाक लगाई खुकुरी, खुंडा, ढाल, धनु र ठोक्रो बाँधेका यस्ता देख्दैमा पनि भयंकर लश्करलाई मध्येसका राजा-रजौटाहरूले देख्दा बडो ताजूब माने । "खुंडाको मार कस्तो हुन्छ ?" भनी सोध्दा एकैपल्ट सबैले खुंडा र कांड झिकी देखाउँदा डराई भागे । काशीका राजा बलबन्धन-सिंह बडा प्रतापी थिए । नवाफ लड्न आउँदा पनि तीन चार वर्ष लडाईं गरेर पनि जितेका पराक्रमी थिए । मध्येस उसमा पनि टाढाको तीर्थ हुनाले चोर डाँकाको डर हुने हुनाले सरदार बलिभंजन मल्लसंग एक गोल भई बसेका पर्वत, पाल्पा र प्यूठानाका मानिसहरूलाई "तिमीहरू घरबाट विदेशमा आएका र यहाँको बात व्यवस्था नबुझेका तिमीहरू हामीलाई जो पर्ला सो बेहो-रौंला भन्छौ भने हामीसित एक गोल होऊ, काल काल जोर्दैनौ भन्छौ भने छुट्टै बस" भन्ने हुकुम हुँदा बलिभंजन सरदार अघि सरी "पहाडमा पो गोरखा, पर्वत, प्यूठाना, पाल्पा भन्ने अवस्था थियो, मध्येस आएपछि त हामी सबै पाहाडिया एकै हुन्छौं । हजुरलाई छाडी मधिसेतिर किन लागौंला ? जो पर्ला हजुरतिर लागी काम गरौंला" भनी विन्ति गरे । यसबाट श्री ५ खुशी भई "त्यसै हो, मनसुबी रहेछौ । म बसुन्जेल मसंग रहू । खर्चबर्चलाई पनि पुग्दैन भने नडराऊ, म दिउँला" भन्ने हुकुम भयो । अनि उनीहरू पनि श्री ५ कै साथमा रहे ।

उता गोरखामा श्री ५ पृथ्वीनारायण शाह परदेश लागेपछि गोरखाको रक्षाका निमित्त श्री गुरु गोरखनाथ-बाट कहिले अर्धरात्रीमा, कहिले प्रहर बाँकीमा र कहिले पहिला दोस्रा प्रहरैमा पनि बराबर नादको शब्द हुन्थ्यो । यस्तो शब्द जेठी मुमाले सुन्दा रणारुद्र शाह, कालु पाण्डे-प्रभृतिलाई बोलाई "श्री गुरु गोरखनाथ हाम्रा कुलदेवता जस्ता हुन् यिनका नादको शब्द किन भयो ? नानीलाई संचो छैन कि ?" भनी सोधपूछ गर्दा "उहाँले नादको शब्द गरी देशको रक्षा गर्नुभएको हो" भन्ने सबैले ठहराए । गोरखामा सबैको मेल र मनसुबा बढी झगडा नभएको इत्यादि सबै कुराबाट सगुण मात्रै हुन लाग्यो ।

यता श्री ५ ले मणिकर्णिकामा स्नान गरी पितृ-तर्पण, पिराडदान र गो, अश्व, भूमि, सुवर्ण, रौप्यलगायत नानाप्रकारका दानहरूसमेत गरे । उनको गोत्र भारद्वाज थियो । अबउप्रान्त हामी गोरखालीहरूले काश्यप गोत्र चलाउनू भन्ने हुकुम दिए । पञ्चक्रोशी अन्तर्गृही तीर्थहरू गर्ने बखतमा काशीका नामी गुंडाहरू बातनबातमा झगडा गर्ने र बातनबातमा काटाकाट गर्ने हुनाले यी गुंडा आए भने अरूले बाटो छाडी हिंड्नुपर्नेसम्म यिनीहरूको प्रबलता थियो । पण्डित जयमंगलले श्री ५ संग "हाम्रा मानिसले यहाँको भेद पाएका छैनन्, हिंडडुल गर्दा बचेर रहनू" भन्ने हुकुम होओस् "भनी विन्ति गरे ।" हामी रजपूत हौं । हाम्रा साथमा आएपछि अर्काको डर मान्नुपर्‍यो भने हाम्रो रजपुत्याइँ के रह्यो ? तरवार पर्छ, तरवार झारौंला । जीउको आशा राख्नेछैनौ" भन्ने हुकुम भयो । फेरि "जो बात परिआउला, सिपालुले अघि सरी बोल्नू । शमशेर झार्नुपरेका बखतमा सकल फौजले एकै चोटि शमशेर झार्नू नसक्नेले पहिले नै पर सरी रहनू ।" भन्ने हुकुम भयो ।" हामी जीउमा जीउ दिनेछौं, पछि हट्ने छैनौ "भनी सबैले विन्ति गरे । बलिभंजन सरदारले "यी तातोपानी खाएका मधिसेहरू मुखमा मात्रै शेखी भएका काफर हुन् । हामी यिनीहरूलाई के मान्दथ्यौं र ? इतराजी पर्‍यो भने जहाँ पायो उहाँ ठोक्नेछौं" भनी विन्ति गरे । बाटामा साथ लागेका बलिभंजनसंगका र आफ्ना समेत गन्ती गर्दा छ सय लश्कर रहेछन् । "यी पाहाडी भनी ठट्टा गर्यापछि नलाग्नू । हातले समाती हतियार हेरौं भने सबैले एकैचोटि हतियार झिक्नू । यसको मार कस्तो हुन्छ ? भने सबैले एकै चोटि चमक देखाउनू" भनी सबैलाई हुकुम भयो ।

एक दिन काशीयात्राको सिलसिलामा लोलार्कमा पुग्दा पृथ्वीनारायण शाहले नेपाल मार्न सक्ने भए बाँचुला, नत्र मरूँला भन्ने विचार गरे । भोलिपल्ट जामापगरी गैह्र पोशाक पहिरी पञ्चहतियार भिरेर इष्टदेवताको स्मरण गरी लोलार्क भन्ने कूपमा जलभित्र पस्दा खडाको खडै रहे । इष्टदेवताका कृपाले जलबाट उत्री माथि आए । अनि बहुतै हर्षले संयुक्त भई अवश्य नेपाल मार्न सक्ने

रहेछु भन्ने ठहराए। त्यसपछि अघि नवकोटमा आएका सिद्धको खोजी गरे। जयमंगल पण्डितले ती सिद्ध अगस्तिसित भेट गराइदिए। "मुलुक बढाउने मेरो मनसुवा छ" भनी पृथ्वीनारायण शाहले विस्तार गरे। "पश्चिममा हुँदा पनि सिसोदिया राणा बडा गादीका हौ। पाहाड गोरखामा रजाइं चलाएपछि पनि गुरु गोरखानाथबाट वरदान मिलेको छ। महाराज, जो मनसुवा गर्नु हुन्छ त्यो तपाईंलाई पुग्न्यैछ। म पनि एक कुरा दिन्छु" भनी सिद्ध अगस्तिले खड्गसिद्धिको अनुष्ठान पूरा भएपछि श्री ५ पृथ्वीनारायण शाहका बाहुलीमा एक तरवार चढाई "यो तरवार लिई लडाईंमा जाँदा तपाईंको र तपाईंका सन्तानको जय हुनेछ। लडाईंका मुख्य शत्रुको नाश हुनेछ। नभए पनि तपाईंको र तपाईंका सन्तानको शरीरलाई कदापि भय हुनेछैन, जय हुनेछ। तदर्थ यो तरबार तपाईंले र तपाईंका सन्तानले साथमा कहिल्यै पनि नछुटाउनू" भनी विन्ति गरे। पृथ्वीनारायण शाहले पनि खड्गसिद्धि गरेको तरवार हातमा लिई मणिकर्णिकामा बसेर ती सिद्धलाई धैंबुङ बिर्ता संकल्प गरी दिए। सिद्धले जयमंगलकी पत्नी उनकी शिष्येनी हुनाले उनलाई "तिमीले धैंबुङमा श्री रामचन्द्रको मूर्ति स्थापना गरी नित्यनैमित्तिक पूजा चलाउनू। नीलकण्ठ जाने यात्रीहरूलाई खान र बस्नाको संभार गरी शेष रहेको तिमीले र तिम्रा सन्तानले खानू" भनी बिर्ता सपुर्द गरिदिए। साथमा गएका भाइहरूले गोत्र फेर्नू भन्ने हुकुम भएका विषयमा मौका पारी "आफ्नो गोत्र कसरी फेर्नू" भन्ने विन्ति गरे। "गोत्र फेर्नू भनेको कति कारणले हो भने हाम्रा शाहीका आठ टीका छन्। आठ टीका मासी एक टीका गर्ने मेरो मनसुवा हुनाले गोरखाली शाहीहरूको काश्यप गोत्र भनी चलाएको हो" भन्ने हुकुम भयो।

एक दिन हजार बाह्र सय जति काशीका गुंडाहरूले पाहाडी राजाको तमाशा हेर्न मतो गरी आए। उनीहरूले ठट्टा गिल्ला गर्दा पनि गोरखालीहरू नबोली चूप रहे। अनि सबैको हतियार समाती यसको मार कस्तो हुन्छ ? भनी सोधे. सबैले एकैपटक हतियार झिकी यसको मार यस्तै हुन्छ भनी हान्लान् भने जस्तो चमक देखाउँदा ती सबै गुंडाहरू पछाडि मुख पनि नफिराई भागे। श्री ५ काशीमा रहुन्जेल उनीहरू निस्कन पनि सकेनन्। "अघि श्री ५ राम शाहले बरदान पाएको साच्चै रहेछ। अब म निश्चिन्त भएँ। अब कौनै काम गरे पनि सिद्ध हुन्छ। बडाको जवान र हात्तीको दाँत एकै उपमा हुन्छ। जहाँसम्म कार्यको परीक्षा भएको छैन। त्यहाँसम्म मात्र ढीलो गर्नू, परीक्षा भइसकेपछि पनि विलम्ब गर्नेको जय हुंदैन। आफूल दृढ गरी ठमाएपछि राजाले पर्वत जस्तो अचल भई काम गर्नुपर्छ।" भन्ने हुकुम भयो। "भाइछोराहरू सबैले हजुरको बुद्धि, विवेक र हिक्मत देख्दा परिणामको जस्तो नाम उस्तै काम भई जगत् व्याप्त होला जस्तो लाग्छ" भनी विन्ति गरे। त्यसपछि विश्वनाथको दर्शन गर्न भए। श्री मोहडाका राजा पनि दर्शन गर्न आएका रहेछन्। अघि काशीमा ठेड कहलाएका गुंडाले पनि श्री ५ का डरले हतियार लिई गल्लीमा हिंड्न छाडेको थियो। शहरमा बडा वीर खडाजंगी गर्ने राजा रहेछन् भन्ने धाक फिरेको थियो। श्री ५ दर्शन गर्न जांदा अगलबगल सरी बाटो खुला गरिदिए। विश्वनाथको दर्शन गरी देवालयबाट फर्कंदा श्री मोहडाका राजा दर्शन गर्न गए। उनलाई मधिसेको ठेलमठेलले गर्दा दर्शन गर्न मुश्किल पऱ्यो। श्री ५ ले त्यस्तो दृश्य देख्दा सोध्न पठाए। सोध्न जाने गोरखाली बाह्र पन्ध्र जना देख्दा मधिसे पछि हटे र त्यही मौका पारी श्री मोहडाका राजाले पनि सुविस्तासाथ दर्शन गरे। गोरखाली सिपाहीको त्यस्तो धाक देख्दा उनले आश्चर्य मानी श्री ५ को दर्शन गर्न आए। मुलाकात हुँदा "राजचिह्नको सरजाम लश्करहरू भएका हजुर पनि राजा म पनि उस्तै राजा। हाम्रो धाक मधिसेले तृण जति पनि मानेनन्। राजा र राजाको लश्कर देख्दा इतर देशका मनुष्यहरूलाई आसत्रास उत्पन्न भएन भने यस्ता राजाको प्रताप बाड्दैन। त्यस्तो लक्षण हामीमा भयो। आसत्रास उत्पन्न भयो भने प्रताप बढ्दै जान्छ, राज्य पनि बढ्दै जान्छ। हजुरका प्रतापका सामर्थ्यले सकल काशी शहर त्रासले कम्पित भए जस्तो देखिन्छ। हामीहरूलाई पनि हजुरको र हजुका मानिसको चेहरा देख्दा आसत्रास बहुत लाग्यो। दोस्ती गरी हजुरका साथमा रहे यमराज पनि नजीक सर्न सकोइन, अरू राजा बादशाहको त के कुरा र ? तसर्थ हजुरसंग दोस्ती बाँध्दछु" भनी उनले विन्ति चढाए। "राजाको दोस्ती राजैसंग हुन्छ" भन्ने हुकुम भयो। "धर्मपत्र गरिपाऊँ" भनी श्री मोहडाका राजाले विन्ति गर्दा उनलाई धर्मपत्रको लालमोहर गरिदिए।

तिनै ताका पश्चिमदेखि कविता चलोस् भन्नाका निमित्त पाटेश्वरीमा जिह्वा चढाई रघुनाथ भट्ट काशीमा

Olin
DS
493
789
no.



आएका रहेछन् । श्री ५ को कविता बनाई चढाउँदा दौसल्लासमेत इनाम पाए । "पहिले मैं ज्वालाजीको दर्शन गर्न आउँला, आइन भने पनि मेरा सन्तान अवश्य आउने-छन्" भनी बिर्ताको लालमोहर गरिदिए । त्यसपछि विन्ध्यवासिनी महाकाली अष्टभुजाको दर्शन गरेर फर्की विश्वनाथसंग पनि बिदाको दर्शन गरे । सिद्ध अगस्तिज्यू-सित बिदा भई काशी शहरलाई प्रणाम गरेर शुभ साइतमा प्रस्थान गरे । वरुणाचौकीमा आइपुग्दा मधिसे चौकी-दारहरूले तलाशी लिन खोजे । "हामी तीर्थ गर्न आएका हौं, मालताल लिई आउने महाजन बेपारी होइनौ, तसर्थ तलासी लिन दिंदैनौ" भन्ने जवाफ दिए । उनीहरू झन् ठूलो शेखी गरी हात हाल्न आए । गलहत्ती दिई हिड्न खोज्दा झन् ठूलो हल्ला मच्चियो । धेरै मधिसे जम्मा भई कसैले महाराज सवारी भएका घोडाको चारजामा पक्रने, कसैले महाराजका अगाडि रहेका लक्ष्मीनारायण पाण्डे, गुणनिधि पन्त, विराज बखेती र रामकृष्ण थापा यी चार जनाले लिएको तरवार खोस्न खोज्ने गर्दा महाराजले तरवारले इशारा गरी तरवार नदेऊ भन्ने हुकुम भयो । आफूले पनि "हामी राणा रजपूत हौं, मालमाल केही छैन भन्दा पनि मान्दैनौ त हाम्रो माल त यही हो" भनी तरवार झिकेर पक्रन आउने दाहिनातरफका मधिसेका उपर चलाए र उ गिडियो । जब महाराजको शमशेर छुटेथ्यो विष्णु शाह, तुला शाहलगायत बलिभंजन सरदार सबैले क्रमाक्रम तरवार छाड्दा आँधीबेहूरी आई धूलो उडाए जस्तो धेरै मधिसेहरूको खती गरी यत्रतत्र लगाइ-दिए । त्यहाँ नांगो तरवार चलेको देख्दा सबै जना कूच भए ।

"यो आपद् ता टऱ्यो । काशीका राजा बडा छन् । वरुणाको खडाजंगी तिनले थाहा पाएपछि हाम्रा उपर लश्कर अवश्य पठाउनेछन् । अरूले त यात्री हूँ भनी यत्रतत्र लागे हुनेछ, तर मैले त त्यसो गर्न हुनेछैन । तसर्थ आफ्नो होशियारी सबैले राख्नुपर्छ । विराज बखेतीलाई महाराज भनी पालकीमा चढाऊ । अबदेखि म हिंड्दछु" भन्ने हुकुम भयो । त्यसै वेला भाइछोरा थरघरहरूले बिन्ति गरे "महाराज, यस्तो यत्न ता गर्नै-पर्छ । तर हजुरको अनुहार मिल्ने जया बानियाँ छन्, उनलाई तुल्याए हजुरको भेष मिल्नेछ" भनी बिन्ति गरे । "बेश भन्यौ" भनी जया बानियाँलाई नकली महाराज बनाई पालकीमा चढाए ।

वरुणाको उपद्रव काशीका राजा बलवन्त सेनले थाहा पाए । उनले जाँच्नाका निम्ति लश्कर पठाए । लश्कर वरुणामा पुगी हेर्दा त्यस्तो विग्रत गरेको देखी आठ दश कोशसम्म पछेडा लाग्दा पनि भेट्टाउन सकेनन् र त्यसै फर्के । पच्चीस तीस कोश वडो आइपुग्दा मकवानी महाराजले हाम्रा जुवाईं गोरखाली महाराज बडा तर-वारका बहादुर छन् । यो तरवार उनको लायक छ । गई चढाएर आओ" भनी मानिस पठाए । काशीमा भेट नहुँदा फर्केर सोध्दै आई तरवार चढाएर सबै विस्तार गरी दर्शन गरे । ती मकवानीहरूले पनि बलवन्त सेनका सबै लश्कर फिरे भनी बिन्ति गरे । अनि जया बानियाँ आफ्नै भेषमा रहे । श्री ५ ले तरवार फर्मायसी रहेछ भनी हुकुम हुँदा 'देशबाट कालिगड झिकाई एक वर्षसम्म मिहिनेत गरेर दुइ तरवार तयार गरेका थिए । हाम्रा महाराजका हात्ती-सारमा आगलागी हुँदा फलामका साङ्ला ती दुइ तरवारले छटाछट काटी हात्ती बचाएथे । त्यति गर्दा पनि यी तरवार फ्नुं, दोबिनु र भाँचिनु केही पनि भएनन्, झन् बाङ चढेर झल्के । हाम्रा महाराज खुशी भई ती कालिगडलाई पांच सात हजार बकस पनि बक्सियो । यो यस्तो तरवार हो" भनी मकवानी महाराजका मानिसहरूले बिन्ति गरे । उनीहरूलाई सन्मानपूर्वक बिदा दिंदा आफ्ना देशतिर लागे । भाइछोरा थरघरहरूले "धन्य हजुरको गाथ, जसो भन्यो उसो गर्न सक्ने । धाउन र दपेट्न पनि हामीभन्दा हजुरै सक्ने । राजकुमार भईकन पनि सब बातमा चनाखो हुनुहुन्छ" भनी श्लाघा गरे । श्री ५ को लश्कर चल्दा बडा बडा जंगी भयानक स्वरूप भएका देखी जगाजगाका जिमीदार, राजारजौटा, मठधारी सन्यासी तथा वैरागी-हरूले पनि ठाउँ ठाउँमा मेजमानी चढाई संमान गरे ।

तिनै ताका भोटबाट एक लामा तीर्थ गर्न र मुलुकहरू हेर्न आएका थिए । डिल्ली, प्रयाग, काशी सब ठाउँ डुली फिर्दा बाटामा बिरामी भए । पृथ्वीनारायण शाहले पन्तलाई औषधी गर्न लगाई आराम गराए । ती लामाले सुनका ईंट, कुचीन, कस्तूरी आदि भोटमा हुने चीजहरू चढाई दर्शन गरे । उनलाई "हामी राजाको जात सबै कुराले परिपूर्ण छौ । खालि भोटसितको घा बन्दो-बस्तको अभिलाषा छ । हामीले नेपाल मारेपछि पनि भोटसंग दोस्तानी बिग्रन नपायोस् ।" हुकुम भयो । "मेरा जानतभर हजुरको र भोटको दोस्तानी गराउँला" भनी लामाले बिन्ति गरे । अनि ती लामालाई साथै लिई आए ।

त्यता नवाफको राज्य हुनाले चोरडाँकाहरूको बहुतै भय थियो। महाराजका पुरायप्रतापले केही बातको पनि भय भएन। यस्ता तहरले आनन्दपूर्वक गोरखपुर उत्रेपछि श्री गुरु गोरखनाथको यथाविधिले पूजा गरे। त्यहाँ ब्राह्मण-भोजन र योगी सन्यासीलाई भराडारा दिई त्यहाँबाट बुटबल पुगे। बुटवलका बजारको तमाशा हेर्दै आफ्ना भाइछोरा र थरघरहरूलाई "नेपाल र बुटवल कुन असल छ ?" भनी सोधनी भयो। "काशी, काश्मीर, नेपाल भन्ने कहावत चलेको हुनाले नेपाल भनेको नेपालै हो। सकल तीर्थ र देवताहरूले पनि आश्रय गरेका हुनाले त्यहाँको जमीन अपूर्व छ। तर बडा काफर भएका नेवार जातिका संगले गर्दा त्यहाँका राजा पनि बहुतै काफर छन्। खालि देवताहरूको आराधना गर्ने गरेका प्रभावले मात्र नेपालभूमि कसैले हात लगाउन सकेका छैनन्। महाराज, हजुर जस्ता हिक्मतदार पुरुषार्थी राजालायक नेपालै छ। हजुरका हात-बाट नेपाल चल्यो भने बादशाह, नवाफ कसैको पनि दावा लाग्न सक्नेछैन" भनी चन्द्रप्रकाश शाहले विन्ति गरे। यस-बाट खूब खुशी भई पृथ्वीनारायण शाहले जुंघामा ताउ दिंदै "नेपाल नमारी छाड्दिन" भने। त्यस दिनदेखि चन्द्र-प्रकाश शाह अतिनै प्रीतिमात्र बने। थरघरप्रभृतिले "आफू-समा हिक्मतदार राजालाई रिझाउन हिक्मतदारहरूले मात्र सक्दा रहेछन्" भनी धेरै तरहका वार्ता गरे। त्यस दिन त्यहीं मुकाम भयो।

पाल्पाली राजा हरसाल फागुनका पन्ध्र बीससम्म बुटवलमा बस्ने र घाम ज्यादा चर्केपछि मात्र पाल्पा जाने गर्ने हुनाले त्यहीं बसेका रहेछन्। श्री ५ ले खरीद गरेको नयाँ पाल बोक्ने मानिस आई नपुग्दा उसको खोजीलाई विराज बखेती गएका थिए। सिद्ध अगस्तिज्यूले चढाएको तरबार कहिले श्री ५ का हातमा र कहिले विराज बखेतीका हातमा रहने हुनाले त्यस दिन विराज बखेतीका हातमा हुँदा उनले लिई गएका थिए। त्यसै बखतमा श्री ५ लाई आलस्य लागी अबेर दिसा गएका थिए। दिसा गर्दा ठूलो शब्द भएको सुन्दा पाल्पाली साहेबहरूले आफ्ना मधिसे रैतीसंग सोधे। उनीहरूले "साना मुलुकका कंगाली राजा कचपच कुरो खान्छन्। खाएपछि पेटमा दर्द हुन्छ" भन्ने निन्दित वचन बोलेको सुनियो। "विचारैसंग काम गर्नू भन्ने जात्रेहरूको संमति छ। त्यसमा लागे मर्दपन रहने भएन। किनभने यस्ता पाजी मधिसेहरूको हेला वचन सहें भने मैले बडा काम कसरी गरूँला ?" भन्ने ठहराए। अनि शौचादि क्रिया जल्दी गरी अंगद द्वारे र चौतारा द्वारेलाई "जाऊ, ती मधिसेलाई काट" भन्ने हुकुम भयो। उनी-हरूले ती मधिसेलाई शमशेर चलाई छटाछट काटे। यसबाट ठूलो हल्ला उठ्दा पाल्पालीहरू धेरै जम्मा भए। अनि गोरखालीहरूलाई आफ्ना हतियार क्रमाक्रम चलाउन लागे। श्री ५ ले सिद्धज्यूले चढाएको हतियार खोजी गर्दा विराज बखेतीका साथमा रहेको बुझ्दा रिसानी भयो। अरू थरघरहरूले "हजुरैका काममा गएका हुन्" भनी विन्ति गरे। सिद्धबाट "संग्राम गर्दा यो तरवार अगाडि लगाउनू भनी आज्ञा भएको थियो। यस्ता बखतमा पाइएन भने त्यसको के काम ?" भन्दै अर्को तरवार लिई "जय काली ! जय गोरखनाथ !" भनी पृथ्वीनारायण शाह आफैं अगाडि सरे। उनले शमशेर मार्न लागेको देख्दा सबै लश्करले एक गोल गरी क्रमेटा दिए। श्री ५ लाई बेतवर पर्ला भनी लश्करका बीचमा पारे। "हेर गोरखालीको चोट, कछारे मधिसे पाल्पाली पाजी हो !" भन्दै जजसका हातमा जे जे हतियार थियो, त्यसैले हान्न लागे। गोरखालीले हानेको चोट जहाँ लाग्यो उहाँ खतम गराउने थियो। के अर्थले भने जसको छाती बलियो हुन्छ त्यसले हानेको बिरिंदा पनि बिरिंदैन। जहाँ हान्यो त्यही लाग्छ र चोट पनि साह्रो हुन्छ। त्यस लडाईंमा कसैको शिर, कसैको बाहु, कसैको कटि दुई टुक्रा भए। यस्ता तरहले पाल्पाली राजाका लश्करमा गोरखालीहरू वनमा निःशंक भई फिर्ने सिंह जस्ता फिर्न लागे। यसमा पाल्पालीका साठी असी जना जति खती भए। बुटवलका दोकानदारहरू पनि डरले भागी लुके।

यतिसंम भएपछि पाल्पाली साहेबले आफ्ना बुब्राज्यू गन्धर्व सेनकहाँ गई विस्तार विन्ति गरे। गन्धर्व सेनले झटपट पूजा सकी सब बातमा कुशल भएका दश आठ जना ब्राह्मणलाई खटाई पठाए। तिनीहरूले पृथ्वी-नारायण शाह बसेका ठाउँमा गई "भान्जा महाराज हुनुहुंदो रहेछ। मामाको शरण पीछा लिइबक्सियोस्" भनी विन्ति गरे। "जो ठाडो शेखी गर्छ उसका उपर दिगुण तेज बढ्दै आउंछ। जो कायल भई आफूमा शरण पीछा पर्दछ त्यसका उपर दयै हुन्छ "भनी ती ब्राह्मणलाई आओ भन्ने हुकुम भयो।" उनीहरूले "भानिज पाल्नुभएछ भन्ने मलाई थाहा भएन। हाम्रा नानी साहेबज्यूले नचिनी निन्दित वचन बोले तापनि एकबार

Olin
DS
493
789
no.



क्षमा रहोस् । लालाबालाले झाढापिशाब गर्छन् तापनि धोई फाल्नुपर्छ, काटी फाल्न हुँदैन भनी हजुरका मामाज्यू महाराज गन्धर्वसेनबाट विन्ति गरी पठाउनुभएको छ" भनी विन्ति गरे । श्री ५ ले बाहुलीको तरवार मियानमा हाली "आमा कि मामा भन्छन् । मामाजीबाट त्यस्तो हुकुम भएको भए मैले माने" भन्ने हुकुम भयो । अनि ती ब्राह्मणहरूले पाल्पाली महाराजसंग गई "हामीले क्षमापन गराई आयौं" भनी विन्ति गरे ।

यसै दिन पृथ्वीनारायण शाहले नित्यकर्महरू सकी ज्यूनार हुँदा यज्ञेश्वर जोसी अर्ज्यालले तिहुन तरकारी तयार गर्दा एक थोक नदीका ढुंगा पकाई ढुंगा फालेर रस कचौरामा राखेको रहेछ । सोसमेत टक्र्याउँदा "माछाको झोल जस्तो छ यो त । के गरेको यस्तो ? तीर्थ्यभोज गरेकै छैन" भन्ने हुकुम हुँदा "यो माछाको झोल होइन, नदीका ढुंगा पकाई फालेको त्यसको झोल हो" भनी विन्ति गरे । पृथ्वीनारायण शाहबाट खुशी भई "आजको यस्तो परिश्रम, भोक पनि लागेको, तिहुन तरकारी पनि अति मीठो पकाएछौ । आजको रीझ म केही दिनमा गरुंला भन्ने हुकुम भयो । त्यसै बखत विराज बखेती पनि भरिया लिई आइपुगे । सिद्धको तरवार यहीं छाडी जानुपर्ने हो, आज तैंले बडो बखत चुकाइदिइस् । यहाँ पाल्पालीसित कस्तो खडाजंगी पर्‍यो ? अब त्यो तरवार तैंले लिन पाउँदैनस् । आजदेखि जसवन्त राना ग्याङमीलाई यो तरवार तैंले दिनू" भन्ने हुकुम भयो । पाल्पाली राजाले पनि आपना छोरा र मेजमानी सरजामसमेत लिई भेट गरे । कुशलवार्ता हुँदा "हजुरलाई गोरखालीको मेहेर छ । पाल्पा मात्रै के चाहियो ? सकल पाहाडखण्ड पूर्वपश्चिम जहाँसम्म मनसुवा गर्नुहुन्छ, त्यहाँसम्म हजुरको तरवार अडकनेछैन" भनी पाल्पाली राजाले विन्ति गरे । अनि दायाँतर्फ भानिजलाई र बायाँतर्फ आपना पुत्रलाई राखी आपना पुत्रलाई देखाउँदै "यसको जानअनजान बिराम क्षमा होओस्" भनी दुई हजार रुपियाँको मेजमानी चढाए । अनि "आजदेखि पाल्पाले गोरखासित इतराजी नगर्नू । गोरखालीले पनि पाल्पालीलाई दयै राख्नू । यहाँ पनि हाम्रा दूधका लिंग हुनुहुन्छ । यो पनि मेरो पुत्र हो । हजुरको र मेरो पुत्रको धर्मबन्देज होवोस्" भनी विन्ति गरे । "यो कुरा मामाले बेश हुकुम भयो । मैले पनि माने" भन्ने पृथ्वीनारायण शाहले विन्ति गरे ।

त्यसै वेला रघुनाथ भट्टले श्री ५ ले जहाँ जहाँ हानमार गर्दै जे जे कीर्ति गरी आएको हो त्यहाँ त्यहाँको सबै कविता बनाई बयान गर्दा श्री ५ ले अतिखुशी भई दोसल्ला र दुई हजारको इनाम दिए । पाल्पाली राजा पाल्पातर्फ गएपछि थरघरले पनि बखान गर्दा पृथ्वीनारायण शाहबाट "जब म नेपाल मारौंला, तब त्यस बखतको बन्दोबस्त गरेपछि डिल्ली, आगरा कमाउँला, तब केही बखान गरौंला । होइन भने यस्तो हानमार त हामी रजपूतगणका हौं, हाम्रो कामै हो । यसमा कति श्लाघा गर्छौ ?" भन्ने हुकुम भयो । त्यसपछि "बुटवलका मधिसेलाई त्रास मात्र भयो, आस त केही भएन । राजा भएपछि आसत्रास दुवैथोक दुनियाँमा भएन भने त्यस्ता राजाले कुनै कार्य सिद्ध गर्न सक्दैन" भनी पृथ्वीनारायण शाहले पटना मोहर पैसा फकीर र गरीबगुरुवाहरूलाई लुट गराइदिए । त्यस्तो देख्दा बुटवलका रैतीहरूले दान र पराक्रम सबै गुणमा गोरखाली महाराज अद्वितीय रहेछन् भनी बयान गरे ।

त्यसपछि बलिभंजन मल्ल सरदारप्रभृति प्यूठान, पर्वत र पाल्पाका साथैमा आएका तीर्थवासीहरू सबै छुट्टिने बखतमा बलिभंजन पांडेलाई "तपाईंका पर्वतमा खानु वेहोर्नु भएन भने हामीकहाँ आउनुहोला भन्ने हुकुम भयो । "हाम्रा महाराजको निमक छोडी अरूको निमक खानुपर्‍यो भने हजुरकहाँनै आउँला, अन्यत्र जानेछैन" भनी बलिभंजन पाँडेले विन्ति गरे । अरू मानिसहरूलाई पनि जो जस्ता किसिमका थिए उही माफिक शिष्टाचार गरी बिदा दिए । डोटीका राजा पनि भाइहरूले राज्य आफूस गरी लिंदा दुःख पाई काशीमा बसेका थिए । काशीमै भेट हुँदा संगै फर्केका थिए । छुट्टिने वेलामा उनलाई पनि "त्यस डोटीको राज्य भरसक मेरै पालामा, नभए पनि मेरा छोरा सन्तानका पालामा अवश्य मारी आफूस गर्नेछु र त्यो राज्य तिमीलाई दिनेछु । यसमा अभय भयो" भनी मोहर गरिदिएर बिदा गरे । अनि गोरखातर्फ लागे । तनहुँका भंसारमा आइपुगी त्यहाँ केही दिन बसे । यो समाचार गोरखामा पुग्यो । महोद्दामकीर्ति शाह, दलमर्दन शाह आदि भाइभैयादहरू र कालु पाँडे आदि थरघरहरू आई दर्शन गरे । श्री ५ ले जसजससंग जस्तो जस्तो कुरा गर्नुपर्ने हो सोही तरहसंग गरे । त्यताबाट गोरखा पुगेपछि ज्योतिर्विद् कुलानन्द ढकालले हेरेको मुहूर्तमा दीपगणेशपूजनपूर्वक दरवारमा प्रवेश गरे । त्यसपछि श्री गुरु गोरखनाथ, श्री काली र श्री मनकामनाको पूजा

गरी ब्राह्मणभोजन गराएर भाइछोराप्रभृति थरघरहरू सकललाई आफ्ना बाहुलीबाट प्रसाद दिई तीर्थ्यभोज गरे । त्यसपछि सकलले धन्य हाम्रो भाग्य भनी विन्ति गरी हर्षपूर्वक बसे ।

त्यसपछि पृथ्वीनारायण शाहले "मैले नेपालबाट पनि काशीबाट पनि परिचय पाइसकें अब नेपाल लिने निश्चय गरी उद्योगमा लाग्नुपर्‍यो, तर कस्ता तरहसंग मेरो इच्छा पुग्ला" भन्ने मनमा फिक्री लिए । अघि बडा बादशाह चीनबादशाहका वकील च्यानचुन लामा डिल्ली पुगी फर्कंदा भेट भएको संझे । लामा बाटामा बिरामी भएका बखतमा आफूले मानमर्यादा र शिष्टाचार गरी वैद्यद्वारा औषधोपचार र स्याहारसम्भारसमेत गर्न लगाई आराम गराइदिएका थिए । आफ्ना उपर ठूलो उपकार गर्दा लामा खुशी भएका र आफ्ना देशका चीजबीज लिनुदिनुका साथै परस्पर प्रेम हुन गएको थियो । त्यस बखत लामाले केही दिन खोज्दा श्री ५ ले "हामी सबै कुराले परिपूर्ण छौं, खालि एकदुई कुराको मात्र अभिलाषा छ । तिमी बडाबादशाह चीनबादशाहका वकील रहेछौ, मेरो मनसुवा पुऱ्याइदिन सक्छौ भने दोस्त जानी केही काम गर । त्यसबाट तिम्रो पनि निशाना रहनेछ" । भन्ने हुकुम भयो । "तपाईंले लगाउनुभएको गुनको मेरा हृदयमा छाप लागेको छ । म जिन्दगीभर कहिल्यै बिर्सनेछैन । मबाट हुन सक्ने कुरासम्मलाई केही सन्देह नमानी आज्ञा होओस्" भनी लामाले भने । अनि श्री ५ बाट तीन कुराको प्रस्ताव रह्यो ।

पहिलो– **हाम्रो स्याहामोहर चलिरहेको छ । अबउप्रान्त लालकुंडा र लालमोहर चल्ने पाठको अर्जी चीनबादशाहलाई लेखी बक्साइदिने ।**

दोस्रो– **टकमारी मोहरको चलन चलाउनका निमित्त डिल्लीका बादशाहलाई अर्जी लेखी बक्साइदिने ।**

तेस्रो– **सदा बादशाहसंग दोस्तानी कायम गर्ने । मैले नेपाल लिएपछि पनि हाम्रो दोस्तानी नटुट्ने व्यवस्था गर्ने ।**

ती बकील चीनबाट खटिई डिल्ली पुगी फर्केको अवस्था र दुवै बादशाहबाट चाह हुने अवसर परेको हुनाले त्यहीं मुकाम गरी दुवै सरकारलाई अर्जी लेखी पठाए । "गोरखामहाराजसंग भेट नभएको भए मेरो प्राण बाटैमा जाने थियो । उनले स्याहारसंभार र औषधोपचार गराई मलाई आराम गराए । अब सरकारमा हाजिर भई जुन बातलाई पठाइबक्सनुभएको थियो त्यस कामको वृत्तान्त विन्ति चढाउँदा हुँ । मेरो अर्जीबाट प्रसन्न भई सरकारबाट गोरखामहाराजलाई टक्सारी मोहरको चलन चलाउन र लालकुंडा तथा लालमोहर गर्न हुकुमको निकासा होओस् । जवाफ नआउन्ज्यालसम्म म यस मुकामबाट उठी कुच हुनेछैन" भन्ने दुवैतर्फ लेखेर डाँक चलाई पठाए । दुवै सरकारबाट ती वकीलबाट काम लिनुपर्ने अवस्था परेको हुनाले हुकुमको निकासा दिई पठाए । बकील च्यानचुनले गोरखामहाराजको इच्छा पूर्ण गराउंदा परस्पर दुवै खुशी भए । अनि चीनका वकील बिदा भई गएथे । त्यस कुराबाट पनि चीन र डिल्लीसंग घा भएको हुनाले कार्य गर्दामा सहायतानै हुने देखियो । फेरि भक्तपुरका राजा रणजित् मल्लले कोट्याहुति गर्दा भित्रिनी मयजूले आफूतर्फका कमसल छोराहरूतर्फ मिली असल रानीतर्फका राजकुमारलाई मन्त्रप्रयोगद्वारा मारिदिंदा उनकी रानीले थाहा पाइन् । अनि बहुतै विलाप गरी गोरखामहाराजलाई "मेरा स्वामी तथा हजुरका मित्रलाई मार्ने शत्रुलाई नेपालमा रहीं भोग गर्न नपाउने र त्यस्ता शत्रुसंग बदला लिने उद्योग गरिबक्सनुपर्छ" भन्ने इत्यादि बेहोराको चिठी पठाएकी थिइन् । मित्रराज्ञीबाट मागेको कुरा पुऱ्याउनुपर्ने हुँदा झन् चांडै श्री ५ को नेपाल लिने इच्छा बढ्यो । महाराजको आशय बुझी कुलानन्द जोशीले "म साइत हेर्छु, नवकोट हान्नुहोओस्" भनी विन्ति गरे । महाराजबाट अलि नमाने झैं गर्दा "यस्ता कातर राजाका मुलुकमा पानी पनि खान्न" भनी उत्तिखेरि लमजुङ गए ।

एक वर्षपछि पाल्पाली मुकुन्द सेनका सन्तान राजा नीलकराठ सेन श्री पशुपतिनाथको दर्शन गरी फर्कंदा गोरखामा वास बसेका थिए । महाराजले उनलाई बडो शिष्टाचार गरी राति एकान्त गरे "मामा, मलाई नेपालको मनसुवा लागिरहेछ । मलाई कुनै अर्ति दिनुहोस्" भन्ने हुकुम भयो । "भानिज, नेपाल भनेको भ्यागुतो हो । गोरखा भनेको सर्प हो । लमजुङ भनेको गरुड हो । गरुडका डरले सर्पले भ्यागुतो खान सक्दैन । तदर्थ सिमानाका राजासंग घा हुन सक्दैन भन्छन् । अब लमजुङका राजासित घा बन्दोबस्त नगरी नेपालको इच्छा नराख्नुहोस्" भनी सेनराजा आफ्ना देशतिर गए ।

अब नेपाल लिनाका निम्ति कसलाई मुखत्यारी गरे मेरो काम फत्य होला भनी भानु जोशी र चौतरिया साथमा लिई श्री ५ महारानीकहाँ सवारी भयो। "मुमा, मैले नेपाल हान्न आँटें। कसलाई मुख्त्यार गराए मेरो काम फत्य होला ?" भनी विन्ति गरे। "तिमीले कसलाई ठहरायौ ?" भन्ने हुकुम भयो। "मगरका भरले पनि पन्तका भरले पनि मेरो काम भएन। म काशी जाँदाखेरिको मिहिनेत देख्दा भीमराज पांडेका छोरा कालु पांडेलाई मुखत्यारी गराए मेरो काम सिद्ध होला भने ठैं लागिरहेछ, जो हुकुम" भनी विन्ति गरे। "बढिया ठहराएछौ, त्यसैलाई गर" भन्ने मुमाबाट हुकुम भयो। यस्ता तरहले पहिले मुमा र भाइछोराहरूसंग सल्लाह गरी पछि सकल थरघर र पंचहरू बटुली "हाम्रा राज्यमा कज्याइं दिन लायकको को होला ? आफ्ना चित्तमा लागेको जस्ताको तस्तो भन" भनी महाराजबाट हुकुम भयो। भाइछोरा सकलले एकमुख गरी "हाम्रा मुलुकको स्थिति बाँधन सक्ने, सकल राजाहरूसित घाको बन्दोबस्त गरी हात लिन सक्ने, बडो संकष्ट पर्दा पनि युक्ति कल्पना गरी संकष्ट दूर गर्न सक्ने, तालिवर र कंगाल प्रजाप्राणी जसलाई जस्तो मन पर्छ। न्यायपूर्वक उस्तै गर्न जान्ने, उभयलोकको अपवाद बचाई काम गर्न सक्ने, सद्‌वृत्तिमा लागेको र बखत चिनी काम गर्न जान्ने यस्ता पुरुषलाई कज्याइं मान बक्सनु योग्य छ। त्यस्तो पुरुष सरकारबाट तजवीज गरी कज्याइं बक्सियोस्" भनी विन्ति गरे। "तिमीहरूले योग्य विन्ति गर्‍यौ। तथापि मेरा भरमुलुकका थरघरमा मेरा मनको अभिप्रय बुझी कज्याइं काम गर्न सक्ने को होहा ?" भन्ने हुकुम भयो। अनि रणरुद्र शाहले विन्ति गरे" मनुष्यको परीक्षा कामले हुने हो। सरकारबाट काम नबक्सी परीक्षा गरिबक्सिएको हुनुपर्दछ। कालु पांडेले कतै आफू गई कतै भाइछोरा र चिट्ठी पठाई बाईसी चौबीसी सकल राजाबाट कालु पांडेले गरेको घा बन्दोबस्त हामी मान्छौं भनी बकील खल तारपत्र पठाएका हुनाले कजाइं दिन लायक कालु पांडे छन्। किनभने घाको काजी भन्ने परम्परा पनि छ।" अनि महाराजबाट समूहमा र छुट्टाछुट्टै सबै थरघरलाई "तिमीहरू के भन्छौ ?" भन्ने हुकुम भयो। "रणरुद्र शाहले योग्य विन्ति गर्नुभयो" भनी सकलले विन्ति गरे।

त्यसपछि कालु पाण्डेलाई बोलाई "कजाइं खा" भन्ने हुकुम भयो। अनि उनले "नेपाल पहाड सबै ठाउँका राजालाई कालु पाण्डेलाई म कजाइं दिन्छु, तिमीहरूको सम्मति छ छैन भनी चिठी लेखिबक्सियोस्। अर्कासंग साध्न के गर्जे छ भन्ने चित्तमा पर्ला। महाराज, त्यसो होइन। कसैलाई लोलोपोतोले, कसैलाई साँचा कुराले, कसैलाई छलले र कसैलाई शेखीले वश गराउनुपर्छ। त्यसो गर्न जो सक्छ, उसैलाई दिनु योग्य छ। तदर्थ यति नगरी हजुरको मनसुवा पूरा हुन सक्दैन" भनी विन्ति गरे। महाराजबाट सबै राजाहरूलाई सोधनी भयो। उनीहरूबाट पनि योग्य छन्, मंजूर छौं भन्ने जवाफ आयो। अनि सबैलाई राखी कजाइं मान कालु पाण्डेलाई दिन्छु भन्ने खातिरजामा भयो। "कजाइं खानु मेरा जियले मात्र होइन, मेरा सन्तान दरसन्तानले गादीको सोझो गरी काम चलाउन सकुंज्याल पाण्डेले नै खानू भन्ने बन्देज होओस्" भनी कालु पाण्डेले विन्ति गरे। "गादीको सोझो गरुंज्याल तेरा सन्तानलाई कजाइं नखोस्नू। यस बातका साक्षी श्री गुरू गोरखनाथ र श्री काली" भन्ने हुकुम भयो। कालु पाण्डेले दरवारबाट फर्केपछि उपल्लो थरघर र तल्लो बिसे नगर्चीसम्मका घरमा समेत गई सल्लाह मागे। "मलाई महाराजबाट मुखत्यारी बक्सियो खाऊँ कि नखाऊँ?" भनी सोध्दा सबैले "महाराजबाट बक्सेको शिर चढाई काम गर्नुपर्छ, खानुहोस्" भनी सल्लाह दिए। "मैले काजी भई पगरी बाँधेपछि महाराजबाट नेपालको काम उठाऊ भन्ने हुकुम हुनेछ। तिमी थरघर भलामानिस सबैले स्वीकार गर्ने भए शिर चढाउँछु" भनी भन्दा थरघर सबैले "तिमीले हुकुम मान, हामी सबैले थामपुर गर्ने काम गरौंला" भनी सबैले सल्लाह दिएका हुनाले कालु पाण्डेले कजाइंको पगरी उठाए।

त्यसपछि कुलानन्द जोसीलाई पनि "म नेपालको काम गर्छु" भन्ने मोहर गयो। उनले आई "भलो कुरो आँट्नुभएछ। म यस्ता राजाको चाकरी गर्छु" भनी आशिर्वाद गरे।

एक दिन महाराजलाई राति निद्रा नपरी जाग रहँदा "आ रे पृथ्वीनारायण"! भन्ने यस्तो शब्द सुने। तत्काल उठी झ्यालबाट हेर्दा स्फटिकको रूप, गेरुवा वस्त्र र जटा धारण गरेका बाबाजीलाई देखे। अनि झ्यालैबाट फाल हाली पाउमा दण्डवत् गरे। बाबाजीले पीठमा धाप दिई "तैंले जो मनसुवा गर्लास्, त्यो सिद्ध होला" भनी फूलको माला पहिराएर तत्क्षणमा अन्तर्ध्यान भए।

महाराजलाई एक छिन मोह भयो र चेत पाएपछि "वखत खुस्काएँ, दर्शन पाएपछि वर लाग्नुपर्ने, तर चेत पाइन" भनी पश्चात्ताप गर्दै दरवार भित्रिए। "मैले गरेको मनसुवा अवश्य पुग्छ" भन्ने निश्चय गरी महाराजले आफ्ना मन्त्रिवर्ग सबैसंग सल्लाह गरे। मामा नीलकण्ठ सेनले अति दिई गएको कुरा सम्झी लमजुङसितको घा नभई हाम्रो कार्य सिद्ध हुनेछैन भनी पहिले उससितको घा बलियो पार्नालाई घाको कुरा लिई मानिसहरू खटिए। उनीहरू लमजुङ जाँदा दोहोरो चिठी खुला भयो र पछि कालु पाण्डेलाई लिई महाराज सिमानामा सवारी भयो। लमजुङका राजा रिपुमर्दन शाह पनि आफ्ना साहेब, चौतरियाहरू साथमा लिई आए। दुवै राजाको भेट मुलाकात भयो। सिन्धुपश्चिमको राज्य लमजुङले चढाए। महाराजले अर्घा र पर्वतको राज्य दिए। "मैले कामकाज गर्दा तिमीले र तिमीले कामकाज गर्दा मैले मद्दत दिई सरदार समेत मानिसहरू पठाउनू।" भनी दोहोरो बलियो घा गरे। वंशराज पाण्डेको र लमजुङे साहेब वीरमर्दन शाहीको मितेरी पनि भयो।

त्यसपछि सरदार भद्र शाही र सरदार विष्णु पन्तलाई दुइ चार सय मानिस साथ दिई लमजुङेसित अर्घा हान्न पठाए। उनीहरूले अर्घा हान्न जाँदा कस्केली-सित ठूलो लडाईं भयो। कस्केलीले जित्दा लमजुङे भागी आफ्ना राज्यमा फर्के। "तिम्रो काम गर्न पठाएथ्यौं अहिले सिद्ध भएन, अब हाम्रो काम गरौं" भनी महा-राजबाट समाचार गयो। अनि एक दुइ सय मानिससमेत साथ दिई सरदार अहिमानलाई सिन्धु हान्न पठाए। "अब नेपाल हान्नालाई हाल हाम्रो खजानाले पनि पुग्ने-छैन। पृष्ठ पनि शुद्ध नहुनाले सो पनि शुद्ध राख्नुपर्छ। अब कस्ता तरहले काम गरे ठीक पर्ला? मानिस नभई काम हुदैन। मानिस भने सबैजसो वरपर लागेका छन्। यिनीहरूलाई झिकाउने पाठ गर्नुपर्‍यो" भन्ने चित्तमा ठहराई काजी कालु पाण्डेले महाराजका हजुरमा गई विन्ति गरे "महाराज, जान, अजान, चूक, अचूक जस्तै भए पनि राजा भएपछि सहन लायकको विराम सहनुपर्छ, सहन लायक नभए सहनु हुँदैन। तदर्थ एकपल्ट बिरायो भनी सदासर्वदा रिसानी गर्नु पनि हुँदैन। विरामैअनु-सारको श्यावासी दिनुपर्छ। राजकाजको प्रपञ्च भनेको जस्तै जान्ने भए पनि एकलाले मात्रै जस्ताको तस्तो हुन सक्दैन। त्रैलोक्यनाथ श्री रामचन्द्र ब्रह्माण्डको सृष्टि, स्थिति र प्रलय गर्न सक्ने शक्तिमान् आफैं भए पनि रावणलाई मार्दा आफ्ना भाइलगायत वानरहरूको सहायता लिन तत्पर भएथे। प्रपञ्च भनेको यस्तो छ। एकलाले मात्रै हुँदैन भनी स्त्रीचरित्रका छलले देखाएकै छ, महाराज जो हुकुम।"

त्यसपछि काजी कहेश्वर पन्त र बलि पन्तलाई बोलाहट भयो। उनीहरूका साथमा लक्ष्मण थापा पनि आए। महाराजको दर्शन गरिसकेपछि लक्ष्मण थापालाई साह्रो, शूरो जस्तो लाग्यो र हामीले ल्याएका छौं "भनी विन्ति गरे।" कस्तो रहेछ, ल्याऊ "भन्ने हुकुम भयो। लक्ष्मण थापालाई ल्याएपछि बातचित हुँदा" कुराले त साह्रो, शूरो होलास् भने जस्तो छल्, पजनी आइरहेछ, बस्" भन्ने हुकुम भयो। त्यो लक्ष्मण थापा कस्तो थियो भने आदमीसित बातनबातमा झगडा गर्ने र बातनबातमा हतियार झिक्ने। बडादसैंमा मुडकट्टा बाँड्दा त्यसलाई छनौटो पर्न गएछ र बाँड्ने जयकृष्ण थापासंग सानासान पर्न गएछ। धेरै शेखी भएको भन्ने महाराजका चित्तमा परेछ। "मकुवाका ब्राह्मण ठाडा छन्, यसको शेखी तिनै झार्नन्" भन्ने ठहराई मकुवाको द्वारे बक्सियो। मकुवाली ब्राह्मणले पनि कुटपिट गरी ढाल तरवार खोसे। साल-तमाम भएपछि बडादसैंमा फेरि मुडकट्टा बाँड्दा छन् छनौटा दिएछन् र जयकृष्ण थापासित शेखीका वार्ता गर्‍यो। "के शेखी गर्छस्, मकुवालीले कुटी ढाल तरवार-खोस्दा के हेरिरहिथिस् पाजी?" भनी जयकृष्णले जवाफ दिए। महाराजले यो कुरा सुनी "तँ त साह्रै मानिस होस्। किन आफ्नै हातको तरवार पनि खोसाइस्?" भन्ने हुकुम भयो। "प्रभुको पेटको बात कसैले बुझिसक्नु रहेनछ। शूरालाई काफर तुल्याउने र काफरलाई शूरो तुल्याउने खूबी प्रभुमा रहेछ। कसैलाई देख्नासाथ शूरो र काफरको परीक्षा गर्नामा कुशल हजुर मात्र हुनुहुँदो रहेछ। बाईसी चौबीसीसित जहाँ जहाँ गएथें साह्रै शूरो ठहरिएको थिएँ। यहाँ गोरखामा त कुकुर स्याल पिटिए झैं पिटिएँ।" यति विन्ति गरी लक्ष्मण थापा बिदा भएर गयो।

महाराज पृथ्वीनारायण शाह काशीबाट फिरेपछि पूर्वतर्फ लडाईं गर्नाका निमित्त धनु, ठोक्रो, काँड, खुँडा, खुकुरी आदि तयार गर्नालाई कालिगड राखी कारखाना चलेको थियो। हातहतियार नहुनेलाई हतियार दिइन्थ्यो। शूरा डबलका मानिस आफ्ना साथमा राखिन्थे। गोरखाका थरघरका घरमा गई दुःखपीर विचार गरेर वैद्य लगाई

Olin DS 493 789 no.



औषधी गराइन्थ्यो। बेखर्चीलाई खर्च दिइन्थ्यो। ठूलो सानो जस्तो काम परेपनि आफैले जाँच गरी तहकीकात गरिन्थ्यो। अरू देशका आदमीलाई पनि शूरा छन् भनी सुनेमा केही युक्ति गरी झिकाइन्थ्यो। गढी, किल्ला, आड, पयाड, खलंगा आदि बनाउनाका निम्ति यस्ता प्रकारले तजबीज गरी गढी बनाउनू, खावा कटाउनू र बस्नू भन्ने सबै कागजमा लेखी काजी, सरदार, उमराउहरूलाई दिइन्थ्यो। त्यसपछि आफ्ना भाइ रणरुद्र शाही, कालु पाण्डेप्रभृति थरघर राखी "नेपाल मार्ने मनसुवालाई पृष्ठ शुद्ध नगरी हुंदैन। तदर्थ लमजुङप्रभृति पश्चिमका राजालाई बुझाउनुपर्छ" भन्ने हुकुम भयो। "बाईसी, चौबीसी र कास्कीको घा लमजुङका शिरमा ल्याउनुपर्छ। किनभने तनहुं, पाल्पा, प्यूठाना, कास्कीका राजाहरू मुखका बाठा र पेटका साधु छन्। तदर्थ लमजुङका शिरमा घा हालिदिएपछि उसलाई वरपर देखाई जुन कुराको दुइ अर्थ लाग्ने हो सोही तरहसित बात गरी काम गरुँला" भनी कालु पाण्डेले विन्ति गरे। महाराजबाट "बेश कुरा तजबीज गर्‍यौ" भन्ने हुकुम भयो।

मानिसहरू घाको निम्ति खटिए। तनहुंमा जाने हरिहर पण्डित, श्री पाध्या कडरिया र सदाशिव पाध्या कटेल भए। लमजुङमा जाने रणरुद्र शाह, लक्ष्मीनारायण पाण्डे र गुणनिधि पन्त भए। पाल्पा जाने मणिकंठ राना भए। कास्की जाने गंगाधर पन्त भए। उनीहरूले सौगात तयार गरी खलतारपत्र लिएर गए। सबै राजाहरूसित गई "हाम्रा राजाको नेपाल मार्नाको मनसुवा भयो र हामीलाई यहाँ पठाउनुभयो। किनभने हामी पाहाडका सबै राजाको चित्त मिलाई एकै घा गरी काम गरे उत्तर दक्षिणमा पनि कमाउँला, नेपाल त सहजै लिउँला। नेपाल मारेपछि त्यहाँको दौलथ जस्तो आज मिलेर काम गरौंला, त्यस्तै साध्य भएपछि पनि बाँडी खाउँला भन्ने हुकुम भएको छ" भनी विन्ति गरे। दैवले ठगिएका बाईसी चौबीसी राजाहरूले गोरखाका वकीललाई थाहा नदिई भित्री संचो आफूसमा सल्लाह गरे। "हुनत नेपाल हाम्रो भांजाभांजी र जुवाइंचेला केही होइन, गोरखालाई मद्दत दिए हुने हो। तर मुख्य नेपालको र भोटको दोस्तानी छ, तदर्थ गोरखाले नेपाल मार्न बडो कठिन छ। कदाचित् मार्‍यो भने पनि भोटले नेपालको सहायता नगरी छोड्नेछैन। भोट उठ्यो भने गोरखाको चिल्लीबिल्ली हुनेछ। तदर्थ गोरखाले भोट सहाय भएको नेपाल खानु त पत्याइसक्नु होइन। गोरखा ढुंगाले दशा बोलाउने मनसुवा गरे। हामीले सम्मति दिनु त मोफतैमा भोट र नेपालसित इतराजी गर्नु हो। यस्तो बात लमजुङका कपालमा हाल्नुपर्छ। गोरखाले नेपाल खायो भने दौलथ दिन्यैछ, दिएन भने सकल राजाहरू मिली गोरखालाई सहजैमा उडाउँला" भन्ने सल्लाह बाँधे। अनि तनहुं, पाल्पा, प्यूठानाप्रभृतिका राजाहरूले कपट राखी गोरखाका वकीलसित आफ्ना वकील जोडी यस विषयको सल्लाह लमजुङ जो भन्छन् सो सदर भने। अनि दुवैतरफका वकील लमजुङमा आए।

त्यसै वेला कालु पाँडेले पनि लमजुङमा सामेल भई विन्ति गरे। "त्यहाँका राजाले अरू राजाहरूको सम्मति विचार गर्दा लमजुङ राजाले जो गर्दछन् हो सहि भनी सबैले हजुरका शिरमा हालेपछि हजुरले धर्म छोड्नु हुँदैन। नेपाल मारेपछि मुख्य भाग हजुरैमा लाग्ला"। "तिमीहरूका बोलको ठेगान छैन। आज बोलेको पछि थाम्यौ भने त बढिया होला, पछि कुरा फेर्‍यौ भने आफू मात्रै बढ्नेछौ" भनी लमजुङ राजाले भने। "पहिले हाम्रातर्फबाट धर्म फालेको कहीं पनि छैन। हजुरैका पुर्खा नरहरि शाहबाट आफ्ना मुमाबाट धर्म गरिबक्सेको फाल्नुभयो, हाम्रा महाराजबाट होइन। अघि जसबाट धर्म गयो गयो। यस पटकमा त म आएको छु, झुट्टा पर्नेछैन। गोरखा र लमजुङ दुई घर भएको मात्रै छ, परिणाम एकै घर हो" भनी कालु पांडेले विन्ति गरे। 'नेपाल मारेपछि दौलथ दिउँला भन्छौ, कति संख्या हो बताऊ र धर्मबन्देजको बन्दोबस्त गरौंला" भनी लमजुङ्गे राजाले भने। "धर्मबन्देजको कागज गरिबक्सियोस् र चौतरिया काजी उहाँ पठाइबक्सियोस्। महाराजका हजुरमा विन्ति गरी यति तिरौंला भन्ने सहि प्रमाण गराई चढाई पठाउँला" भनी पांडेले विन्ति गरे। अनि ती राजाले आफ्ना भाई चौंतरियाका हात बन्देजपत्र लेखी गोरखा जाऊ भनी खटाए। गोरखाली वकीलहरू र लमजुङ्गे चौतरियासमेत गोरखा उत्रे। ती चौतरियाहरूलाई डेराडराडा खटाएर राखी कालु पाण्डे महाराजकहाँ पुगेर सबै हवाल विस्तार गरे। "यहाँबाट वकीलहरू जहाँ जहाँ गएका थिए, त्यहाँ त्यहाँका राजाहरूले जस्तो हाम्रा मनमा थियो दैवको करुणाले उस्तै सकल राजाहरूले लमजुङका शिरमा हाली पठाए। लमजुङले पनि अघि दुइ चार बात ता बेतरहका जस्ता गरेथे, संकुँदा उनी पनि ठेगानामा आए। धर्मबन्देजको कागज लिई चौतरियाहरू आएका छन्। लमजुङ राजाले नेपाल मारेपछि

कति दौलथ देउला भनी भन्दा महाराजमा विन्ति गरी यति भन्ने ठेगाना होला भनी भन्यौ र हाम्रा चौतरिया-लाई लिई जाऊ। पछिसम्म बातको ठेगाना रहने करारपत्र गरी यहाँ पठाऊ भनी मर्जी हुँदा हामीसंग लमजुङ्गे चौतरिया पनि आएका छन्" भनी कालु पाण्डेले विन्ति गरे। महाराजबाट लाख दुइ लाख भन्ने करार-पत्र लेख्ने हो कि कसो गर्ने हो भनी हुकुम भयो। "पहिले शत्रुलाई न्यायका बलले बश गराउनुपर्छ। जब आफ्नो रेख सच्चा भयो बिस्नेस्ता गरी बढी आउने शत्रुलाई तरवार गरी जित्नुपर्छ। तदर्थ जता लगायो उता लाग्ने दोधारे कुरा गरी साँध लगाउनुपर्छ "भनी कालु पाण्डेले विन्ति गरे। अनि महाराजले मनमा विचार गरी "नेपाल मारेपछि लाख बीस दिउँला" भन्ने करार गरूँ र उनी बीस लाख भन्ने ठहराई रहनेछन्, हामीले दिने बखतमा भने एक लाख र बीस रुपियाँ दिउँला भन्ने हुकुम भयो। त्यही बेहोराको करारपत्र लेखी लमजुङ्गे चौतरियालाई भारी मेजमानी गरे। महाराजबाट लमजुङ्गे चौतरियालाई कुरैकुराले खुशी तुल्याए। लमजुङ्गे चौतरियाले धर्मबन्देजको कागज महाराजलाई चढाए। महाराजबाट नेपाल मारेपछि लाख बीस दिउँला भन्ने कागज पाए।

विचार भनेको मौकामा पुऱ्याउनुपर्छ। त्यस वेला लमजुङ्गे चौतरियाले "लाख बीस भनेको कति हो ?" भनी छेडखान गर्नुपर्ने थियो। लमजुङ्गे पेटका साधु हुनाले गर्न सकेनन्, मेजमानीमै भुले। ती चौतरियालाई सम्मान-पूर्वक सरसौगात तयार गरी बिदा गरे। यस कामबाट कालु पाण्डेदेखि अतिखुशी भई महाराजले पीठमा धाप दिए "यस बखतमा खूब काम गरिस्। तेरो बुद्धिलाई धन्य छ, किनभने बाइसी चौबीसीले यस बखतमा हामीले नेपाल मार्छौं भनी घा माग्दा दिने बखत थिएन। उनी-हरूलाई अनेक फन्द लगाएर समन गराई घा बाँधिस्। उनीहरूले घा के दिए आफैं नाशिए। बाइसी चौबीसीलाई सके मेरै पालामा उडाउँला, नभए पनि छोरानातिका पालामा त अवश्य उडाउनन्। म सिसौदिया रजपूत हुँ, लडी भिडी कुनै तरहसंग भए पनि नेपाल लिउँला भन्ने मनसुवा छ। नेपाल मार्नालाई बाईसीले मद्दत दिनन् भन्ने विश्वास थिएन। उनीहरूबाट मद्दत आएको दिन त बडो हर्षको दिन हो। जस्तो नेपाल मारेको दिन हर्ष हुनेछ।" भनी महाराजबाट हुकुम भयो। अनि श्री गुरु गोरखनाथ, श्री काली र श्री मनकामनाको पूजाआजा गरी सकललाई भोज खुवाए। गोरखाका सकल प्रजाहरूले पनि "धन्य हाम्रा महाराजको मेहरमानगी भनी प्रसन्न भए।" "यस्ता विवेकी राजाका काममा चित्त लाएन भने उसलाई मानिस नभन्नू" भनी छोटा बडा सकलले घरघरमा बातचित गर्न लागे।

तिनैताका महोद्दामकीर्ति शाहको र दलमर्दन शाहको विवाह गर्ने बखत भएको हुनाले महोद्दामकीर्ति शाहलाई बाबु इन्द्रजितसिंहकी कन्या र दलमर्दन शाहलाई बाबु शिवदत्तसिंहकी कन्या शुभमुहूर्त हेरी विवाह गरे। त्यसपछि महाराजले "बाईसी चौबीसीले धर्मबन्देज गरे तापनि राजा भएपछि निश्चिन्त भई रहनु हुन्न" भनी जान्ने सिपालु चार मानिस छानी उनीहरूको मनसुवा बुझ्नालाई बाईसी चौबीसीमा र नेपालमा समेत बुझ्दै भित्री संक्षेपले लेख्ने गर्नू भनी चिवा पठाए। उनीहरूले तत्तत् ठाउँमा गई बुझ्दै बराबर लेख्ने गर्थे। यता आफ्ना भाइछोरा र थरघरप्रभृतिलाई धनु हान्ने, बन्दूक हान्ने, फाल हाल्ने, धाइफाल हाल्ने, आली हान्ने र फणितका हातले छेलो हान्ने प्रभृति सकल इलममा अभ्यास गराए।

तिनैताका सत्यधर जोशा अर्ज्याल र सीताराम पण्डितले सल्लाह गरी "विरामअनुसारको दण्डसजाय गर्नालाई मिताक्षरा व्यवहाराध्याय श्रवण गरिबक्सियोस्" भनी महाराजमा विन्ति गरे। "कससंग छ ?" भन्ने हुकुम हुँदा गोरखामा पाइएन र तनहुँबाट मगाई दश आठ श्लोक श्रवण गराए। "यो व्यवहाराध्याय भनी बुझी त्यसमाफिक आफ्नो र बिरानो भन्ने पक्षपात केही नगरेर जस्ताको तस्तो गर्नु बडो कठिन छ। मुख्य त यस कलियुगमा यथोक्तसंग काम गर्ने राजा पाउन कठिन छ, साथै यथोक्त वक्ता पण्डित पाउन पनि कठिन छ। त्यस्तै शास्त्रअनुसार वाजबी बोल्ने सभासद् पाउन पनि कठिन छ। तदर्थ जस्ताको तस्तो गरी दण्डशासना गर्न नसकेदेखि शास्त्र हेरेको फल पनि केही हुँदैन। उसमा पनि मैले त खेलखाल र छलछामले संग्राम गरेर शत्रु हटाई मुलुक साध्य गर्नुपरेको छ। यस मौकामा मैले त्यो हेर्नु ठीक छैन कुन अर्थले भने त्यसमा कहेको हेरेर पनि नगरे ज्यादै पाप लाग्ला। नहेरे त उस्तो पाप लागोइन। जस्तो हेरेर पनि लेखेमाफिक नगर्दा पाप लाग्छ।" भन्ने महा-राजबाट हुकुम भयो। अनि सबैले "बेश हुकुम भयो" भनी विन्ति गरे। त्यसपछि दुनियाँको जानअनजान चुके

lin DS 493 .89 10.2



बिराएको प्रायश्चित्त गर्नालाई महाराजले धर्माधिकारको शिरमा हाले। "**ब्राह्मणको खेल, खसको ढेल, मगरको पेट, कसैले नभेट**" भन्ने यस्ता प्रबन्धका टुक्का महाराजलाई धेरै याद हुनाले ब्राह्मणको खेल गर्न नदिई फर्कै रहे। खसको ढेल पनि फारी फर्कै रहे। मगरको पेट पनि एकै हुन दिंदैनथे। यस्ता प्रबन्धसित राजकाज चलिरहेको थियो।

अब लडाईं तिरको तरखर हुन लाग्यो। श्री ५ महारानीले महाराज र कालु पाण्डेलाई डाकी "नेपालको काम आँट्यौ। आफ्नो बातबेहोरा र आमदानी सबै तिमीलाई थाहै छ। काम गर्न ठूलासित पर्नेछ। देशका मानिसलाई पनि नझिकाई पुग्नेछैन। देशका मानिस बढ्ता खान नपाए आफ्ना राजालाई छोडी आउँदैनन्। उनलाई बढ्ता दियौ भने हामीलाई थोरै भयो भनी कामका वेलामा आफ्ना घरका मानिसले खतडा गर्नन्। तदर्थ आफ्ना मानिसलाई हामी बढ्यौं भने तिमीहरूले न त खानेछौ। अहिले मानिस नझिकाई भएन र यसो गरेको हो भनी राम्ररी बुझाई संमत गरी राख। अनि कामका वेलामा हर्खत होवैन" भन्ने मुमाबाट अर्ती पाए। त्यही अर्तीअनुसार घरघरका थरघर लाटागाँडा सबैलाई डाकेर संझाई बुझाई उनीहरूसंग एकमत गरेर कामको आरम्भ भयो।

तिनै ताका नेपालमा चलेको शासनप्रणाली जस्तो गराऊं भन्यो उस्तो गराउन सक्ने प्रपञ्चमा बहुतै कुशल भएका तथा राजा जयप्रकाशबाट उमराउहरूको पजनी गर्ने अख्तियारी समेत पाएका काशीराम, परशुराम थापाहरूसित महाराजको र कालु पाण्डेको अघिदेखि चिठी आवतजावत हुन्थ्यो। यो कुरा राजा जयप्रतापले थाहा पाउँदा "खेलाहा" भनी नगरकोटीका हातबाट निज काशीराम थापालाई मराए। परशुराम थापा केही दिन भादगाउँले राजाका पीछा गरी बसे। जयप्रकाश मल्ल ज्यादा रिसाहा भएकोले बेनिसाफैमा दुनियाँलाई दुःख दिएका प्रभावले उनकी रानी र मन्त्रीहरूका संमत र खेलले छोरा ज्योतिप्रकाशलाई गादीमा राखे। जयप्रकाश पनि केही दिन आफूले भित्रिनी राखेका साँखुले मैजूका माइत र केही दिन अरू अरू ठाउँमा लुके। आखिर भादगाउँका कुनै सन्यासीका उपदेशले योगीको स्वरूप लिई दिनमा गाँजा अफिम खाने र रात्रीमा श्री गुह्येश्वरीका मन्दिरभित्र पसी जप गर्दै छ महीना बिताए।

एक दिन ऊर्ध्वदृष्टि गरी जप गर्न लागेका अवस्थामा श्री गुह्येश्वरीका कुण्डदेखि पहिले कबुजा र त्यसपछि खड्ग निस्कँदा मल्लले खड्ग समातेनन्। केही बेरपछि ईश्वरीले पाँच वर्षकी योगिनी कन्याका स्वरूपले खड्ग राजाका हातमा दिई "दरबारमा जाऊ, तिम्रा शत्रु सकल वश हुनेछन्" भन्ने वर दिइन्। जयप्रकाशले खड्ग हातमा लिएपछि योगिनी अन्तर्धान भइन्। त्यो खड्ग लिई जयप्रकाशले सकल शत्रु नाश गरी फेरि राजकाज गरे। उनले आफ्ना देशका भारदारहरूको विश्वास नमानी नगरकोटी नागाहरूका भरमा परेर आफ्ना देशका मानिसलाई केही खत लगाई महाकालका स्थानमा लगी मार्ने काट्ने, महाजनहरूलाई बातनपीच्छे बात लगाई दण्ड गर्ने, व्यर्थै सर्वस्व हरण गर्नेसमेत गरे। यस्तो गर्दा धेरै प्राणीहरू विरक्त भई देश छाडी गए। पाटने काजीका मद्दतले परशुराम थापालाई भादगाउँका राजासित पीछा पारी राखेको छ भन्ने थाहा पाउँदा जयप्रकाश उनीहरूसंग बहुतै रिसाए। अब यिनका भरले मेरो जीउ रहनेछैन भनी परशुराम थापा आत्तिएका अवस्थामा चोभार गणेशका मन्दिरको प्रतिष्ठामा राजा जयप्रकाश मल्लले तुच्छ गरी पाटनका कोटमा आगो लगाइदिए र त्यहाँका काजीहरूलाई जिस्क्याएका प्रभावले ती काजीहरूले सल्लाह गरी परशुराम थापालाई चिठी लेखेर गोरखा पठाए।

महाराज पृथ्वीनारायण शाहले नेपालको बडो मानिस हो भनी बसउठ गरेर टाढै पदालीथोकमा डेराडण्डा दिई केही दिन राखे। अनि उहीं गई कुशल प्रश्न गर्दा परशुराम थापाले आफ्नो अभिप्राय बिलकुल विस्तार गरे। अनि महाराजबाट "तिमीहरू त नेपालका जडै मानिस हौ, उहाँबाट दिक्क भए छैं गरी किन आयौ? तिम्रो निर्मल चित्त हो वा कस्तो डबल हो? साँचो बात गर, अनि काम बन्ला" भन्ने हुकुम भयो। "म शुद्ध भई हजुरका शरणमा आएको हुँ, सन्देह नलिइबक्सियोस्" भनी उनले विन्ति गरे र आफ्नो अभिप्राय जस्ताको तस्तो खोले। त्यो दिन त्यत्तिकैमा बित्यो। पछि सदाशिव पाध्या कटेल र काजी कालु पाँडेबाहेक अरू सब बसउठ गर्न गए। महाराजबाट कालु पाँडेलाई "तँ उठवस गर्न किन गइनस्?" भन्ने हुकुम भयो। उनले आफूले बुझेसम्मको कुरा विन्ति गरे "नेपालमा प्रपंच मच्चाई सकल राजाहरूलाई खलबल्याएर पुगेन भनी राजा जयप्रकाश मल्लको

छल देखाई गोरखा उठाएर उनलाई काबू गरूं भनी यहाँ आएको हो। परिपंची कस्ता हुन्छन् भने आफ्नो कार्य सिद्ध गर्नामा मात्रै तत्पर भएका हुन्छन्। यी थापा कस्ता हुन् भने एक हातमा रोटी र अर्को हातमा लट्ठी लिएका। रोटी लिएको हात देखाई लठ्ठी लिएको हात लुकाई राख्ने। जब रोटी लिन गयो लट्ठी लिएको हात निकाली मार्ने। तदर्थ यस्ताका हातको लट्ठी खोसी लिएपछि रोटी सहजैमा आफ्नो हुन्छ। राजा भएपछि सकल बातमा निपुण हुनुपर्छ। परिपंचेको प्यारो कोही हुँदैन। नपरी चेत्ने देवता र परी चेत्ने मनुष्य तथा परी पनि नचेत्ने पशु भनी बडा बडा जान्नेहरूले भन्दछन्। सकल बातमा कुशल हजुर आफैं हुनुहुन्छ, उससित बात गर्दा बडो बचाउ राखिबक्सनुहोला। दुष्ट कुराको मन्त्रणा गर्नमा यिनलाई उछिन्न कोही पनि सक्दैनन्।" महाराजबाट "तैंले भनेको यथायोग्य हो। परिपंचेलाई परिपंचेले र तरवारियालाई तरवारैले हटाउँला अनि मेरो मनोरथ पूर्ण होला। बसउठ नगरेको अर्थका हकमा चित्त बुझाई गरिस्, म पनि तेरो सम्मति लिई बचाउ राखेर बसउठ गरूंला" भन्ने हुकुम भयो।

त्यसपछि सदाशिव पाध्यालाई पनि "तिमी किन गएनौ?" भन्ने हुकुम हुँदा उनले "सरकारले उठबस गरिसकेपछि हाम्रो के हिसाब रह्यो र? यी थापा निमकहराम हुन्। यिनको मुख पनि हेर्नु छैन। किनभने सत्कर्ममा प्रवृत्त भएको सोझो सेवक मन्त्री भए आफ्नो देशको खेलखाल तोडी अर्काको देशमा खेल पाछर्न्। यी परिपंची त आफ्नो देश पनि बिगार्ने र अर्काको देश पनि नराख्ने हुन्। आफ्नो देशको माया नराखी बिगार्नेसित के बसउठ गरूं भनी नगरेको हो। यी कस्ता हुन् भने पुगि-न्जेलसम्म वैरीको डर देखाई राजालाई हात लिएर काम गर्ने र डर देखाउँदा काम पुगेन भने वैरी उठाई ल्याउने तथा राजाको मुलुक सप्रोस्, बिग्रोस् केही विचार नराख्ने हुन्। यस परशुरामको मनसुवा कस्तो छ भने हजुरलाई यहाँबाट उठाई नवकोटमा निशाना गढाउने। अनि जय-प्रकाशलाई कायल गरी फेरि गोरखा दाखिल गराउने छ। यिनको मतलब यस्तै छ तापनि हजुरलाई श्री देवताको वरदान भएको छ। नुवाकोट फत्य भएपछि हजुरको मोहडा फिर्नेछैन भने जस्तो हाम्रा चित्तमा लाग्छ। हामीलाई उठाउन आएका त बढियै चिन्तना गरी आएका हुन्। उनले भने जस्तो मानी ती थापैका भरमा मात्र नपरिबक्सियोस्' भनी सरदार सदाशिव पाध्याले विन्ति गरे। अनि महाराजबाट "राजाले सबसित उठबस गर्नुपर्छ। त्यसो नगरे मानिसका बुद्धिको विचार हुँदैन। यी यस्ता खेली परिपंचे हुन् भन्ने मलाई थाहा छ। यिनको परिपंच यिनैका कपालमा हाली काम गरौंला भन्ने ठान्छु। दैवले मेरो आयुर्दा कहाँसम्म दिएको छ, यस कुराको मात्र सन्देह छ। तिमीले बेश कुरा गऱ्यौ। म जस्तासंग यस्तै व्यवहार गर्नेछु। यो कुरा बाहिर प्रकाश नगरे" भन्ने हुकुम भयो।

केही दिनपछि परशुरामसित बसउठ गरेर धेरै निखारी "अहिले तिमी गर्ज भई आए जस्तो मान्छु। आफ्नो गर्ज फुकेपछि बेगर्जी भई दंगा गरौला नि भने जस्तो लाग्छ। तसर्थ तिम्रो र हाम्रो धर्मपत्र नगरी दुवैको चित्त भरिनेछैन। अघिका बडाबडा जान्ने सत्पुरुषहरूले पनि धर्मबन्देजसंग घाको बन्दोबस्त गरी राजाले राजैसित मिली राजकाज चलाई आएको रहेछ। आफूले गरेको धर्म थामी देवता र पितृहरू संझेर अवश्य मर्नुपर्छ भन्ने देखी आफूले गरेको कार्य प्रतिपालना गर" भन्ने महाराज-बाट हुकुम भयो। "हजुरबाट जो हुकुम भयो, त्यो योग्य हो। तर सामर्थ्यवाला राजा जब पैदा हुन्छन् उस्ता राजासित देश देशदेखि बहुतै राजा र प्रजाहरू आउँछन्। तिनमा कुनै छिद्र लिने हुन्छन्, कुनै आफ्नो छिद्र दिने हुन्छन्, कुनै आफ्ना भरोसामा आएका हुन्छन्, कुनै भने खेद पार्न आएका हुन्छन्। यस्ता प्रकारसित बहुत तरहका मानिस आउने गर्छन्। महाराज, विचार गरिबक्सियोस्, अर्काले खुवाई राज्य खान सकिंदैन, आफ्नै वीरता, प्रताप, बुद्धि, पराक्रम आदिले मात्रै राज्य भोग गर्न पाइन्छ। हामीले गरेको जुन कबूल हो त्यो तन मन दिई बेहोरा-उन्यैछौं। हजुरको ढंग नपुगी उम्काए हाम्रो के लाग्छ? गर्जी र बेगर्जी दुइ प्रकारका हुन्छन् गर्जीका अर्थलाई गर्जीको गर्ज पुऱ्याउन सकिन्यैछ। बेगर्जीका हकमा बेगर्जीलाई गर्जी तुल्याउन नसके पनि राजाको महिमा रहँदैन। तदर्थ म गर्जी भई आएको छु। हजुरबाट साँचै हुकुम भयो। नेपालमा थापाले यस्तो अंगीकार गऱ्यो भनी उसै भरोसामा नरहिबक्सेला। आफ्नो जस्ता प्रकारले सप्रन्छ, त्यही किसिमको तजवीज गरिबक्सियोस्। नेपालमा थापा यस्ता प्रपंची छन् भन्ने सब कोहीलाई थाहै छ। हामी कस्तो काम गर्छौं भने सर्प पनि नमरोस्, लट्ठी पनि नभाँचियोस्। हामी यस्ता तरहसित स्वार्थको पालना गर्छौं। धर्मपत्र गर भनी हुकुम भएको बेश हो। धर्मपत्र भनेको दोहोरो

lin
)S
93
89
).2



बुझ्छ, एकोहोरो हुँदैन" भनी परशुराम थापाले विन्ति गरे । अनि महाराजबाट "तिमीले गरेको कुरा योग्य हो । सुन्दामा त सबैको चित्त बुझ्ने, तर आफ्नो अभिप्राय कसैले थाह नपाउने यस्तो जता लगायो उतै लाग्ने बात गर्‍यौ तापनि तिम्रो प्रबन्ध मैले बुझें । नबुझेको जति पछि कामबाटै थाह हुनेछ" भन्ने हुकुम भयो । त्यसपछि परशुराम थापाले धर्मपत्र लेखी चढाए । अनि महाराजबाट बिदा बक्सिदा नेपाल फर्के ।

अब नेपाल मार्नाको उद्योगमा तरखर हुन लाग्यो । पहिले सत्कर्म नगरी गरेको कुनै काम पनि सिद्ध हुँदैन भन्ने विचारले नेपाल फत्य होओस् भन्ने कामना गरी श्री गुरु गोरखनाथ, श्री काली र श्री मनकामनाहरूको यथाविधिले पूजा गरी पुरश्चर्या गर्न लगाइयो । यता लडाईंका सामग्रीहरूमा धना, ठोक्रा, कांड, तरवार, खुंडा, खुकुरी, बर्छा र केही बन्दूकलगायत खरखजाना तयार भए । लडाईंमा खानाको दु:ख होला भनी ब्राह्मण, खस, मगर, नेवार र महाजनहरू तसल्ल गरी खर्च पनि तयार भयो । त्यसपछि ज्योतिर्विद् कुलानन्द ढकाललाई बोलाई "अब चाँडैनै पूर्वतर्फ समरका निम्ति प्रस्थानलाई तिमीले शुभ साइत हेर्नु पर्‍यो । के अर्थले भने तिम्रो वाक्य सिद्ध हुन्छ भनी सबै यशगान गर्दछन् । तिमीले हेरेका साइतले नेपाल फत्य भयो भने तिम्रो दिल बहाल हुने गरी थूम बिर्ता बक्सौंला" भन्ने हुकुम भयो ।"मैले जाने बुझेसम्म खूब विचार गरी साइत हेर्छु" भनी कुरानन्दले साइत हेरे । महाराजले भाइछोरा, थरघरप्रभृतिलाई पश्चिमका मोहडा लिगलिग, लकाङ, भीरकोटमा कुनै उमराउको बन्दोबस्त गरी पृष्ठरक्षा निमित्त राखे ।

**गोरखा दरबारको कुरुवामा रहने :-** काजी रुद्र शाही, काजी महेश्वर पन्त, चतुर्भुज पन्त, गोविन्द जोशी अर्ज्याल, लक्ष्मीपति पन्त, गंगाराम पांडे र कालु राना ग्याङमी प्रमुख भए । त्यहाँका पन्ध्र सोह्र वर्षउँभोका, हानमार र कुदफदमा निपुण भएका, धाङधपेट गर्न सक्ने, नीरोगी, बलिया, शूरा, निमकदार, सकल वार्तामा खबरदारी भएका, आफूले जाँच गर्दा लायक ठहरिएका वीरहरू महाराजका साथमा रहने भए । महाराजले साथ लिएका आफ्ना भाइछोरा, थरघर, भारादार, पञ्च उमराउलगायत चार वर्ण छत्तीसै जातले संयुक्त भएको लश्करले कुलानन्दले हेरेका साइतमा वेदध्वनि, दीपगणेशपूजा र मंगलोत्सव गरी पूर्व मोडमा गरी शुभयात्रा गर्‍यो । प्रस्थान भएपछि बाटामा दहि, कदली, फल आदि लिएका ब्राह्मण, कराउँदै आएकी सवत्सा गाई, पूर्णकुंभ, फलफूल लिएका सुन्दरी कन्या, रोदनरहित भएको मुर्दा आदि शकुन देखिए । यसबाट महाराज अतिहर्ष भई कुलानन्द ढकाल अति जान्ने रहेछन् भन्ने प्रतीतमा परे । लश्कर जाँदा जाँदा गिम्चेतमा पुगेपछि थर्पु पर्‍यो ।

यहाँ भलादमी को को रहेछन् भन्ने विचार गर्दा कल्याण पाध्या रिमालले भारी तवरसित मेजमानी चढाए । उनलाई अतितालीवर ठानी यस बखत यस्तासंग मैले स्नेह गर्नु बहुतै योग्य छ भन्ने विचार गरी महाराजबाट दोस्तानी बाँधियो । त्यहाँ रही आफ्ना मुलुकमा खेत बिह्लाउँछन्, सयल गर्छन् भन्ने भानले लडाईंको ताकिता भयो । कुलानन्द जोसीले महामण्डलमा कीलो गाड्ने साइत हेरे । तर वैरीका डरले जाने मानिस कोही भएनन् । त्यसै वेला कालु जैसी अधिकारीले "म जान्छु । साइतको कागत र कीलो मेरा हातमा बक्सियोस् । त्यति मात्र होइन मेरा मुखमा कलो पनि घसेर पठाउनुहोओस् । हजुरलाई गाली गर्दै र वैरीलाई प्रतीत पार्दै म पारि तरेर साइतमा कीलो गाडी आउँला" भनी विन्ति गरे । महाराजबाट त्यसै गरी पठाउँदा महाराजलाई गाली गर्दै पारि तरेर जाँदा वैरीले आदरपूर्वक डेराडण्डा दिई राखे । साइतको वेला हुन लागेपछि कालु जैसीले दिसा गर्ने छल गरी महामण्डलमा पुगेर ठीक साइतमा कीलो गाडे । अनि दिनभर वैरीसित बसी उसको चर्चा बुझी अर्धरात्री भएपछि गण्डकीमा पौडी खेली वारि उत्रे । अनि महाराजकहाँ हाजिर भई सबै कुरा विन्ति गरे । यसबाट महाराज ज्यादै खुशी हुँदा कालु जैसी अधिकारीले ढाडखर्क भन्ने जग्गा बिर्ता पाए । अनि कुलानन्द जोसीलाई डाकी नवकोट हान्नाका निम्ति साइत हेराइयो ।

**अब श्री ५ महाराज पृथ्वीनारायण शाहसंग नेपाल हान्न जाने मुख्य भारदारहरू यी थिए:-**"चौतरिया कीर्तिमहोद्दामशाह, चौतरिया दलजित शाह, चौतरिया दलमर्दन शाह, चौतरिया वीरबहादुर शाह, चौतरिया जीव शाह, चौतरिया जागीर शाह, काजी सुरप्रताप शाह, काजी कालु पाण्डे, तुलाराम पाण्डे, वंशराम पाण्डे, जगजित पाण्डे, रणशूर पाण्डे, दामोदर पाण्डे, रणजित पाण्डे, वृजवासी पाण्डे, काजी श्री हर्ष पन्त, वीरभद्र पन्त, बक्सी नाहरसिंह बस्नेत, केहेरसिंह बस्नेत, बक्सी अभिमानसिंह बस्नेत, बक्सी धोकलसिंह बस्नेत, ज्योतिषी कुलानन्द ढकाल, सरदार

चन्द्रप्रकाश शाह, भद्र शाह, सरदार लक्ष्मीनारायण पाण्डे, सरदार नन्दु पन्त, विसु पन्त, बीस बाईस जगामा घा गर्ने सरदार कालु पाण्डे, खरिदार बालकृष्ण जोशी, खजांची भानु जोशी अर्जेल, गौरुं गंगाधर पन्त, गौरुं रामदास पन्त, गौरुं चामु पाण्डे, गौरुं धनंजय पाध्या, गौरुं नयनानन्द खनाल, गौरुं हरिदत्त ढकाल, गौरुं लक्ष्मीनारायण पण्डित, गौरुं विश्वेश्वर पाध्या, नजीकी देबु राना, नजीकी प्रतिमन राना, नजीकी बलभद्र राना, नजीकी धरणीधर पन्त, नजीकी बांगे बस्नेत, नजीकी दुर्लभ खत्री, नजीकी रणवीर पाण्डे, नजीकी विराज बखेती, जेठाबूढा अम्बरसिंह थापा, जेठाबूढा रामकृष्ण कुवर, जेठाबूढा जगजित पाण्डे जेठाबूढा बीरभद्र पाध्या सापकोटा यी थरघर उमराउ र फौजहरू भई नेपाल हान्न गएका हुन् । खटाएका जगाजगामा मार्ने, भर्ने, हान्ने, हानिने र थाप्ने यिनै हुन् । नवकोट हान्न जाँदा **पृष्ठशुद्धिलाई गोरखामा थामिएका:–** काजी महेश्वर पन्त र काजी रुद्र शाह थिए । श्री ५ महाराजको सवारीमा मुख्य मुख्य भारदारहरू र थरघर उमराउहरू पाउरखवारीमा थिए ।

श्री शाके १६६६ साल नवरात्र द्वितीयाका दिन घडी थाप्ने वेलामा महाराजबाट श्री गुरु गोरखानाथको दर्शन गरी बहुतै मनले मनसुवा पूर्ति गर्नालाई श्री शाके १६६६ साल आश्विनका १५ दिन जाँदा शनिबारका रात्रीमा तर्ने साइत परेको थियो । "यस साइतका प्रभावले हजुरको लश्कर तर्दा हजुरका डुंगामा कपूरकदले माछो पर्ला । सो पर्‍यो भने लडाईं गर्दा नवकोट सर भयो भन्ने सम्झिबक्सेला "भनी ज्योतिषीले विन्ति गरेका थिए । त्यस साइतमा लश्कर तार्नालाई त्रिशूलगंगाको सांगु बिग्रेको रहेछ । बनाऔं भने अघेरै वैरी चम्की आफ्नो लश्कर धेरै जम्मा गर्छ । अब त्रिशूलगंगा कस्ता तरहले तर्ने हो भनी विचार गर्दा त्यहाँ जलेवा माझी सबै माझीमा मुख्य रहेछ र त्यसैलाई हुकुम भयो । त्यसले रातैमा डुंगा काटी तयार गरेर वनबाट त्याई वैरीले थाहा नपाउने गरी राख्यो ।

त्यसै बखत महाराजका हजुरमा दलमर्दन शाहले "म पनि लडाईं गर्न जान्छु" भनी विन्ति गरे । "तिमी बालक छौ अहिले जानु पर्दैन । जहिले समर्थ होउला, उहिले जाउला । तिमीहरूले लडाईं नगरे को गर्ला ? मुख्य भरोसा त तिमीहरूकै राखेको छु" भन्ने हुकुम भयो । उनले फेरि विन्ति गरे "रजपूतको बच्चा र बाघको बच्चा सानो हुँदैन । हजुरका साथसा गई लडाईं गरेर किस्मत नगरे कुन बखतमा कसलाई किस्मत देखाउँला ? । फेरी पनि "तिमीले जानुपर्दैन" भनी महाराजबाट रोक्दा थामिए । अनि दलमर्दन शाहले मनमा विचार गरे "पहिले महाराज उसमा पनि दाज्यू, सब बातले मान्नुपर्ने हुनाले अब जिद्दी गरेर भएन । जान त भागी छली पनि यस लडाईंमा नगई छाड्दिन" भन्ने मनले इदमित्थम् गरे र त्यस वेला चूप लागे । लश्कर तर्ने बखत भएपछि कालु पाण्डेले **मुख्य मुख्य मानिसहरूको नाममाभेती लेखी महाराजमा चढाए र हाजिर पनि गराए:–** श्री महोद्दामकीर्ति शाह, जहाँगीर शाह, विष्णु शाह, तुला शाह, चन्द्रप्रकाश शाह, भद्र शाह, सुन्दर शाह, अजिल्ल शाह, वीरबाहु शाह, वेणुधर शाह, काजी कालु पाण्डे, तुलाराम पाण्डे, यशकर्ण पाण्डे, लक्ष्मीनारायण पाण्डे, मणिराम पाण्डे, बलि पन्त, नित्यानन्द पन्त, हरिहर पन्त, शक्तिवल्लभ अर्ज्याल, यज्ञेश्वर अर्ज्याल, शिरोमणि मिश्र, राजीवलोचन पण्डित, चन्द्रचूड पण्डित, नरकेशर थापा ग्रांजी, कृष्णमणि राना बुसाल, जस राना, देबु राना ग्यांमी, जसवन्त राना, दुर्लभ खत्री धिमेरे, जवा बानियाँ, इत्या बानियाँ, विराज बखेती, चामु खत्री, करबीर खत्री बळा, जसकर्ण बोहरा, चामु रोकाया, शिवराम बस्नेत, जयकृष्ण थापा. सोठे बनुवा थापा, मुठे थापा, नन्दु पाध्या कडरिया, बुद्धि पाध्या कडरिया, बलिराज रोकाया, बीरभद्र थापा बगाले, जागेश्वर, रणजय खत्री, सनुवा लोहनी, रमापति पाण्डे, अंगद द्वारे, दल बादल, चैलाराम, सेते, हरिचन्द्र पाध्या खनाल, शिवानन्द पाध्या कोइराला, देवशर्म पाध्या कडेल, वीरभद्र बस्नेत खप्तरी, लक्ष्मी राना असलामी, जसु राना, अर्घुले माधव राना, अर्घुले नरवीर आले धोकछी, शक्रजित थापा मास्के, इन्द्रमणि राना मास्के, रामसिंह राना बुसाल, महेश्वर जोशी वैद्य, जगन्नाथ भट्टराई, रामकृष्ण जोशी अर्ज्याल, प्रतिमन अधिकारी, बांगे खत्री, तार्कुले जैशी राना, प्रतिमन राना, दलजित राना, लोहर राना, यशमान राना, सुगेत राना, छायो साने राना, चन्द्रमनि राना बुसाल, ग्यालाई, परशुराम थापा, रुद्रदेव थापा, पुलामी, परशुराम राना, रत्नमणि राना, प्रतिराम राना ग्याङ्मी, चामु राना, उमापति राना, लाय खत्री, भीमसेन बखेती, परमाण माझी, गंगाधर गोसाईं, कालु बखेती यति अहिले हाजिर भइसकेका छन् र अरू मानिसहरू आउँदैछन् । साइत हुने वेलासम्म सबै सामेल हुनेछन्" भनी पाँडेले विन्ति गरे ।

त्यसै वेला महाराजबाट "आआफ्ना हातहतियार लिई तयार होऊ" भन्ने हुकुम भयो । अनि सब जनाले

Olin
DS
493
789
no. 2



आआफ्ना हातहतियार धना, ठोक्रा, काँड, खुँडा, खुकुरी, ढाल, तरवार, बर्छा आदि लिई तयार भएर हाजिर भए। त्यसपछि महाराजबाट कालु पाँडेलाई भाईछोरा, थरधर, भारदार र उभराउ गैह्रले यस्ता यस्ता डबलसित यस यस मोहडाबाट यस यसले जानू भनी चाँजो मिलाऊ भन्ने हुकुम भयो। "श्री चौतरिया महोद्दामकीर्ति शाह, सरदार चन्द्रप्रकाश शाह, मुरलीधर शाह, मणिराम पाँडे, विसु पन्त, नन्दु पन्त, शक्तिवल्लभ अर्ज्याल, चक्रपाणि अर्ज्याल, बुद्धि पाध्या कडरिया, जसकर्ण बोहरा, चामु रोकाया, वीरभद्र पाध्या, रणजय खत्री, चामु खत्री वक्ता, मूढे थापा, जसकर्ण पाँडे, रमापति पाँडे, चामु बस्नेत, दुर्लभ खत्री, रणे बानियाँ, भीमसेन बखेती, प्रतिमन शाही, कालु बखेती, परशुराम आले, त्रोक छाकी, मानसिं आले, गणेश आले, अचल थापा ग्रांजा र पहाड राना भाकी तिमीहरू यतिले धर्मपानीको बाटो जानू। बलभद्र शाह, अजिल्ल शाह, रमाराम पण्डित, काजी कालु पाँडे, बलि पन्त, तुलाराम पाँडे, नित्यानन्द पन्त, यज्ञेश्वर अर्ज्याल, विराज बखेती, बलिराज रोकाया, जया बानियाँ, प्रतिमन कधिकारी, वीरभद्र बस्नेत, माधु राना, जसु राना अधौंले, नरवीर आले, त्रोक छाकी, शक्रजित थापा मास्की, इन्द्रमणि राना मास्की, रामसिंह राना बुसाल, जसीवन्त राना ग्रांमी, देवशर्म पाध्या कडेल, सानु राना, पठान राना तार्कुले, शिरै राना, करवीर राना, नीलकण्ठ पाध्या मास्की, शतराम थापा, लामी द्वारे र रुद्रमणि राना क्यरी यति तिमीहरूले अशोकबारीको बाटो गई हान्नू। जहांगीर शाह, वीरबाहु शाह, शिरोमणि मिश्र, नारायण पण्डित, सरदार लक्ष्मीनारायण पांडे, हरिहर पन्त, गंगाधर पन्त, देबु राना ग्याङ्मी, बरु खत्री वक्ता, शिवानन्द पाध्या कोइराला, वीरभद्र बस्नेत खप्तरी, सतुवा लोहनी, जागेश्वर बोहरा, जैसी राना तार्कुले, प्रतिमन राना, ज्यमिरे थापा कारी, लछिमन राना, असनामिनहा आले, इन्द्रमणि राना मास्की, सन्दी थापा कारी, ह्याचल थापा रखाल, दले थापा रखाल, देउ राना बुसाल र अनन्त थापा सिजाली यतिले गेर्खुको बाटो जानू। लड्दामा आपना पितापुरुखाको नाम संझेर खवामिदका निमकको धर्म राखी काम गर्नू किनभने लडाईं भनेको कस्तो भने आफू मरियो भने धन्य कहलाई स्वर्ग पाइने र जितियो भने यशकीर्ति र ऐश्वर्य पाइने हो। यस्तो जानी वीरपुरुषका सन्तानले चित्तमा शूरता चढानुपर्छ।" भनी मोहडामा खटिएका सबै लश्करलाई हुकुम भयो। यसरी चारैतर्फ फर्कंदै लडाईं गर्ने तरीकाको बारेमा हुकुम भयो "तरवार हान्ने वेलामा घोष पारी जय काली! जय मनकामना! जय श्री गुरु गोरखनाथ!" भनी नाम पुकार्नू।

**महाराजको सवारीसाथ तोनधारेको बाटो जाने यी थिए :–** विष्णु शाह, वेणुधर शाह, विश्वनाथ मिश्र, राजीवलोचन पण्डित जोसी, कुलानन्द ढकाल, महेश्वर जोसी वैद्य, रामकृष्ण जोशी अर्ज्याल, भानु जोशी अर्ज्याल, नरकेश थापा ग्रांजी, कृष्णमनि राना बुसाल, शिवराम बस्नेत, जगन्नाथ भट्टराई, हरिचरण पाध्या खंदाल, नन्दु पाध्या कडरिया, जयकृष्ण थापा, सोठे ननुवा थापा, वसु राना, दलजित राना, लोहार राना, जसवन्त राना, सुगे राना, सानु राना, चन्द्रमणि राना बुसाल, प्रश्ना गेलाड, रूपदेउ थापा पुलामी, रत्नमणि राना, परशुराम राना, जगन्मणि राना, पतिराम राना थाङमी, चामु राना, उमापति राना, लाटो खत्री, भीमसेन बखेती, बांगे खत्री, बहाबल राना, भिकारी राना नार्कुले, अहिकर्ण थापा साऊ, महीकर्ण थापा साऊ, जगबल थापा साऊ, धोके राना, रुद्रेश्वर जोशी, दलबादल द्वारे, भडाल द्वारे, अंगद खवास, टुरे खवास, नयनाराम खवास, गर्जमनि खवास, श्रीधर खवास, सरस राई भाट, रघुनाथ राई भाट र बिसे नगर्चीलगायत गैह्र बानादार दमाई तथा मणिराम गाइनेसमेत लडाईंमा चाहिने तमाम लश्कर तम्तयार थिए।

श्री ५ महाराजका साथमा जाने र अरू बाटाबाट जाने मानिसहरूको खटन भइसकेपछि "लडाईं हुने साइत आजैको रात्रीमा छ, खटनपटन र चाँजोपाँजो मिलाई होशियारीसंग रहनू" भन्ने हुकुम हुँदा कालु पाँडेले सोहीअनुसार तयार भइरहने उर्दी फिराए। अनि आआफ्ना हातहतियार लिई सबै लश्कर महाराजका हजुरमा सामेल भए। जलेवा माझीले डुंगा घाटमा ल्याई तयार गरी राखे। प्रकाश शाह, अटल शाही, शिवनिधि पन्त, हरिहर जोशी अर्ज्याल र विश्वेश्वर जोशी अर्ज्याल आदि गरेका ४५ जना मानिस पछि आई सामेल भए।

क्रमशः

# ऐतिहासिक पत्रस्तम्भ

श्री दुर्गा

१

स्वस्ति श्री महाराजाधिराज श्री श्री वीरभद्रहा देवनाम् सदा समर विजयानाम् श्री श्री महारानी खुशी हुँदा के दिन दाजेजिया पद तोडी मजगैयाँ पद राखी मजगाउँ विर्ता पायौ। साछी चौतऱ्या रतं शाही, साछी सरदार रुद्रराज साछी अचार्ज हर्दास साछी सतसई तीस। संवत् १८४७ साल वैशाख वदी २ रोज मोकाम वासवाडी (ढी) शुभम्।

स्वस्ति श्री मन्महाराजकस्य रुक्का— — — —

आगे हाम्रा भरमुलुकका रजपुतके रैकर जग्गामा जस जसका अम्बलमा बसेका छौं तिमी वस्याको र तिम्रा खानखवास वस्याका घरवारी नखोस्नु। तिम्रा खान-खवास घरीयाकरीया केटाकेटीसमेत अमाली (जिमीदार) को लाग्ने रकम छारा ठेकी हुलाक साउन्या फागु ओलक सेर्मा सिसार माफ गरिबक्स्यौं। हामीलाई मिलन्या रकम-कलम जो हो निमक संझी मान्नु। हाम्रो मुलुक जाँदा हाजीर हुनु। अघि मुलुक मार्दा सरकारमा लागेको र भारादारले उठाएको वाहेक हल वहल लहना जग्गा दाकरिया चाकर वाकर जो छन् फोडबक्स्यौं आफ्ना खातीरजामासित खोजी भोग गर। इतिसंवत् १८५७ साल मिति माघ सुदी ५ रोज २ लुभम्—

श्री ईश्वरी सहाय

| |
|---|
| श्री कुल (प्र) |
| साद सुत |
| श्री रणधी भीम शाह |

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का — —

आगे मजगैयाँ प्रति उप्रान्त जहदा गाउको सीकरारी तिमीबाट असी रुपैयाँका वाँधा सहदेउ भंडारीथाइं-विक्याको रहेछ सहदेऊ भंडारीका वापतमा सरकार लाग्याको हो अब र साठी रुपैयाँ तिम्रो उठाउनाको मजुरा बक्स्यौं देवदत्त रजोन्याका उठाउना रुपैयाँ बीस भरिदेउ जम्मा ८० रुपैयाँ दाखिल भया जहदा गाउँको सिकरारी धो (फो) इबक्स्यौं आफ्नो जानी चलन गर इति संवत् १८५८ साल भाद्र वदी रोज ७ मुकाम सल्याना राजधानी शुभम् भुयात् — — — — —

श्री दुर्गा

स्वस्ति श्री मन्महाराजधिराजकस्य रुक्का— — —

आगे छिल्ली प्रगन्नामा जान्या आउन्या तिलंगा ढलेत छतिसै जात गैह्रप्रति हाम्रा काम खर्चजानावाहेक जसले हुलाक वेगारीको जिमीदार रैयतलाई टंटा लागला अपसारी होला जिमीदार रैयतहरूले पनि हाम्रो खर्चजाना वाहेक अरूका भारी नवोक इतिसंवत् १८६६ साल मिति भाद्र सुदी ३ रोज ३ शुभम्— — — —

पुरातत्व विभागका निर्देशक श्री रमेशजंग थापाले २०१९ सालमा दाङ्ग देउखुरी क्षेत्रको पुरातात्विक अन्वेषण गर्दा फेला परेका ऐतिहासिक पत्रहरू। सं.

श्री रुद्र
वीर शाह

मजगैया सुदेराम पाध्याको दाँगको वीर्ता कमौंतीको पानफुल मध्ये तपसीलबमोजिम १४० दाखिल रसिद गरिदियौं— — — — — —

## तपसील

प्रार्थीपूजाको दक्षिणा तनखाह जस्ता मध्ये— —७५
घोडाको मोलवापत मोजरा— — — —४०
आफ्नो छोराको विवाह खर्च दियाको— — —२५
इति संवत् १८६८ साल पौष वदी १४ शुभम्— —

श्री दुर्गा

स्वस्ति श्री मन्महाराजधिराजकस्य रुक्का— — —

आगे छिल्लीका ऐवर्ण जैसी खुस्याल अचार्ज सुदैराम पाध्या मजगैयांके हिजो छिल्लीका राजा गादीमा बस्दा तिमीहरूको हातबाट राजालाई रीन काढी दियाको कुरामा आज साहुहरूले तिमीहरूलाई टंटा गर्दैन गरे हिजो राजाले खायाको उनको रजाइं उत्रयापछि राजाले खायाको रुपैयाँ कारोवारीले तिर्न पर्दैन साहुले टंटा टर्कार नगर्नु इति संवत् १८७३ साल श्रावण वदी ५ रोज १ शुभम्—

मार्फत उदय गिरी
,, रुद्रवीर शाह

स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलि विराज मानोन्नति श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम शाह बहादुर सशेर जंग देवानाम् सदा समर विजयीनाम्=

आगे सुदैराम पाध्या मजगैयांके अघि दांका राजा तखतमा छँदै विर्तासमेत मुलाई दियाको ६७ सालमा जाँचकीहरूले जाँची बुझी पक्का ठहराई थामीदियाको आजसम्म तिमीले लगासमेत खाईवोई आयाको वीर्ता छिल्लीका अमलमा मजगाई ऐजन एकके खेत डिहीसमेतके वीज मुरी ११० जान्या औ विजौरीगाउँ एजन एकके खेत डीहीसमेत वीज मुरी ६८ जान्या औं जदागाउँको ऐजन एकके खेत डीहीसमेतके वीज मुरी ७२ जान्या ऐजन मझिलागाउँ ऐजन एकके खेत डीहीसमेतके वीज मुरी ३० जान्या औ जेक्रेनीगाउँ ऐजन एकके खेत डीहीसमेतके वीज मुरी ५४ जान्या औ मझिला कुरियागाउँ ऐजन एकके खेत डिहीसमेतके वीज ऐजन ४४ जान्या औ करंगागाउँ ऐजन एकके खेत डीहीसमेत एकके वीज मुरी ४४ जान्या औ भगवारगाउँ ऐजन एकके खेत डिहीसमेतके वीज मुरी ८० जान्या औ टुनरागाउँ ऐजन एकके खेत डिहीसमेतके वीज मुरी १०० जान्या औ बनी गंदार खेतके वीज मुरी ४० जान्या औ फलावाङ अमलमा व्यासपुरगाउँ ऐजन एकके खेत डिहीसमेतके ५ जान्या औ सिमलगिरा खेतके वीज मुरी १ पाथी १० जान्या औ पछिल्लापुट्टिका अमलमा कवेली गाउँ ऐजन खेत डिहीसमेतके वीज मुरी ३८ जान्या औ देउखुरीका अम्मलमा रिहारसमेत सिकरेनीगाउँ ऐजनके वीज मुरी ३ जान्या औ भद्रकुंडागाउँके ऐजनके खेत डिहीसमेतके वीज मुरी ११ जान्या औ जिङखागाउँ ऐजनके खेत डिहीसमेतके वीज मुरी ३ जान्या औ गंदीगाउँ ऐजनके खेत डिहीसमेतके वीज मुरी ७ जान्या औ केझरीगाउँ ऐजनके वीज मुरी ३ जम्मा वीज मुरी ६८६ पाथी १० जान्या खेत डिही पाखो तेसको लगा बांझो भावरसमेत थाणी विर्ताको मोहर गरी बक्स्यौं आफ्नो खातिरजमासंग वीर्ता जानी भोग गर इति संवत् १८७७ साल मिति आषाढ वदी ७ रोज १ मा शुभम्— — — — — —

मार्फत महावीर अधिकारी
,, जगजीवन पाँडे
,, उदै गिरी
,, भीमसेन थापा
,, दलभंजन पाँडे
,, पाशा शाह
,, रणध्वज शाह
,, रणध्वज थापा

श्री वषतावरसिंह

स्वस्ति श्री काजी वषतावरसिंह थापाकस्य पत्रम्— —

आगे देउखुरीको शायर इजरा लिन खलुकवर दिलराम महन्तके यथोचित उप्रान्त देउखुरी मध्ये हाम्रा वीर्ता वनको शायर दस्तुर अघि परापुखदिखि ८० साल-सम्म खाँदै थियौं ८१ सालदेखी हाम्रा पट्टाभित्र छ भन्छन् जफत गर्न्या भनी सुदैराम मजगैयाँ यहाँ विन्ति गर्न आया तसर्थ यिनका वीर्ताको शायरसमेत तिम्रा पट्टामा दरि-दियाको छ भन्या त्यो यहाँ ली यहाँ आउ सा छैन भन्या ब्राह्मणका वीर्तामा तिमीहरूले जो लियाको छ फिर्ता गरिदेउ अब उप्रान्त पनि खिचला नगर छाडीदेउ फेलखेलपछि लागि फेरि दुःख दियौ भन्या तिमीहरूले बुझाउनुपर्ला इति संवत् १८८२ साल आश्विन सुदी १३ रोज २ शुभम्— — — — — — —

श्री पुष्कर शाह
... ... ... ...
POKER SHAH

स्वस्ति श्री मत चौतरियाकस्य पत्रम्— — — —

आगे देउखुरी मध्ये हाम्रा विर्ता वनको शायर दस्तुर अघि परापुर्खादेखी ८० सालसम्म खाँदै थियौं ८१ सालदेखी जफत गर्न्या भनी मजगैयाँ विन्ति गर्न आया तसर्थ यिनका वीर्ताको शायरसमेत तिम्रा पट्टामा खुप्टियाको भया लिई यहाँ आउ भन्या पाल्पाकाजीले तिमीहरूका नाममा दसखत गरी पठायाका रह्याछन् पट्टा नदेखाई बीचमा फेलखेल गर्नु उचित छैन पट्टाभित्र पर्न्याका नाममा तिमीले लियाका दां दां फिर्ता गरिदेउ अब उप्रान्त पनि खिचला नगर ब्राह्मणका विर्तामा प्रपञ्चले खिचला गर्न लाग्यौ भन्या गुनागारसमेत तिमीले बुझाउनु पर्ला सो बुझी खिचला नगर इति संवत् १८८२ साल पौष सुदी ४ रोज शुभम्—

श्री ५ महाराज

श्री विश्वेश्वर

स्वस्ति श्री जनरल भीमसेन थापाकस्य पत्रम् — —

आगे खलुकवर दिलराम महन्तके यथोचित उप्रान्त सुदैराम उपाध्या मजगैयाँ ब्राह्मणका वीर्ताभित्रको शायर लिनुपर्छ भनी टंटा गर्न्याछौ र दाँगका राजा तखतमा छँदैमा पनि वीर्ताभित्रको शायर खाँदै थियौं गोर्खाको प्रवेश भयापछि पनि थामी बक्सनुभयो र आज-तक खाई आयाको छ आजकल खलुकवर दिलराम महन्तले दुख दियो भनी ब्राह्मणले विन्ति गरी पठाया तसर्थ अघिदेखि आजतक तेस विर्ताभित्रको शायर खाई आया हो भन्या आज पनि शायरवापतको टंटा नगर छोडीदेउ केही लियाको भया पनि फिर्ता गरिदेउ फेरि यस कुराको फिरयाद नआवस् इति संवत् १८८२ साल मिति माघ वदी ३ रोज २ शुभम्— — — — —

श्री वषतावरसिंह

स्वस्ति श्री काजी वषतावरसिंहकस्य पत्रम्— — —

आगे दांगका मजगैयाँ सुदैराम उपाध्यायके यथो-चित उप्रान्त हाम्रा वीर्ता गाउँमा घ्यू तेल गैह्र वेसाहाको टंटा लागेर गाउँको रैयत उठी उजार हुन लाग्यो एक सुही गरिबक्सनुभया रैयतलाई खातिर्जामा दी थामदा हुँ भनी तिमीले विन्ति गर्न आउँदा तिम्रा बीर्ता गाउँमा अमालीले पनि वेसहा गैह्रको टंटा नलगाउनु तिमीले पनि बेसाहा दिनुपर्दैन भन्या दस्खत गरी दियौं इति संवत् १८८५ साल मिति मार्ग वदी ३ रोज १ शुभम्— —

स्वस्ति श्री गिरीराज चक्र चुडामणि नरनारायणे-त्यादि विविध विरुधावलि विराजमानोन्नत श्रीमन्महा-राजधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम शाह बहादुर संसेर जंग देवानाम् सदा समर विजयीनाम्—

आगे राजा तेजबहादुर शाहके जिल्लै सल्याना मध्ये पूर्व चाधौ दुमचौरा असपारी असपारा गाउँका बीचको डाँडो अस्वारा तिघरा दुनरा वनकट्टाको ढीक कोठारी तिघराको डाँडासम्म भगवारदेखि ववै घर कटेनीको डाँडा साँध दक्षिण तिलकानीको लेखको पानी ढाल साँध पश्चिम जलुक्या लथरान वेकनेटो साङकोटको पानीखोलो जिते ठाना सांकोटी ब्राह्मणको वीर्ताको साँध उत्तर कुन्यारहे धारापानी तिमील्याका बीचको सल्यारी डाँडो सो र पण्डितका वीर्ताभित्रको धुरखोला गाडापानीपट्टी डोटेलका

lin
DS
193
.289
10.2



बीर्ता अख्याला अग्नीको थान गुफाको थुम वन हरिया ब्राह्मणको बीर्ता र गोहारगोला रानी गारको दोभान दाँग छिल्ली काँटाको थारुपट्टीको चर्चेको जग्गाको डाँडा साँध यति चार किल्लाभित्रको फलावाड चारवाहीका खेत दाँगका अघि भएका बाँधा वीर्ता गुठी सार बाहेक राखी सांधसिमाना चार किल्ला हाली जगा छुट्याई श्री वाट बक्सनुभयाको मोहरबमोजिम थामी झारो वेठ वेगार सर्वाङ्ग मारीमेटी माफ गरिबक्स्यौं आफ्ना खातिर्जम्मासंग हाम्रा निमेखको सोझो चिताई आफ्नो राज्य जानी भोग गर इति संवत् १८९५ साल मिति जेष्ठ सुदी रोज ५ शुभम्—

मार्फत दलभंजङ पाँडे
" फतेजंग शाह
" श्री रतननाथ पंडितराज
" वालनरसिंह कवर
" श्री विष्णु पंडितराज

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का— — —

आगे पाल्पा प्यूठाना सल्यानामा बस्न्या भारदारका अमाली आउन्या जान्या गैह्रप्रति हामीले पाल्पाका घोडा-घोडी सरकारलाई चाहिन्छ भनी जवर्जस्ती गरी मालको मोल नदी कर लगाई लिन्छन् दरवारमा दाखिल हुँदैनन् आफुले वेपार गर्छन् यस कुराको थिति वन्देज पाउँ भनी दाङ देउखुरी सल्यानाका रैयतहरूले हाम्रा हजुरमा विन्ति गर्दा जाहेर भो अब उप्रान्त हाम्रा फर्मायसी खरीदार अमालीले आफुलाई चढ्न खरीददा अघिदेखी चलिआयाको श्रेस्ताबमोजिम मोल दिनु अरू भरभारदार गैह्रले घोडाघोडी किन्दा वेच्दा वाजवी मालको मोल दिनु दर्वार देखाई मन पर्दा मोल दी कर लगाई आफुले वेपार गर्नेलाई कसैले नलिनु वल जवर्जस्ती गरी मालको मोल नदी जो घोडाघोडी किनला सो अपसरिया होला इति संवत् १८९८ साल मिति माघ वदी रोज ६ शुभम्— — — —

रुजु फत्तेजंग शाह
" गुरुप्रसाद शाह
" वखरजंग शाह
" रुद्रप्रसादसिंह वस्न्यात
" तारानाथ अर्ज्याल
मार्फत अभीमानसिंह राना

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का— —

आगे सल्याना भरअंमलका अड्डा अड्डाका कारिन्दा हुलाकी गैह्र प्रति अघि सुब्बा रुद्र गिरीका पालामा हुलाकीहरूले अमाली नमान्नु सल्यानाको मौलो मान्नु भन्या मोहर गरायाका रह्याछौ सोवमोजिम तिमीहरूले अमाली नमान्नु सल्यानाको मौलो मान्नु भन्या लालमोहर गरी बक्स्यौं अब उप्रान्त पनि अघीदेखी चली आयाको रीतसंग सल्यानाको मौलो मान्ने काम गर इति संवत् १८९३ मिति भाद्र वदी ११ रोज ३ शुभम्— — — — —

मार्फत वालनरसिंह कवर
" रणधोज शाह
" दलभंजन पाँडे
" कालु सिंह
" रणधीर थापा
" भीमसेन थापा

# थारूजातिको मूलघर कहाँ ?

–श्री बाबुराम आचार्य

भारतवर्षमा अंग्रेजी राज्य स्थापना भएपछि संस्कृत भाषा यूरोपमा पुगेर उन्नाईसौं शताब्दीका आरम्भमा भाषा विज्ञानको आविष्कार भयो । यसै शताब्दीमा नृशास्त्र (Ethnology) को पनि आविष्कार भयो । यी दुइ विज्ञानका आधार लिएर यूरोपका विद्वान्हरूले यूरोप, इरान र भारतका अनेक सभ्य जातिलाई उटै नस्ल वा जाति (Rise) का सन्तान ठहराएर त्यस मूलजातिको नाम वैदिक वाङ्मयका आधारमा "आर्य" राखेका थिए । अब यूरोपीय विद्वान्हरूलाई यो भारतीय नाम व्यवहार गर्न गाह्रो लागेर यसका बदलामा **विरोज** शब्द व्यवहार गर्न लागेका छन् । यस जातिको मूलघरका विषयमा अन्वेषणको परम्परा निरन्तर चलिरहेको छ । तर ठेगान केही लागेको छैन । यो अन्वेषणको सिलसिला प्रत्येक सभ्य जातिमा फैलिएको छ । असभ्य अवस्थामा रहैका छोटामोटा जातिहरूले आफ्ना परिवारको र आफ्ना मूलघरको पत्ता लगाउन नसके तापनि सभ्य जातिका विद्वान्हरूले पत्ता लगाइदिने कृपा गरेका छन् । यस नियमअनुसार उत्तर प्रदेश र विहारका उत्तरपट्टि हिमालयका तराईमा रहेका थारूहरूको मूलघर र जातिका विषयमा पनि खोज आरम्भ भएको छ । यस विषयमा केही यूरोपीय र भारतीय सज्जनहरूले कलम चलाएका छन् । यसै पत्रिकाका पहिला अंकमा सम्पादकज्यू ईश्वर बरालको एक लेख प्रकाशित भएको छ । यसै सिलसिलामा आफ्नो विचार पनि प्रकाशित गर्न अनुचित होओइन ।

हिमालयका सबभन्दा होचा र तेस्रा सिलसिलामा चुर्या र सिवालक नामक दुइ पहाड नेपालमा रहेका छन् । पहिलो पहाड नेपालभित्रै खतम हुन्छ । दोस्रो पहाड नेपालको पश्चिम सिमानाको महाकाली नदी नाघेर पनि पश्चिमतिर लागेको छ । यिनै दुइ पहाडका आसपासमा मंगोलक रंगरूप र आर्य भाषा लिएर थारूहरू रहेका छन् । यिनको जनगणना राम्ररी नभएको हुनाले तथ्यांक दिन सकिँदैन तापनि नेपालका सिमानाभित्र यिनको संख्या दश लाख जति र सिमानाबाहिरका बस्तीहरूमा अढाइ लाख जति भएको अनुमान गरिन्छ । यिनीहरूलाई मंगोलक भन्नाको मतलब मंगोल देशबाट आएका हुन् भन्ने होइन, मंगोलको जस्तो रंगरूप र चेहरा देखिएको हुनाले मंगलोक कहिएको हो । हिमालयका अरू भागमा पनि यस्ता मंगोलक रंगरूप भएका सयौं जात छन् । तर तिनका बोली आर्य भाषाका छैनन्, किरात भाषावर्गका छन् । यस हिसाबले थारूहरूको पनि इतिहासकालका आरम्भमा किरात भाषाका बोलीहरूमा रहेको र आर्य जातिका मानिसहरू आएर सहवास गरेपछि

---

स्व. इतिहासिक शिरोमणि बाबुराम आचार्यको प्रस्तुत लेख सर्वप्रथम २०१० सालमा 'नेपाल सांस्कृतिक परिषद् पत्रिका' वर्ष २ अङ्क २ मा छापियो । तर करीव बीस वर्षअघि निकै सीमित संख्यामा मात्र सो पत्रिका प्रकाशित भएकोले यस लेखले बुद्धिजीवी वर्गमा व्यापक तवरले प्रवेश गर्न पाएन । आजको नेपालमा आफ्नो इतिहास, संस्कृति र कलाप्रतिको अध्ययनमा पुनः गहिरो अभिरुचि पैदा भएको छ र अनुसन्धानकर्ताको पुनः नयाँ उत्साही पिढी तयार भएको छ, त्यसको पृष्ठभूमिमा यो महत्वपूर्ण लेख एक पटक पुनः प्रकाशित गर्नु युक्तिसंगत तथा न्यायसंगत देखिएकाले 'प्राचीन नेपाल' मार्फत पेश गर्दै छौं । यसै अवसरमा नेपाल सांस्कृतिक परिषद्प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्नु आफ्नो कर्तव्य सम्झिन्छौं । –सम्पादक

Olin
DS
493
789
no. 2



किरात बोलीलाई छोडी आर्य भाषाका बोलीहरू ग्रहण गरेको अनुमान हुन्छ । यस्ता घटना इतिहासका पृष्ठहरूमा बराबर देखिन्छन् । एक सानो घटना नेपालतिरै घटिरहेको छ । नेपालका पहाडखण्डभित्र लमजुंग दुराडांडामा किरातवर्गको एक बोली बोल्ने **दुरा** जातको सानो तर बहुतै पुरानो आवादी छ । अचेल त्यहाँका दुराहरूमा चालिस वर्षको उमेर नाघेका प्रौढ र वृद्धहरूमात्र आफ्नो पुरानो बोली जान्दछन् । नवयुवक नवयुवतिहरूले पुरानो बोली भुलेर नेपालीमात्र बोल्न लागेका हुनाले अब पच्चीस वर्षभित्रमा साहित्य नभएको यो बोली निर्मूल हुने निश्चय छ ।

थारूका प्रसंगमा रौतहटदेखि पर्सासम्मका तराईमा र मकवानपुर र चितौनका भावरमा रहेका **दनुवार** जातिको पनि चर्चा यहाँ गर्नु परेको छ । यिनको जनसंख्या आधा लाखभित्रै होला । रंगरूप र भाषामा थारूसंग अन्तर छैन । पेशामा अलिकति अन्तर छ । थारूहरू केवल खेती गर्दछन् । दनुवारहरूको खेती कम र माछा मार्ने काम ज्यादा हुन्छ । नाउ खियाउने काम पनि गर्दछन् । वागमतीका तीरैतीर माछाका खोजमा उत्तरपट्टि बसाइं सर्दै आएका दनुवारहरूद्वारा नै नेपाल उपत्यकाका किरात-जातिका **नेपार** जातमा आर्य-सभ्यताको प्रकाश फैलंदा नेपाल राष्ट्रको जग बसेको होला भन्ने मेरो अनुमान छ । अब उपत्यकाभित्र ता यिनीहरूका बस्ती रहन पाएका छैनन् । तर उपत्यकावरिपरि यिनका क्षुद्र गाउँहरू बसेका छन् । अफसम्म तराईको विकृत भाषा बोल्दछन् जसमा भजोपुरी बोलीका साथ मगहीको पनि तरंग देखिन्छ ।१

मोरङ्मा थारूजस्तै धिमाल नामक एक मंगोलक जात रहेको छ । तर यो जात किरातवर्गको सार्वनागिक बोल्दछ । थारूसंग सामाजिक व्यवहार केही पनि मिल्दैन । यी धिमालहरूले पौराणिक वा बौद्धधर्म नलिएका हुनाले अलग रहेका देखिन्छन् । थारूहरूले प्राचीन युगमा बौद्ध धर्म लिई आर्यसभ्यतामा रंगिदा आर्य-भाषा लिएका र तेह्रौं शताब्दीदेखि उत्तर भारतवर्षका मैदानबाट बौद्धधम उठेर गएको हुनाले यिनीहरूले पौराणिक धर्म ग्रहण गरेको अनुमान हुन्छ । यिनमा शिक्षाको प्रचार अत्यन्त कम हुँदा धार्मिक भावना कम रहेको छ । तर सामाजिक भावना प्रवल रहेको हुनाले आपसको सानोतिनो कलह पञ्चायतबाटै फछर्याउंछन् । मोरङदेखि लिएर बारासम्म **कुचिला** थर भएका थारूको संख्या ज्यादा छ । कुचिला शब्दको कोच शब्दसंग सम्बन्ध देखिनाले यिनीहरू एउटै जातका हुन् कि भन्ने तर्कना उठ्न सक्तछ । तर यस विषयमा विशेष अन्वेषणको आवश्यकता छ । पर्सामा **लमपुछवा** थर भएका थारू रहेका छन् । लमपुछवाको अर्थ "लामो पुच्छर भएको" हुन सक्तछ तर यो अर्थ मनुष्यजातिका निमित्त लाग्न सक्तैन । सायद यसको मूल **नामपुछवा** (नामप्रच्छक) होला । चितौनमा **चिनवनियां** थर भएका थारू रहेका छन् । यिनीहरू रामनगर र बेतियाका आसपासमा पनि रहेका छन् । बुटवलमा **कठेरिया** थारू रहेका छन् । शायद काठको नाम गर्ने हुनाले "कठेरिया" कहिएका हुन् । त्यहाँ **दंगोरिया** थर भएका थारूहरू पनि छन् जो आफ्नो मूलघर दाङ बताउँछन् । कठेरियाभन्दा दंगोरियाहरू कृषिकर्ममा शिपालु हुन्छन् । यिनीहरू बर्दिया, बाँके, कर्णालीका जिल्लाहरूमा पनि आवाद छन् । कैलालीभन्दा पश्चिमपट्टि कन्चपुर नामक सीमान्तको जिल्ला छ । त्यहाँ **राना** थर भएका थारू छन् । सप्तरी, महोत्तरीमा र अन्यत्र तराईमा पनि अरू अनेकथरि थारूका साना साना बस्ती छन् ती सबैको चर्चा यहाँ गरेर साध्य छैन । तैपनि कुमाउका तराईमा रहने **बोक्सा** थारूलाई भुल्न सकिएन किनभने यसै जातका जनानाका नामबाट बोक्सी शब्द आएर हामीलाई तर्साइराखेको छ ।

थारूहरू आफ्ना बस्तीमा रहेका ब्राह्मण, रजपूज, कुर्मी आदि आर्य-नस्लका जनतालाई **बाजी** भन्छन् । प्राकृत भाषाको बज्जि शब्द विकाश भएर बाजी शब्द बनेको स्पष्ट छ । ईस्वी सम्वत्भन्दा पहिलेका छैठौं शताब्दीमा उत्तर बिहारमा **बज्जि र मल्ल** दुइ गणराज्य उन्नत अवस्थामा

---

१. सप्तरी, महोत्तरी र दरभंगा जिल्लामा दनुवार नामक अर्को एक जात पाइन्छ जो मैथिली बोली व्यवहार गर्दछ । यी दनुवारहरू आफूलाई कर्णाटवंशी राजाका वंशधर मान्दछन् । यस विषयमा घत लाग्दो प्रमाण पनि दिन्छन् । यी जनै लगाउँछन् । विधवाको पुर्नविवाह गर्दैनन् । रंगरूपमा मंगोलक लक्षण पनि झल्कंदैन । यस कारणले यिनीहरूलाई थारूवर्गका दनुवारमा गन्न उचित छैन । कर्णाट--राजाहरू कर्णाटकबाट आएका हुनाले बाजीदेखि फरक थिए । यस कारणले बाजीहरूले राज्यभ्रष्ट भएका कर्णाटहरूलाई होच्याएर दनुवारमा सामेल गरेको अनुमान हुन्छ ।

रहेको प्रमाण बौद्ध साहित्यमा पाइन्छ । मगधका राजा-हरूको आक्रमणबाट बच्नालाई यी दुई गणराज्य मिलेर अन्तिम समयमा एउटै बनेको देखिन्छ । गण्डकीदेखि पूर्वपट्टि बज्जि र पश्चिमपट्टि मल्ल रहेको निश्चय छ । यी दुइ गणराज्यका क्षेत्रमा अचेल मैथिली र भोजपुरी भाषाका अनेक बोली बोलिन्छन् । थारू र बाजीमा बोलीको भेद छैन तापनि अलग अलग रहनाको कारण जातिको भेद देखिन्छ । बज्जिहरू नवागत आर्य हुनाले गोरा र जग्ला हुन्थे, किरातहरू जुगान-जुगदेखि गर्मीमा रहेका हुनाले सांवला र होचा थिए । यसै वर्णभेदले रक्तमिश्रण रोकिँदा बज्जिहरूले थारूहरूलाई अलगै राखेको देखिन्छ । बज्जि-हरूको गणराज्य टुटेको चौबीस शताब्दी बितिसक्यो तापनि थारूहरूले व्यवहार गर्न नछोडेका बाजी शब्दले उस जातिको महत्व बुझाउँछ । बाजीहरू नवागत हुनाले उनीहरूले प्राचीन बासिन्दालाई **स्थलीय** अर्थात् "रैथाने" देखेर **थारू** नाम दिएको अनुमान हुन्छ । रैथानेको अर्थमा "ठालू" र "थरी" शब्द नेपाली भाषामा अलिकति अर्थ फरक भएर व्यवहार हुन्छन् । थर शब्दको मतलब पनि "स्थल" संग देखिन्छ । तर केवल **थारू** शब्दमात्र जातिका अर्थमा व्यवहार भएको छ ।

सप्तरीदेखि बुटवलका आधासम्मको भूभाग बज्जि र मल्ल--गणराज्यको क्षेत्र छ । त्यहाँका थारूहरूले आफू-बाहेकका ब्राह्मण आदिलाई बाजी भन्नु स्वाभाविक छ । तर बुटवलका आधादेखि पश्चिमपट्टि बज्जिमल्लका जमा-नामा कोलशराज्य थियो । तर आजकाल त्यहाँ पनि थारूहरू छिमेकका ब्राह्मण आदिलाई बाजी भन्दछन् । के थारूहरू पूर्वपट्टिबाट हट्दै पश्चिमतिर गएर बाजी शब्द लगेका हुन् ? होइन । बज्जिका जमानामा पनि सप्तरी--महोत्तरी मिथिलाभित्र पर्दथ्यो । यो पनि बज्जि-गणराज्य-भित्रै थियो । अचेल त्यहाँका थारू, बाजी दुवैथरी मैथिली बोली व्यवहार गर्दछन् । यो चाल रौतहटको आधासम्म आइपुग्दछ । त्यहाँदेखि पश्चिमपट्टि ओडिया नदीसम्म थारू-- बाजी दुवैमा समानरूपले भोजपुरी बोली व्यवहार हुन्छ । त्यहाँदेखि पश्चिमपट्टि चितवनियाँ थारूका बस्तीका नगीच बाजीहरूको बोली भोजपुरी नै छ । तर थारूहरूका बोलीमा मगही बोलीको लक्षण ज्यादा पाइन्छ ।गंगापारका पटनाको बोलीले यहाँका थारूहरूका बोलीमा असर गर्नु आश्चर्यजनक कुरो छ । बुटवलका थारू-बाजी दुवैथरिमा भोजपुरी र अवधि बोलीहरू छ्यासमिस भएर रहेका छन् । त्यहाँदेखि पश्चिमपट्टि कोशलका क्षेत्रमा अवधी बोली चलिरहेको छ । यदि पूर्वपट्टिका थारूहरू पश्चिमतिर बसाइं सर्दै गएका भए आफ्नो बोली साथै लिएर जान्थे । यसकारणले बज्जि, मल्ल र कोशलराज्यका जमानामा जो जो थारू जहाँ-जहाँ रहेका थिए आजसम्म प्रायः उहीं–उहीं छन् । दक्षिणपट्टिबाट बाजीहरूले ठेल्दा चुरे वा सिवालकका डाँडालाई पनि नाघेर भाँवरमा पनि बस्ती गरेका छन् । बज्जि-मल्लका थारूहरूले ब्राह्मण आदिलाई बाजी भनेकोले यो नाम योग-रूढी भएर अवधपट्टिका थारूहरूमा पुगेको देखिन्छ । प्रायः सबै थारूहरू आफूलाई राजपुतानाबाट आएका हुँ भन्ने तर्कना गर्दछन् । राजपुतानामा भील भन्ने एक जाति रहेको छ जो आर्य–भाषा राजस्थानीको भिली बोली व्यवहार गर्दछ । रंग–रूपमा आर्यलक्षणदेखि बिलकुल अलग छ । यिनै भीलका बस्तीमा अधिकार जमाएर राजपुतानाका राजाहरूले राज्यस्थापना गरेका थिए । जयपुरका राजाका राज्याभिषेकमा एक वंशका एक जना भीलका गोडाको रगत झिकेर तिलक लगाउने चलन छ । यस रक्तदानका बदलामा एक रुपियाँ नगद र एक बोतल मदिरा मिल्दछ । सायद यो चलन राज-पुतानाका अरू राज्यमा पनि छ । यस कारणले राज-पुतानाका पुराना राजा हामी नै हुँ भन्ने भीलहरूलाई अभिमान भइरहेको छ । वर्तमाग युगका आरम्भमा नेपालका थरवट र मगरांतमा राज्य स्थापना गर्ने राजा-हरूले पनि राजपुतानाकै नकल गरी थारू र मगरलाई भीलमा गनेका थिए । यसै कारणले थारूहरूले आफूलाई पनि भीलमा गनेर राजपुतानाबाट आएका हौं भन्ने तर्कना गर्न लागेको देखिन्छ ।

डोटीका तराईमा रहेका थारूहरूको थर **राना** भए-को र मेवाडका राजाहरू राणा कहिने हुनाले **राना** थारूह रूले र साथ-साथै अरू थारूहरूले पनि आफूलाई उदयपुरका राजवंशसंग सम्बन्ध देखाउन लागेका छन् । राना र राणा एउटै राजन् शब्द विकाश भएर बनेका हुन् । राणा शब्द आफ्नो मूल अर्थमा व्यवहार भएको छ । जस्तै मौरीको **रानु** । लगभग यस्तै अर्थमा ती थारू र एकथरि मगरको पदवी "रानो" भएको देखिन्छ । तर मगर रानाहरूले भने उदयपुरका राजवंशसंग सम्बन्ध जोड्ने मिथ्या प्रयत्न गरेका छैनन् । राजपुतानामा मेवाडका केवल एक जना महाराज "राणा" कहिन्छन् । उनका भाइ-मैयाद राणा कहिन सक्तैनन् । यस अवस्थामा राना थारूहरूले राज-पुतानाका राजवंशसंग सम्बन्ध जोड्ने चेष्ठा गर्नु व्यर्थ छ ।

राजपुताना र सिन्धका बीचमा बडो मरुस्थल रहेको छ । भारतवर्षका मानचित्रमा यस मरुभूमिको नाम (Thar) लेखिन्छ र **थार** पढिन्छ । यो सिन्धी भाषाको शब्द हो । उस भाषामा थर बोलिन्छ । परन्तु त्यस मरुभूमिलाई राजपुतनामा **ढाट** भन्ने चलन छ । यो नबुझेर थरबाट बसाईं आएका रजपूत हुनाले थारू कहिएका हुन् भन्ने तर्कना पनि हुन लागेको छ । त्यो मैदान हजारौं वर्षदेखि मरुभूमि भइरहेको हुनाले त्यहाँ अवादी रहनु नै असम्भव छ । यदि सम्भव नै माने तापनि राजपुतानापट्टिबाट आएका भए थारू नकहिएर ढाट कहिन्थे ।

वास्तवमा यी थारू जाति पहाडभित्र रहेका किरात-बोली बोल्ने मंगोलकहरूबाट आर्य-भाषा ग्रहण गरी अलग जाति बनेको देखिन्छ । मंगोलक भए तापनि मंगोलियाबाट सरासर हिमालयका भन्ज्याङहरू काटेर आउँनु एकदम असम्भव छ । किनभने छैठौं शताब्दीका अन्त्यमा मात्र हिमालयका घाँटी खुलेका थिए । हिमालयका पूर्वछेउको ब्रह्मपुत्रका किनाराको घाँटी अति प्राचीन युगदेखि खुलिरहेको र त्यहाँबाट आएका मंगोलक जातिका शाखाहरू केही आसाममा र केही पूर्व बंगालमा पुगी त्यहाँका बासिन्दासंग मिसिएको लक्षण मनुष्यमिति (Anthropometry)-का कसौटीबाट स्पष्ट देखिन्छ । ब्रह्मपुत्रका घाँटीबाट आखेटक अवस्थामा निस्केका केही मंगोलकहरू हिमालयका दक्षिणपट्टि काखै-काख पल्ला छेउसम्म पुगेर पुराना बासिन्दामा मिसिनु सम्भव छ । तर हिमालयदेखि उत्तरपट्टिका सबै भाषा असार्वनामिक भएका र केही किरात-बोली आजसम्म सार्वनामिक रहेका हुनाले ब्रह्मपुत्रपट्टिबाट आएका मंगोलकहरूको हिमालयका किरातउपर विशेष असर परेको देखिंदैन । यिनीहरूका रंगरूपमा जो मंगोलक लक्षण पाइन्छ त्यो पहाडी जमीनका प्रभावले बनेको अनुमान गर्न सकिन्छ । यस कारणले यिनीहरूको मूलघरको खोजी गर्दा हिमालयभन्दा बाहिर जान सकिंदैन । हो, विज्ञानको विशेष उन्नति भई वा यिनका रंग-रूप आदिको विशेष तवरले जाँच भएमा हिमालयदेखि बाहिरपट्टि पनि यिनको मूलघर देखा पर्न असम्भव छैन ।

# नापको माध्यमको रूपमा पाथीको प्रयोग

–तारानन्द मिश्र

**प्रस्थको अर्थ तथा आकार** – प्राचीन नेपालमा व्यापारिक वस्तु अथवा कृषि पैदावारहरूलाई नाप्ने विभिन्न भाँडा अथवा आधार मध्ये पाथीको चलन पनि थियो। हुनत लिच्छवी अभिलेखहरूमा सबैभन्दा प्रचलित नाप्ने भाँडा माना अथवा मानिका थियो तथापि प्रस्थको उल्लेख पनि नेपाली लिच्छवी अभिलेखहरूमै पाइएको छ।

नाप तथा तौलका लागि प्रयोग गरिने विभिन्न मानको वर्णन मनु, भाष्कराचार्य, कौटिल्य, चरक तथा अन्य स्मृतिकार तथा ग्रंथकारहरूले गरेका छन्। पाथीका साथै अरू पनि वस्तुको नाप प्राचीनकालमा कस्तो थियो भन्नाका लागि तिनको संक्षिप्त बेहोरा यहाँ प्रस्तुत गर्नु अप्रसांगिक भए पनि ज्ञानबर्द्धक नै हुनेछ तथा यसले पाथीसंगको तिनको तुलनात्मक अध्ययन पनि हुने भएकोले विभिन्न समयमा चलेको नापतौलको नमूना यहाँ प्रस्तु गरिंदैछ।

मनुले (१) सुवर्णकार द्वारा सुन-चाँदीको नापका लागि प्रयोगमा ल्याइने रत्ती, मासा, कर्ष, तोला, सुवर्ण, पल, धरण आदिको व्यवहारको उल्लेख गरेका छन्। यहीं वस्तुको नापका लागि प्रस्थ अथवा पाथीको पनि उल्लेख उनले गरेका छन्। मनुस्मृतिअनुसार नापका लागि व्यवहारमा आउने विभिन्न मानमा निम्नबमोजिमको अनुपात रहेको छ। (२)

५ रत्ती—१ मास
१६ मास—१ कर्ष, तोला अथवा सुवर्ण
४ कर्ष—१ पल
१० पल—१ धरण
१६ पल—१ प्रस्थ
१६ प्रस्थ--१ द्रोण

वस्तुको लम्बाइ तथा आकारको नापका माध्यमको उल्लेख निम्नबमोजिमको पाइन्छ।

८ यव—१ अंगुल
१२ अंगुल–१ बित्ता
२ बित्ता–१ हात, अरत्नि
४ हात—१ दण्ड, धनु

---

१. Manu, quoted by A. L. Basham—the wouder that was India; p=503:

२. कर्ष तथा पलको उल्लेख नेपालका मल्लकालीन अभिलेखहरूमा ज्यादै भएको पाइन्छ। यहाँ उल्लेख भएको धरण-बाटै धारनी शब्द बनेको हो। धारनीको प्रचलन नेपालमा हालसम्म पनि छँदैछ। धरणको उल्लेख भाष्कराचार्यको लीलावतीमा पनि भएको पाइन्छ। तल कर्ष र पलबारे उल्लेख गर्ने अभिलेखहरू प्रस्तुत गरिन्छन्।

(क) पूर्णिमा--१, पृ.--३०, ने. सं. ६०० को ताडपत्र बाट।

**वाटिकायां पूर्वत एतेषां मध्ये मेककर्ष.........**

(ख) पूर्णिमा– १, पृ ३२ : भक्तपुर तलेजुचोकको विश्वलक्ष्मीको ने. सं. ८४२ को ताम्रपत्र

**तस्य क्षेत्रांक सार्धसप्तरोपणिकं रोव ह्रस ७ कर्ष न स. २........**

(ग) अभि. सं. ७, जितामित्र मल्लको ने. सं. ७९७ को अभिलेख

**हिन प्ल १ चेकन**

२००० धनु—१ क्रोश, गोरुत (लगभग २¼ मील)

४ क्रोश—१ योजन (लगभग ९ मील)

नापतौलका आधारहरू कौटिल्यको अर्थशास्त्रमा तथा चरकले पनि यसबारे उल्लेख गरेका छन् (२ क) जो निम्न-बमोजिमको छ ।

४ कुडव—१ प्रस्थ

४ प्रस्थ—१ आढक

चरकका अनुसार

१६ सुर्वण—१ अंजलि

१० अंजलि–१ कुडव

कौटिल्य तथा चरकका समयमा कुरुवा, प्रस्थ तथा आढकको प्रयोग बढी मालसामान, अन्न तथा गह्रौं वस्तुको नापका लागि हुन्थ्यो ।

भाष्कराचार्यको लीलावती ग्रन्थमा (३) पनि नापतौल तथा लम्बाइको अनुपात पाइन्छ । भाष्कराचार्यको लीलावती पुस्तकको काल लगभग ११५० ई. सन् मानिएको छ तथा उनले दिएका नापतौलको विवरणसंग नेपालमा हालसम्म प्रचलित भैराखेका केही नाप्ने आधारसंग समानता देखिएकोले उनले दिएका सूचना हाम्रा लागि अत्यन्त रोचक छन् ।

## लीलावतीअनुसार द्रव्यपरिमाण

२० वराटक —१ काकिणी

४ काकिणी =१ पण

१६ पण —१ द्रम्म

१६ द्रम्म —१ निष्क

## तौलपरिमाण

२ जौं —१ गुञ्जा (रती)

३ गुञ्जा —१ वल्ल

८ वल्ल —१ धरण

२ धरण —१ गद्याणक

१४ वल्ल —१ धटक

## सुवर्णपरिमाण

५ गुञ्जा —१ माष

१६ माष – १ कर्ष

४ कर्ष —१ पल

## मार्गपरिमाण

८ जौ —१ अंगुल

२४ अंगुल—१ हात

४ हात —१ दण्ड

२००० दण्ड —१ क्रोश

४ क्रोश —१ योजन

१० हाथ —१ बाँस

२० हाथ लम्बाइ २० हाथ चौडाइलाई **निवर्तन** भनिन्छ ।

## धान्यपरिमाण (४)

मगधखारिका—१ हात गहिरो १ हात लांमो १ हात चौडाइका साथै १२ कोनवाला पिंडलाई घनहस्त भनिन्छ ।

---

(२ क) Arthasastra ; vol, II. 19 : Also see Dr. V. S. Agrawal--India As known to panini ; p p. 252-253 :

३. भाष्कराचार्यको लालावती (प्रथम खण्ड)—टीकाकार–चम्पारण मिश्र; ई. सन् १९२२, बम्बई, पृ २–३:

भाष्कराचार्यकालीन धरणबाटै नेपालमा हाल प्रचलित धारणीको व्यहार चलेको हुनुपर्दछ । यिनका अलाबा मध्यकालीन नेपालमा माष, कर्ष, पल,को उल्लेख हुनुका साथै लिच्छविकालको सांगाबाट प्राप्त अभिलेखमा घटको उल्लेख भएको पाइन्छ (**द्वादश तैलघटानि**) ।

४. भाष्कराचार्यले प्रस्तुत गरेका धान नाप्ने, आधार अथवा भांडा मध्ये कुरुवा ( कुडव ) तथा पाथी (प्रस्थ) को उल्लेख तथा उनले लेखेका परिमाणसंग मिल्ने उदाहरण हाम्रो मध्यकालीन अभिलेखहरूमा पाइन्छ । प्रस्थ अथवा पाथीको उल्लेख भएका अभिलेखहरूको उदाहरण अगाडि प्रस्तुत गरिनेछ तथा कुरुवाबारे उल्लेख गर्ने केही अभिलेख यहाँ तल प्रस्तुत गरिंदैछ ।

१६ द्रोण —१ खारी
४ आढक —१ द्रोण
४ प्रस्थ —१ आढक
४ कुडव —१ प्रस्थ

दिनेश चन्द्र सरकारले (५) पाथी तथा अन्य नाप्ने आधार-हरूको आकार तथा परिमाण निम्नबमोजिमको प्रस्तुत गरेका छन् ।

१ प्रस्थ —$\frac{1}{6}$ द्रोण—९ अथवा १३ सेर
१ नालिका —१३ सेर–२६ पौंड
१ द्रोण —१ मन –१४ सेर अथवा २ मन
१ कुल्य —१२ मन ३२ सेर अथवा १६ मन
१ आढक —१६ अथवा २० सेर- २५६ मुष्ठिका
४ आढक —१ द्रोण

उनले जग्गाका नाप निम्मबमोजिम उल्लेख गरेका छन् ।

१ कुल्यवाप —३८ देखि ४८ वीघा
१ द्रोणवाप —४$\frac{1}{2}$ देखि ६ वीघा
१ आढवाप —१$\frac{1}{8}$ देखि १$\frac{1}{2}$ वीघा

प्राचीन नेपालमा कारोवार तथा अन्य व्यवहार लचाउँदा प्राचीन धर्मशास्त्र तथा स्मृतिहरूकै (६) आधार लिइन्थ्यो भन्ने सर्वविदितै छ । पशुपति बज्रधरको नरेन्द्र-देवको अभिलेखमा अधिकमास तुलादण्डको उल्लेख भएको छ (७) लिच्छविकालीन नेपालमा आषाढ तथा पौष महीनाहरूमा अधिकमास पर्दथ्यो । यसअनुसार उक्त अभिलेखअनुसार वर्षामा छ–छ महीनाको अन्तर पारी आषाढ तथा पौषमा ढक, तराजु आदि परीक्षण गर्न तथा घटी चलन गर्नेहरूलाई दण्ड गर्न भनिएको हो भन्ने बुझिन्छ । यहाँ यो कुरा अति चाख लाग्दो छ । उपरोक्त आदेशको आधार मनुस्मृतिनै थियो (८) मनुस्मृतिमा छ–छ महीनामा ढक तराजु आदिको परीक्षण गर्ने सल्लाह दिइएको छ ।

पाथीको चलनचल्ती मनुकै समयदेखि भएको हो भन्ने बारे मनुकालीन नाप–तौलका आधारहरूमा पाथीको पनि उल्लेख भएबाट थाहा हुन्छ । माथि प्रस्तुत बेहोराबाट मनुको समयमा पाथी नापको लागि प्रयोगमा ल्याइने एउटा सानो आकार भएको भाँडो अथवा आधार थियो भन्ने बुझिन्छ । किनकि मनुकालीन एक पाथी १६ पलको अथवा आधुनिक तौलअनुसार २१ औंसको हुन्थ्यो । यहाँ यो स्मरण रहोस् १६ औंसको एक पाउण्ड हुन्छ तथा लगभग दुई पौंडको एक सेर । लिच्छविकालीन नेपाली अभिलेखद्वारा पनि पाथी एउटा सानो नाप्ने भाँडो थियो भन्ने विदित हुन्छ । ललितपट्टन चपटटोलको मृगिनीको

(क) हेमराज्य शाक्य– तुलसीराम वैद्य– मध्यकालीन नेपाल, अभि. सं. ६८.
**चेक्न कुड मतवियियात. . . .**

(ख) पूर्णिमा– पृ, पृ. १८, यक्षेश्वरको सुवर्णपत्र लेख ।
**चिपिटिका कुडवमेकम. . . .**

५. D. C. Sircar—Indian Epigarphy ; pp. 413–414 :

६. नोली-११, पूर्णिमा–१४, हाँडिगाउ सत्यनारायण मन्दिरको अनुपरमको स्तंभलेख ।
**स्मृतीनामगतेःश्रुतीनां तदद्य लोकेनियतव्य (नश्यत्)... ... ...**
**शास्त्रे मनुयेम वृहस्पत्युशनसां विधानं कृत्या नाम सुगमपदं लोक (निभृतं) ... ... ...**

(क) पूर्णिमा–९, केलटोलको मानदेवको अभिलेख ।
**श्रुतिधर्म्मशास्त्रविहितां**

७. पूर्णिमा–१४, नरेन्द्रदेवको बज्रधरको संवत् १०३ को अभिलेख ।
**आपणकरोधिकमास तुलादण्डादिश्च ।**

८. पूर्णिमा–१६, पृ–३५५; मनुस्मृति ८।४०३:
**तुलामानं प्रतीमानं सर्वं च स्यात्सुलक्षितम् ।**
**षट्सु षट्सु च मासेषु पुनरेव परीक्षयेत् ।।**

lin DS 493 89 o.2



अभिलेख (९) द्वारा यो थाहा हुन्छ— ३६ मानाको १०६ पाथी हुन्थ्यो । यसअनुसार लगभग ३ पाथीको एक माना हुन्थ्यो । मन अथवा माणीको प्रयोग भारतका अभिलेख (१०) मा पनि आएको छ । केही भारतीय विद्वान्अनुसार नेपालको तराईभाग तथा भारतका प्रचलित आधुनिक मन प्राचीन मानिका अथवा माणीबाट विकृत भएको हो । मानिकालाई एक मन अथवा ४० सेर बनाउने हो भने लिच्छविकालीन पाथी पनि लगभग १३ सेर बराबरको हुन जान्छ तर आधुनिक नेपाली मानाको हिसाबमा लिने हो भने उक्त कालको पाथी निकैनै सानो अर्थात् मनुकालीन पाथीभन्दा पनि सानो रहेको बुझिन्छ । आधुनिक नेपालमा १ पाथी चार सेरको अथवा ४ कुरुवा तथा ८ माना बराबरको हुन्छ । भाष्कराचार्यले पनि १ पाथी ४ कुरुवा बराबरको हुन्थ्यो भन्ने उल्लेख गरेका छन् । दिनेशचन्द्र सरकारले १ पाथी १३ सेर बराबर हुन्छ भनी उल्लेख गरेका छन् । शायद उक्त वर्णन मानिकालाई मन अथवा ४० सेरको अनुपातमा पाथीलाई त्यसको $\frac{1}{3}$ भाग बनाउँदा नै हुन आएको होला । श्री दिनेशचन्द्र सरकारको भनाइ १ माना ३ पाथी बराबर हुन्छ र हाम्रो चपट टोल शिलालेखसंग ठीक मिल्न आउँछ ।

## अभिलेखहरूमा पाथीको उल्लेख

पाथी अथवा प्रस्थको उल्लेख गर्ने सबैभन्दा पहिलो भारतका राजा हुबिष्कको मथुराबाट प्राप्त अभिलेख हो (११) । उक्त अभिलेख वर्ष २८ अथवा लगभग १४८ ई. सन्. को हो । त्यस अभिलेखअनुसार हुबिष्कले अनाथहरूका लागि स्थापना गरेको धर्मशालाका ढोकामा दिनदिनै पुऱ्याउनुपर्ने खाद्यपदार्थहरूको नापका लागि पाथीको उल्लेख गरेका छन् । नेपालमा सर्वप्रथम पाथीको उल्लेख गर्ने पाटन चपट टोलको मृगिनीको भिक्षुणीसंघको अभिलेख हो । उक्त अभिलेखअनुसार धर्म्मपालकी ल्याइते स्वास्नी मृगिनीले चातुर्स्त्रिश महायान सम्प्रदायसंग सम्बन्धित आर्यभिक्षुणीसंघको विहारका जिर्णोद्धार तथा दैनिक खर्चका निमित्त अक्षयणीवी (१२) को रूपमा पनप्फुप्रदेशको पश्चिमतर्फ रहेको भूमि १०० को ५० माना कुत आउने जग्गा तथा अर्को भूमि ६० जसको कुत ३६ माना अथवा घरको पाथीअनुसार १०६ पाथी (धान) आउँथ्यो–दान गरिन् । मृगिनीको ऊक्त अभिलेखअनुसार पाथीको प्रयोग धानको नापका लागि तथा परोक्षरूपमा जग्गाको नापको लागि पनि भएको पाइन्छ । लिच्छविकालीन नेपालमा पाथीको उल्लेख भएको यो एकलो शिलालेख हो तथा धान अथवा जग्गाको परिणामसमेत नाप्नाका लागि मानाकै प्रयोग बढ्ता गरिएको पाइन्छ । यसका केही उदाहरण यहाँ प्रस्तुत गरिन्छन् । चावहिल-स्तूपनेरको अभिलेखमा (१३) मानिएको प्रयोग क्षेत्रको

---

९. अभि. सं. भाग ५, पाटन चपट टोलको मृगिनीको अभि. ।
**ग्राम दक्षिण प्रदेश (शे) भूमि पष्टि ६० पिण्डमान्या**
**षट्त्रिङ्श ३६ गृहप्रस्थ षष्ठशताय ।**

१०. डा वासुदेव उपाध्याय--प्राचीन अभिलेखोंका अध्ययन, पृ १९५ : ए. ई--१४, पृ १८७ प्रतिहारलेख ।
**कोसवाहे द्दितुल्लाक क्षेत्रं मणिवाप १० शासनेन प्रदत्तं**

(क) D. C. Sircar--Indian Epigraphy ; p--419 ;
भारतको (जग्गाको नापका लागि प्रयोगमा ल्याउँदा) एक मान उडीसाका गंग शासनकालमा एक एकड जग्गा बराबरको हुन्थ्यो ।

११· Dr. R. pandey--Historical And Literary Inscriptions; p-90 :
दिवसे दिव (से) च पुण्यशालाये द्वारमुले धारिरे सार्थ सत्तना ( ..) आढका ३ लवण प्रस्थो १ शक्त प्रस्थो २ हरित कलापक घटका ( । ) ३ मल्लक ( । ) ५ ( । ) एतं अनाध ( । ) नौ कृतेन द ( । तव्य ) बभक्षितन पिवसितनं ( । )

१२. अभि. सं. भाग--५। पाटन चपट टोलको अभिलेख ।
**विशिष्ट धर्म्मपाल भोगिन्या मृगिन्या. . . . . . . . .गन्धकुटी प्रतिसंस्कारणाय तदप्रयोजेन च चातुर्व्विंश महायान प्रतिपन्नार्य भिक्षुणी सङ्घ परिभोगायाक्षयाणीवी प्रतिपादिता पनप्फु नाम पश्चिमप्रदेशे भूमिशत १०० पिण्डमान्या षट्त्रिङश ३६ गृहप्रस्थ षष्ठशताय । ।**

१३. अभि. सं भाग ९, चावहिल स्तूपनजीक रहेको अभिलेख ।
**संङ्घस्य भक्तार्थं पूजार्थञ्च महामुने : क्षेत्रन्दत्तन्तया पत्र द्व्यष्टाविंशतिमानिका :**

नापका लागिसमेत भएको पाइन्छ। अंशुवर्माको पाटन सुनधारास्थित अभिलेखमा (१५) पनि मानिकाको प्रयोग जग्गाको नाप बुझाउनाका लागि गरिएको छ। यस्तै बेहोरा बोडे, नीलवाराहीनजीकको जिष्णु गुप्तको अभिलेखमा (१६) पाइन्छ। संवत ४५२ को पाटन खपिछेंको अभिलेखमा (१७) मानाको प्रयोग धानको परिमाण नाप्ने रूपमा भएको छ। यस्तै बेहोरा भस्मेश्वरको संवत् ४५५ को अभिलेखमा (१८) तथा साँखु दुगाहिटीको संवत् ४६० को अभिलेखद्वारा (१९) थाहा पाइन्छ। जग्गाको नापका लागि भारतीय अभिलेखहरूमा कुल्य, द्रोण, आढवाप, उदमान काकिनी तथा हलोको उल्लेख गरिएको छ। (२०) हलोको उल्लेख लिच्छविकालीन नेपाली अभिलेखमा (२१) पनि भएको पाइन्छ तर यहाँ जग्गाको नापका लागि त्यसको व्यवहार नभै गाउँको प्रत्येक हलोमाथि लिइने राजकीय करका लागि भएको पाइन्छ।

काठमाडौंको धुम्बाराही उत्खननबाट लिच्छविकालीन पाथीका अनेक टुक्राहरू पाइएका छन्। (२२) पाथी बनाउनाका लागि त्यस समयमा आगामा पोलिएका माटाका भाँडा प्रयोगमा ल्याइएका, पाथीमाथि लिच्छविकालीन लिपिमा नायक नमणजीवस्य प्रस्थ एक (५) इत्यादि किसिमका अभिलेख पनि पाइएका छन्। धेरैजसोमा अभिलेख गोलो घेराभित्र रहेको गाई-बाछाको छापमुनि एक अथवा दुई पंक्तिमा लेखिएका पाइन्छन्। कुनै-कुनै टुक्रामा सो अभिलेख गोलो छापको चारैतिर पनि लेखिएका भेट्टिएका छन्। त्यस बखत पाथी विभिन्न किसिम तथा आकारका थिए भन्ने कुरा सानो तथा ठूलो आकारका पाथीका टुक्राहरू पाइनाले तथा अंक लेख्दा पांच अथवा दश भन्ने लेखिएकोले थाहा हुन्छ। पाथीमाथि अंकित भएका छाप तिनको प्रामाणिकताका लागि अंकित गरिएका राजचिन्ह (२२ क) हुन् तथा त्यहाँ उल्लेख भएका नायक

---

१५. नोली--३८, अंशुवर्माको पाटन सुन्धारा अभिलेख।
**माटिङ् ग्रामस्य दक्षिणतो राजभोग्यतामापन्नं विंशतिकया चतुः षष्टि मानिका पिण्डकं क्षेत्रं**

१६. पूर्णिमा-- १३, बोडे, नीलवाराहीको जिष्णु गुप्तको अभिलेख।
**पन्चाशन्मानिकमित पिडकम्**

१७. अभि. सं. भाग--पाटन खपिछेको वसन्तदेवकालीन अभि.।
**भगवते कारणपूजार्त्थं. . . . , .भूशतद्वयम्पिण्डकञ्च त्रि. (त्री) हिकस्य मानकिया १५०,--**

१८. अभि. सं. १, भस्मेश्वरको अभि.।
**भूपग्रामस्य दक्षिणेन संवेद्यक्षेन्त्रत्तं भूमि ४०० पिण्डकञ्च मा ४००. . .**

१९. अभि. सं. १, साँखु दुगाहिटीको शिलालेख।
**भगवतो वामनस्वामिनः क्षेत्त्रं लेंदुप्रदेशे भूमि १०० पिण्डकमा ५०. . . .**

२०. Ep. India--Vol XV; P. 293;
विग्रहपालको अम्गचीबाट प्राप्त ताम्रलेखमा कुल्य, द्रोण, आढवाप, उदमान तथा काकिनीको उल्लख खेतको नापका लागि व्यवहार गरिएको छ।

(क) Ep. India--Vol XXXIII; p. 139;
श्री चन्द्रको धुल्ला ताम्रलेखमा जग्गाको नापका लागि हल, द्रोण आदिको उल्लेख भएको छ।

२१. नोली--५६, पूर्णिमा-८ भीमार्जुनदेव-जिष्णुगुप्तको थानकोट अभिलेख।
**दक्षिणकोलिग्रामे गोयुद्धे गोहले गोहले**
**यद्देयमासीत्तस्यार्धम्प्रतिमुक्तं**

२२. धुम्वाराही उत्खन्न--पुरातत्व विगागद्वारा विभागका भूत पूर्व सल्लाहकार डा. एन. आर- बनर्जी तथा यस लेखका लेखकको निर्देशनमा २०२२-२३ सालमा भएको थियो। उक्त उत्खननबाट लिच्छविकालीन मृण्मयमूर्तिकला, मुद्रित गर्ने साँचो, उक्त समयको जनजीवन तथा धार्मिक अवस्थालाई चित्रण गर्नुका माथै अनेक अभिलेखसमेत भएका पाथीका टुक्राहरू पाइएका छन्।

(२२क) पूर्णिमा-२, पृ·१३: ने. सं. ८०३ को जिताभित्र मल्लको अभिलेख।
**तस्मिन्दिवसे सूर्यास्तपर्यन्तं निर्झरसंस्कारः कर्तव्यः ॥**
**ततः निर्झराधिपैः प्रजाभ्य; चिह्नमुद्रा दातव्या।**

नमणजीव, समचन्द्र तथा अनेक नाउँहरू ती सरकारी अथवा राजकीय अधिकृतका नाउँ हुन् जसलाई त्यस बखत तुलो, टक, माना, पाथी चलाउने तथा जांच्ने अधिकार प्राप्त थियो । उक्त कुरा नरेन्द्रदेवको बज्रघरको संवत् १०३ को अभिलेखमा उल्लेख गरिएका आपणकरोधिक मास तुलादण्ड तथा पछि महाराजाधिराज रणबहादुर शाहद्वारा गरिएको शासनव्यवस्था बारेको वि. सं. १८६२ को पत्रद्वारा प्रष्ट हुन्छ । वि. सं. १८६२ मा गरिएको आदेशपत्रमा हिट्टिचोक्या अड्डालाई छाप लाएका ढक, तुलो तथा मानापाथीको मात्र चलन गर्ने तथा छाप नलाएका मानापाथी चलाउनेलाई सजाय तथा दण्डसमेत गर्ने निर्देश दिइएको छ । धुम्वाराहीबाट प्राप्त पाथीका टुक्रामाथि रहेको दूध खाइरहेको बाछा र गाईको छाप-अगाडि त्रिशूल अथवा घटकशलको छाप पनि चित्रित गरिएको छ । त्यहाँबाट प्राप्त भएको ठुक्राहरूलाई जोडी तिनको ड्र्इंग गराई जुन आकार तयार भएको छ त्यो आज चलनमा रहेका मानापाथीको आकारसंग मिल्दोजुल्दो छ । यसरी पाटन चपटटोलको अभिलेख तथा धुम्वाराही-बाट प्राप्त अभिलेखसमेतको पाथीद्वारा यो प्रमाणित हुन आउछ-लिच्छविकालीन नेपालमा वस्तुका नापका लागि प्रयोगमा ल्याइने मानाका साथै पाथीको चलन पनि लोकप्रिय थियो ।

नेपाली अभिलेखमा पाथीको बढ्ता उल्लेख मल्ल-कालमा पाइन्छ । त्यसको केही प्रमाण यहाँ संक्षिप्त रूपमा प्रस्तुत गरिन्छ । ने. सं. ६६६ को एउटा अभिलेखमा दीपमाला बाल्नाका लागि ८० पाथी पिड तोकिएको उल्लेख छ (२३) । पाटनका राजा सिद्धिनरसिंह मल्लको कृष्णमन्दिर अभिलेख (२४) ब्राह्मणहरूलाई हात्ती, घोडा, सुनको कल्पवृक्षका साथै लाख पाथी चिउरा पनि दान गर्ने उल्लेख आएको छ । अर्को एउटा अभिलेखमा (२५) ब्राह्मण आदि भिक्षा माग्नेहरूका लागि साढे तीन पाथी चामल (दिनदिनै) दान गर्नाका लागि १०० रोपनी जग्गा गुठी राखिने वर्णन छ । सिद्धिनरसिंह मल्लकै अर्को शिला-लेखमा (२६) राधाकृष्णमन्दिरको पुजारी (देउताको उत्थान पूजा गर्ने) लाई नब्बै पाथी चामल दिने व्यवस्था गरिएको पाइन्छ ।

पाथीको प्रचलन मल्लकालदेखि शाहकालसम्म तथा आज पनि छँदैछ । तथापि नेपालले अब दशमलब प्रणाली अपनाइसकेको छ तापनि प्राचीन कालदेखि चलि-आएको पाथीमानाप्रति जनताको लगाउ अहिले पनि बढ्ता देखिन्छ । वि. सं. १८६२ को श्री ५ को रणबहादुर शाहको एउटा पत्रमा राज्यव्यवस्थाको लागि अनेक नयाँ कदमहरूका साथै पाथीमानाको खोटो चलन रोक्नाका लागि गरिएको आदेश पनि पाइन्छ । उक्त आदेशबमोजिम छाप नलागेको माना, पाथी, तुलो, ढकले लेनदेन नगर्नू भन्ने हुकुम हुनाका साथै हिटिचोक्या नाउँ भएको अड्डालाई उक्त कुराको जाँच तथा तहकीकातका लागि अधिकार प्रदान गर्दै उचित कार्यवाहीका लागि आदेश गरिएको छ । माथि यो उल्लेख भएकै छ-मनुले ६–६ महीनामा तुला तथा मानहरू जाँच्ने निर्देश दिएका छन् । त्यसैअनुरूप नरेन्द्रदेवकालीन नेपालमा छ-छ महीनामा बजारका ढक तराजु जाँच्ने गरिन्थ्यो तथा घटी चलन गर्नेलाई दण्ड दिने व्यवस्था गरिन्थ्यो । महाराजाधिराज रणबहादुर शाहको उक्त आदेश पनि अघिकै व्यवस्थाअनुरूप ठहरिन्छ । श्री ५ राजेन्द्रवीरविक्रम शाहदेवका पालाको एउटा रुक्का-

---


२३. D. R. Regmi Mediaval Nepal iv; No-6:
चाकलमतं स्वतन प्वाथ ८०

२४. अभि. स. भाग– ६, सिद्धिनरसिंह मल्लको ने. सं. ७६१ को कृष्णमन्दिर अभिलेख ।
विप्रयाथ धरागजाश्वसदनश्वर्णाग्निकल्पद्रुमा लक्षप्रस्थ मिताक्षताष्पटचया हैमाश्च सप्ताब्धय :।।


२५ D. R. Regmi— ilid; No--76; S. N. 795: Also See पूर्णमा–१, पृ. १३:
प्रत्यहं ब्राह्मणादि याचकेभ्यः सार्द्ध प्रस्थत्रयमिताक्षतण्डुलान, दापयितुं शतरोपनिर्मितक्षेत्रं संप्रदत्तः

२६. भगवानलाल- १७, ने. सं. ७५७ को राधाकृष्ण मन्दिर पाटनको अभि.
कार्तिक शुक्लद्वादशी कुन्हु उत्थान पूजा वारी ब्राह्मनैया तं देशं शुये फं ९० जाक्य विय थ्व छ्पतक जुरो ।

२७. पूर्णिमा– २४, पृ- २३९:
सवाल १०- हिट्टिचोक्याले लेवीदेवीका मानापाथी चलाई षोटा चलन गरि विचमा किफाइत षायाको झिकी दर्वार दाषिल गर्नु छाप नलाग्याका माना, पाथी, तुलो, ढकले लेनदेन नगर्नु भनी अड्डा हिट्टिचोक्यालाई चैताईदिनु ।



हाडीगाउँको उत्खननबाट प्राप्त लिच्छविकालीन छापसहितको माटाको भर्ने भाँडो (पाथी)



पत्रमा पनि मानापाथीको उल्लेख भएको पाइन्छ (२८) माथिल्लो त्रिवरणद्वारा नेपालमा लिच्छविकालदेखि आजसम्म पाथीको प्रचलन रहेको भन्ने प्रष्ट हुन्छ ।

अन्तमा मृगिनीको पाटन चपटटोलको अभिलेखमा उल्लेख भएको गृहप्रस्थको अर्थ बाटो हो कि भन्ने शंका समाधानका लागि लिच्छविकालीन नेपालमा बाटोका लागि प्रयोगमा ल्याइएका केही शब्दहरूको उदाहरण प्रस्तुत गरिन्छ । बाटाका पथ शब्दको उल्लेख लिच्छविकालीन पहिलो अभिलेख, मानदेवको चाँगुस्तंभलेखमा (२९) भएको छ । भक्तपुर कुम्हाले टोलको अभिलेखद्वारा (३०) उक्त समयमा बाटालाई मार्ग अथवा पथ भन्ने चलन थियो भन्ने विदित हुन्छ । बलम्बु भेल्बुको अभिलेखमा (३१) राजपथको उल्लेख भएको छ । शिवदेव द्वितीयको अभिलेखमा (३२) वृहत्मार्ग तथा स्वल्प (सानो) पथको वर्णण गरिएको पाइन्छ । उपरोक्त अभिलेखका आधारमा यो भन्न सकिन्छ–चपट टोलबाट प्राप्त मृगिनीको अभिलेखमा उल्लेख भएको गृहप्रस्थ (३३) शब्दको अर्थ बाटो न भई पाथी नै हो तथा उक्त कुरालाई धुम्बाराहीउत्खननबाट प्राप्त अभिलेखसमेतको पाथीले पनि प्रमाणित गर्दछ । प्राचीन नेपाल तथा भारतमा मानाको दांजोमा पाथी नापका लागि धेरै प्रख्यात नभएकोले पाथीको उल्लेख प्राचीन अभिलेखहरूमा कम पाइन्छ तर यसको प्रचलन समाजमा थियो भन्ने विषयमा दुइ मत हुन सक्दैन ।

---

२८, प्राचीन नेपाल - १८, पृ - ४२ :
अगिदेखि षाई आयको पाथी मानु आनु

२९. भगवानलाल- १, मानदेवको संवत् २८६ को स्तंभलेख ।
पायात्पूर्व्वपथेन तत्र च शठा ये पूर्व्वदेशाश्रया :

३०. अभि. सं. ५, भक्तपुर कुम्हाले टोलको अभि. ।
मार्गस्य हेली तिल ... ... सुल्पमार्ग ... ...
बृह (त्) पथस्य दट्टणदल्पस्य पूर्वोत्तर...

३१. पूर्णिमा–५, बलम्बु भेल्बुको अभिलेख ।
स एव राजपथः हस्विमविलग्रामस्य. . . . . . . . . .

३२. पूर्णिमा--१४, का. ई. लगनको विष्णुमन्दिर अभि. ।
सीमा चास्य पूर्वेण बृहन्मार्गो. . . . . . . .
तामेव चानुसृत्य स्वल्पः पन्था . . . . . . '

३३. उपरोक्त शिलालेखमा गृहप्रस्थ उल्लेख भएको छ जसको अर्थ घरको पाथी हुन जान्छ । यहाँ यो स्मरणीय छ —नेपालमा विभिन्न किसिमका पाथीहरूको चलन चलेको बेहोरा पाइन्छ । हाल प्रचलित आठ मानाको पाथीका अलावा छ माना जाने पाथी, चूलेपाथी तथा त्यस्तै किप्यंपाथी पनि छ । यस्ता किसिमको छाप लागेका पाथी नेपाल म्यूजियमको संग्रहमा पनि छन् ।

# गोपाल वंशावलि

खण्ड—१

—जगदीशचन्द्र रेग्मी

[१७ क

## क. परिचय—भूमिका

१. स्वस्ति संवृद्धने देहः स्वक्षमकालप्रेरिणं। विकल्प पापवृज्जं नाक्षमायुश्च प्रशीदतिः ।।

२. कर्म्मेण प्रवर्त्तमानः कलियुगे समस्तसरं भूपालो मालिपालश्च चरणाम्बुजस्य राज्यं ।। श्रीमद्यु-धिष्टिरस्यादि राज्ये ।।

ख. हिमवन्त शैल्य मध्यवर्त्तणी महारण्ये भूतभू-मण्डले ।। प्रधान श्री भृङ्गनरेश्वरः भट्टारिकः प्रादुर्भूतः ।। तदनु गोतमादिभिः ऋषिग्नेस्तत्र प्रचरतिः ।। गोत्मेश्वरादयो देवा प्रतिष्ठितां ।।

ग. तत्रान्तरे श्री भृङ्गारेश्वरी भट्टारिका श्लेष्मान्तक वन विहरति गोपालो वभूवः ।। तत पश्चा गोलाखातः गोग्रामस्य आगमेन नेपानामा गोलकस्य। वहुह्ली नाम कपिला गावो वाग्मती तीरे स्वयन्दिनप्रति गत्वा मुशीरपून्जके क्षीर

१७ ख

धारा तेन संशिक्तं भुप्रदेशे। गोपालेन दृष्ट्वाः खनित्वा चः श्रीमत्पशुपति भट्टारक प्रादुर्भूतः ।।

## खण्ड—२

१. तत्राद्यो राजा श्री भूमिगुप्तः वर्षं ८६ ।।
२. राजा श्री जयगुप्तः वर्षं ७३ मा ३ ।।
३. राजा श्री धर्म्मगुप्त वर्षं ९१ ।।
४. राजा श्री हर्षगुप्त वर्ष ६७ ।।
५. राजा श्री भीमगुप्त वर्ष ३४ ।।
६. राजा श्री मनिगुप्त वर्ष ३७ ।।
७. राजा श्री विष्णुगुप्त वर्ष ४६ ।।
८. श्री जिनगुप्त वर्ष ७१ ।।

एवंम्मष्टा गोपाल राजा भवतिः ।।
तदनु गोपाल राजा निर्ज्जित्य महिषपालनां यथाक्रमेन राज्यपदम्भुंजीतः ।।

९. राजा श्री वर्रासह वर्ष ४९ ।।
१०. राजा श्री जर्यासह वर्ष ७१ मा २ ।।
११. राजा श्री भुवर्नासह वर्ष ४१ ।।

एते त्रय महिषपाल राजा ।।
तत पश्चात् गोपाल महिषपाल निर्ज्जित्य किरातराजा प्रवर्त्तनः ।।

१२. श्री एलम् वर्ष ९०
१३. राजा श्री

१८ क

यलं वर्ष ८१ ।।

१४. राजा श्री मलं वर्ष ८९ ।।
१५. राजा श्री चंमि वर्ष ४२ ।।
१६. राजा श्री धस्कं वर्ष ३७ ।।
१७. श्री वलुंच वर्ष ३१ मा ६ ।।
१८. राजा श्री हुंति वर्ष ४० मा ८ ।।
१९. राजा श्री हुर्रमा वर्ष ५० ।।
२०. राजा श्री तुस्क वर्ष ४१ मा ८ ।।

---

प्रस्तुत सम्पादन डा. डिल्लीरमण रेग्मीज्यूको मेडीभल नेपाल भाग ३ मा प्रकाशित गोपाल वंशावलिको आधारमा गरिएको हो— ज. रेग्मी।

२१. राजा श्री प्रसफुं वर्ष ३८ मा ६ ॥

२२. राज श्री पर्व वर्ष ४६ ॥

२३. राजा श्री दास्तो वर्ष ४० ॥

२४. राजा श्री चम्ब वर्ष ७१ ॥

२५. राजा श्री कंकं वर्ष ५४ ॥

२६. राजा श्री स्वनन्द वर्ष ४० मा ६ ॥

२७. राजा श्री फुकों वर्ष ५८ ॥

२८. राजा श्री शिघु वर्ष ४९ मा ६ ॥

२९. राजा श्री लुलं वर्ष ७३ मा ३ ॥

३०. राजा श्री लुकं वर्ष ४० ॥

३१. राजा श्री थोरस् वर्ष ७१ ॥

३२. राजा श्री थुको वर्ष ८३ ॥

३३. राजा श्री वर्मा वर्ष ७३ मा ६ ॥

३४. राजा श्री पुस्क वर्ष ८१ ॥

३५. राजा श्री त्यपमि वर्ष ₹४ ॥

३६. राजा श्री मुगमम् वर्ष ५८ ॥

३७. राजा श्री गुणां वर्ष ७४ ॥

३८. राजा श्री खिंबु वर्ष ७६

१८ ख

३९. राजा श्री गिरिजं वर्ष ८१ ॥

४०. राजा श्री स्वुरांज वर्ष १८ ॥

४१. राजा श्री खिगु वर्ष ५८ ॥

एते द्वात्रिस किरातराजाः

तामज्ज्ञाणकोशकीटशद्भवायः ॥

तत अथातरे सूर्यवंसोत्पति कथायामिः ॥ कल्पान्ते भगवतें विष्णु जलसयने नाभिकमलोद्भवान् ॥ ब्रह्मा प्रादुर्भूतः ॥ ब्रह्मास्यात्पुत्र मरीची ॥ मरीचीस्यात्पुत्र काश्यपः ॥ काश्यपस्य पुत्र भगवान्सूर्यः ॥ सूर्यस्य पुत्रः मनुः ॥ मनुस्य पुत्र काकुस्तः ॥ काकुस्त पुत्र वेनु ॥ वेनुस्य पुत्र पुष्म ॥ पुष्पत्र अनरंण्य ॥ अनरंण्यपुत्र पृथु ॥ पृथुपुत्र त्रिसङ्कुरः ॥ त्रिसङ्कुरपुत्र धुन्धुमारः ॥ धन्धुमारपुत्रः प्रवनाश्व ॥ मवनाश्वपुत्र मान्धाता ॥ मान्धातापुत्र सुसन्धि ॥ सुसन्धिपुत्रः धृतिसन्धि ॥ धृतिसन्धिपुत्र भरथ ॥ भरथः पुत्र अशितः ॥ अशितपुर शगर ॥ शगर

१९ क

पुत्र. अजः ॥ अजपुत्र संसुमानः ॥ संसुमानपुत्रः दिलीप ॥ दिलीपपुत्रः भगीरथी ॥ भभीरथीस्य पुत्र ककुस्त ॥ ककुस्तपुत्र रघु ॥ रघुस्य पुत्र कल्मारवपाद ॥ कल्माखपादपुत्र सङ्खन ॥ सङ्खनस्य पुत्रः सुदर्शन ॥ सुदर्शनस्य पुत्र अग्नि-वर्ण ॥ अग्निवेर्णपुत्रः श्री गर्ग ॥ श्री गर्गपुत्रः मरु ॥ मरुस्य पुत्र पसुश्रुव । पसुश्रुवस्य पुत्रः अम्बरीष ॥ अम्बरीषपुत्र नहुष ॥ नहुखपुत्र चन्द्रभाग ॥ चन्द्रभागपुत्रः अजः ॥ अजस्य पुत्रः दशरथ । दशरथस्य पुत्रः राम ॥ रामस्य पुत्र लवकुस ॥

एत्ते अयोध्यानृपावर्त्ता ॥

अथः पुन इक्ष्वाकुवंश

विशालपुत्र हेमचन्द्र ॥ हेमचन्द्रपुत्रः सुचन्द्र ॥ सुचन्द्रपुत्रः धूमाश्व ॥ धूमाश्वपुत्र श्रृजय ॥

१९ख

श्रृजयपुत्रः सुवर्णखती ॥ सुवर्णखतीपुत्रः कृशा-श्वः ॥ कृशाश्वपुत्रः सोमदत्त ॥ सोमदत्तपुत्रः जन्मेजय ॥ जन्मेजयपुत्रः परिमित ॥ परिमित-पुत्रः मतिमान् ॥ मतिमान्पुत्रः

विकुक्षि

एते नृपा विमलनगरी अवतार्म ॥

## खण्ड—३

अथः सूर्यवंश प्रभावात् नेपाल किरात निर्ज्जित्य ॥ लिच्छवीवस प्रवर्त्तेः ॥

४२. [लिच्छवी]

४३. तस्य पुत्र राजा श्री णिमिस्य काल बर्ष ५० ॥

४४. राजा श्रीमकारार्त्त बर्ष ४१ ॥

४५. राजा काकवर्मा बर्ष ७६ ॥

४६. राजा श्री सुपुष्पदेव बर्ष ७६ । तेन हि नेपाल-भूमिश्चातुर्वर्णकृता ॥ श्रीपशुपतिभट्टारकस्य देवा-लय कृतं सखसुरस्य पुत्रः ॥ . . . नगरे. . . . , मर्ज्जादाकृत्यः न्यायेत प्रजा समस्त प्रतिपालितानिः स्व स्व स्वकीयेन भूमि

२० क

व्यवहार प्रवर्त्तते ॥

४७. राजा श्री भास्करदेव वर्ष ७४॥ तेन हि श्रीपशुति-स्नाने तपस्चिरं कृत्वा कूपत्रयं प्रदत्तं ॥ तत्प्रसादा ...निर्जितयः दक्षिणसाङ्कर प्रज्यन्तः काञ्चीनगर

)lin
DS
493
989
10.



मण्डल विनिर्जित्य: अनेककोषमानीय: श्रीपशुपति भट्टारकाय काञ्चनानि सम्प्रदत्ता कांची नाम कृतं ।।

४८. राजा **श्रीभूमिगुप्त** वर्ष ४१ ।।

४९. राजा **श्रीचन्द्रवर्म्म** वर्ष २१ ।।

५०. राजा **श्रीजयवर्म्म** वर्ष १२ ।।

५१. राजा **श्रीवर्षवर्मा** वर्ष ५८ ।।

५२. राजा **श्रीकुवेरवर्म्मा** वर्ष ७४ ।।

५३. राजा **श्रीहरिवर्मा** वर्ष ५६ ।।

५४. राजा **श्रीसिद्धिवर्मा** वर्ष २१ ।।

५५. राजा **श्रीहरिदत्तवर्मा** वर्ष १६ ।।
तेन हि **चतुशिखर** प्रदेशो
भगगत **विष्णु** भट्टारकस्य
देवालयं सम्पूर्ण कृतवानितु ।।

५६. राजा **श्रीवसुदत्तवर्मा** वर्ष ३१ ।।

ख २०

५७. राजा श्री **श्री पतिवर्मा** वर्ष ३९ ।।

५८. राजा **श्रीशिववृधिवर्मा** वर्ष ७५ ।।

५९. राजा श्री **वसंतवर्मा** ४१ ।।

६०. राजा **श्रीसुपुष्पवर्मा** वर्ष २६ ।।......धर्म्मेण वृधिकृतं ।। पुन श्रीपति भट्टारिकस्य देवालये अति सुन्दर निर्मितं ।।

६१. राजा **श्रीविश्वदेव** वर्ष १०० तेन कृत **सो...चैत्य** भट्टारिके प्रतिष्ठित सम्पूर्ण कृतं ।। तत्रे **च** पनालिका च: ।। पुन श्रीपशुपतिस्थाने उत्र वृहत्त्री-सूल प्रतिष्ठितं ।। तस्य मृत्यु स्वपुत्रेण रात्रे पनालिका स्थाने शिरश्छित्वा पिताज्ञा कृतं ।।

६२ तस्य पुत्र **श्रीमानदेव** वर्ष ४१ ।।
तेनमज्ञातेन पितावधकृता ।। महाघोरपातक . . . हारो . . . मान भ्रमित्वाशुविहार . . . प्रभवा-हरतमुतपद्यत प्रतिष्ठितश्च ।। प्रत्राद्या बहुतर विहारस्तेन

२१ क

. . . . ।। स्वनामेन **मानविहार** प्रतिस्ठितं पुन **श्रीमानेश्वरी** देवी प्रतिस्ठितं पुनरपि भूमिमान-ण्डं कृतं ।। पुन तस्य राजें महामुत्पात भवेत्तस्य सांतिकृत पोष्य पूर्णमा होलिकृतं तेन सान्ति भवति ।।

६३. राजा श्री **सङ्करदेव** वर्ष ४० ।।

६४. सजा श्री **धर्म्मदेव** वर्ष ४१

तेन श्रीपशुपति भट्टारिकस्य दक्षिणमूर्त्ति महद् वृषध्वजापि कृतं तान् पुन **राजविहार धमरचैत्य** भट्टारिके प्रतिष्ठितं ।।

६५. राजा **श्रीमहीदेव** बर्ष ४१ ।।

६६. राजा **श्रीवसन्तदेव** बर्ष ४९ ।।

६७. राजा **श्रीउदयदेव** बर्ष ४५ ।।

६८. राजा **श्रीगणदेव** बर्ष ४५ ।।

तस्य राज **नेपाले** भूमि वर्षत्रयं अनावृष्टि वारि . . . . . . आकांक्षणायकामेन: श्रीषशुपति भटारिकाय महानाग निर्ज्जित्य: तस्य मनि युक्त **गणदेव** नाम . . . कृतं प्रढोकितं तत प्रभावा त्महावृष्टिकृतं **प्रजा**

२१ ख

सुखा भवति ।।

६९. राजा **श्रीगुणकामदेव** वर्ष ४० ।।

७०. राजा श्री **शिवदेव** वर्ष ४१ मा ६ ।। तेन प्रतिष्ठित विहार शुभ कृतं खासीचेन महाकूटं तत पश्चद्भो-तात देशेन मागतं ।।

७१. राजा श्री **चम्पादेव** वर्ष ४१ मा ९ ।।तेन कृत फुटो विहार चेत्र भटारक प्रतिष्ठितं कूर्म्मासन शैला-सन प्रतिष्ठितं ।। चवु अङ्क रामायन नृत्यकृतश्च

७२. राजा श्री **नरेन्द्रदेव** वर्ष ३४ ।। तेन च श्रीपशुपति भटारकाय अनेक रत्न विचित्रकोष ..प्रढोकितं ।। तत्रेव सुवर्णरनालिका त्रिपुरसहितश्च कृतं ।।

७३ राजा **श्रीभीमदेव** वर्ष १४ ।। तत पश्चात् **सूर्यवंस** निर्ज्जित्य......लवसेन: प्रभवाद्राजाकृतं ।।

७४. राजा **श्रीशिवगुप्त** वर्ष ४७ ।। तेन **च नन्दलद्दलको** निमन्तिलपाल **विष्णु**भट्टारकस्य सुवर्णसङ्कलीश्छा ।

२२ क

दनकृत द्वयोपि सोभितं सत्रदत्त बहुतनक्षेत्रवाटि-कागृहसहितं ।।

७५. राजा **श्रीविष्णुगुप्त** वर्ष ७१।। तेन कृत श्रीपशुपति-स्थाने वाग्मतीतीरे. . . . .वृहच्छिलामय विष्णु-भट्टारक प्रतिष्ठितं स्वात्मप्रभावेन पुत्रद्वयोपि पार्श्वसहितेन: तत: पुनश्च उत्र प्रवतात्मधे नरशिह-स्थाने महाच्छिलामय विष्णुजलसयन अतिसुन्दर

आवाससहितं कृतवान् ।। अपरञ्च एकादशीव्रत दिने दिने एकेक विष्णुप्रतिमा तात्रे शिला वा प्रतिष्ठितं नाना स्थाने ।। पुन परमेश्वर पनालिके कृत ।। तत्रे च चतुर्मूति शिक्षालय

विष्णुभटारिकाय प्रतिष्ठितं ।।

७६. राजा श्री भूमिगुप्त वर्ष ४५
तेन **नेपाले गोला** नाम अक्षर प्रवर्त्तते ।। **धरणी-वराह** विष्णु प्रतिष्ठितं
एत त्रय **गोपाल** राज्य करोति ।।

२२ ख

अथ भूयोपि **सूर्यवंस** प्रभावाकृत ।।

७७. राजा श्री **शिवदेव** वर्ष ४१
तस्य भग्नीय पुत्र

७८. राजा **अंसुवर्मा** वर्ष ४३
तेन च **राजविहारकृतं** ।। पाण्डकादि व्यवहार प्रवर्त्ति ।। व्याकरणादि शास्त्र चर्चंता प्रवर्त्तते ।।
तस्य राजन पुत्र

७९. **मानवर्मा** वर्ष **६५** ।।

८०. राजा श्री **कृतवर्मा वर्ष** ७६
एते वंसान्तरे महीपाल गवुतेश्वर आगते नृप ।। तस्य महाप्रतापात् नेपालराज्यं कृता ।।

८१. राजा **श्रीदेवलदेव** वर्ष १०
तस्य कृता देपाल विहाराश्चः तुलाकूट व्यवहारश्च कृतं तदनन्तरे पुन सूर्यवशोनृप

८२. राजा **श्रीध्रुववर्मा** वर्ष १०८ ।।

८३. राजा **श्रीमार्जुनदेव** वर्ष ३५ ।।

८४. राजा **श्रीनरेन्द्रदेव** वर्ष १३

८५. राजा **शिवदेव** वर्ष १६
तेन श्रीपशुपति भटारकाय रजतपद्म निर्मितं **नन्दिसालाविहार** प्रतिष्ठितं भिक्षु भोज्य सत्रं कृतं ।।

८६. राजा २३ क
**श्रीनरेन्द्रदेव** वर्ष ३५
तस्य आचार्य वधुदत्त द्वयेन **श्रीवुग्मलोकेश्वर** भटारकस्य जात्रा कृता भवति ।।

८७. राजा **श्रीवलदेव** वर्ष १७ ।।

८८. राजा **श्रीबर्द्धमानदेव** वर्ष १६ ।।

८९. रासा **श्रीशङ्करदेव** वर्ष १२ ।।

९०. राजा **श्रीबसन्तदेव** वर्ष २१ ।।
तत्पश्चाद्**गुटराजेन** मायातिः नेपालमण्डले राज्य करोति ।।

९१. राजा **रुद्रदेव** वर्ष २७
तेन **चाकुभ्भोटत** प्रज्यन्त निस्कंठक राज्य करोति ।।

९२. राजा **जयदेव** वर्ष ४२ मा ५ ।।

९३. राजा **श्रीवलदेव** वर्ष ११ ।।

९४. राजा **श्रीवालार्जुनदेव** वर्ष २१ मा ५ ।।
भ्रातृभ्या भार्या सम्भवं तेन श्री वुग्मलोकेश्वर भटारिकाय स्वमुकुट प्रढौकित ।।

९५. राजा **श्रीमानदेव** वर्ष ३१
तेन कृते न्होलतर्वानिमं ।।

९६. राजा श्री **राघवदेव** वर्ष ४३ मा ६ ।।

## खण्ड–४

९७. राजा श्री **जयदेव** वर्ष १० ।।

९८. राजा श्री **विक्रमदेव** वर्ष ८ मा ९ ।।

९९. राजा श्री **नरेन्द्रदेव** वर्ष

२३ ख

१ मा ६ ।।

१००. राजा श्री **गुणकामदेव** वर्ष ८५ मा ६
तेन श्री पशुपति भटारकाय एकादश कोष संप्रदत्तं ।। तत्रेव. . . . . . . .प्रछादनं कृता ।। तत्रेव दीर्घचोपाङ्क कृताः तत्रैव **सुवर्णप्रनाली** [कृ] ताः **कोटिहोमपूर्ण** कृतं ।।

१०१. राजा श्री **उदयदेव** वर्ष ५ मा ३ ।।

१०२. राजा श्री **लक्ष्मीकामदेव** वर्ष २१
तेन षम्पटपश्चात्साहिते सम्बच्छ्रसतेशते राष्ट सान्ति कृतवन् ।।

१०३. राजा श्री **विजयदेव** यर्ष ३१
तेन **ललितापुरो** अर्द्ध राज्यं करोतिः ।।

१०४. राजा श्री **भास्करदेव** वर्ष ३
तेन पितृमालित विकृतं स्ववर्णमयी **श्र** (श्री) **मानेश्वरी** भटारिका विनाशिता (तद्दोषेन अन्धो) भवती महाकष्ट प्राप्त ।।

१०५. राजा श्री **वलवन्तदेव** वर्ष १२
तेन अत्यन्त सुभिक्ष राज्य करोति । तेत च **हरिपुर** कृतं ।।

१०६. राजा श्री षमा. . . .

२४ क

—कूट कृतवान् ।।

१०७. राजा श्री **नागार्जुनदेव** वर्ष २ ।।

१०८. राजा श्री **शङ्करदेव** वर्ष १५
तेन च **नंदीशालाया सङ्करेश्वर** प्रतिष्ठि. . :कृतं देवुलं ।। पुनः भगवती मनहर भटारिका प्रतिष्ठिता राष्ट सान्ति भवतिः ।।

१०९. राजा **श्रीवामदेव** वर्ष ३ ।।

११०. राजा श्री **हर्षदेव** वर्ष १४।। उत्नविसति सम्बच्छरे सतद्वय परिवर्त्तमाने ।।

१११. राजा श्री **शिवदेव** वर्ष २७ मा ७

क) तेन श्रीपशुपि भटारकस्य देवल सुवर्ण...... संछादनं कृतं ।।

ख) तत **कीर्ति भगतापुरे** बलवर्णदेवी कृत्य नन्दिबन्ध्याय नीता ।।

ग) पनालीका कुप पुस्करणी थाने स्थाने कृता

घ) श्री राजगृह सुनिसादितं तत पश्चात् श्रीपशुपती भटारकाग्र रजतपद्म पिण्डि...

२४ ख

....सुवर्णरा वास्तव्य वर्त्तते ।।

ङ) स्व श्री सिहाकृति रुप्य दम्म व्यवहारा (कृता) । सुवर्णमय्री श्रीशिवस्यांकृति शिवकाङ्क कृत्यः ।।

च) पूर्व्व शिखरदेवस्य परिवार सहितेन जीर्णधार कृताः ।।

छ) जौराज **श्रीमहेन्द्रदेवेन** याग्मबृहत्पुस्करिणी खनित्वा । पूर्व कर्षकपनदमाधि । स पुस्तकरणी खनिये च दम्मैकेकपन देयं सम्पूर्ण कृतं **महेन्द्रसरो** नाम देयं तस्य सम्बच्छरो नव तृयः सत द्वयं माधव शुचि पूर्णमी । तस्या हि नामः **मदनसरो** कृता ।।

११२. राजा श्री **इन्द्रदेव** वर्ष १२ ।।

११३. राजा श्री **मानदेव** वर्ष ४ मा ७ ।

११४, राजा श्री **नरेन्द्रदेव** वर्ष ६ मा ५ ।

११५. श्री **नंददेव**

क) माघकृष्ण सुजन्द्रना प्रदिपदे सप्ताधिके पष्टिके काले वर्ष शतद्वये शुभ दिने राज्यवर प्राप्तितो ।

ख) श्रीं नेपालाः समस्तमण्डलमहीत्राता प्रजानासनं पीड्य शास्त्रतन्त्र सुनिर्मित गुणै

२५ क

श्री नंददेव प्रभुः ।।

११६. राजा श्री **आनन्ददेव** वर्ष २०

क) तेन **भक्तपुरे** शिवग्लस्थाने देवालये देवद्वयञ्च प्रतिष्ठितं ।। ताम्रशंखली संछादनम् । त्रिपुरसहित राजधानी प्रतिष्ठिता ।। राजकुलसमीप सुवर्णपनाली कृता ।।

ख) **श्री गोपाल** महामण्डलीक महापात्र प्रमुख समस्त प्रजादीनान्पुत्रपौत्रादीनां गृहक्षेत्र क्रयविक्रीतितङ्कृत्वा । संताप दुःखाग्नि आपिडिता हृदयानि व वंगप्रवतः सरोषकृतानां चार कदम्बकं निहत्य कृत्वा महात्मन कृत ।।

ग) तेन शुक्रदिने नाठिक सुधनपाल कृतवान् ।।

घ) त्रिपुर सप्त गण्ठकूट कृत प्रतिष्ठितञ्च ।।

११७. राजा श्री **रुद्रदेव** वर्ष ८ मा १
तेन **पञ्चपुर दक्षिणसाला** खण्डञोक प्रतिष्ठिता । सुवर्णपनाली चः ।।

११८. राजा श्री **अमृतदेव** वर्ष ३ मा ११
तेन पञ्चपुर उत्तरशाला खण्डचो-

२५ ख

क प्रतिष्ठता महामारी दुर्भिक्षं भवति ।।

११९. राजा श्री **सोमेश्वरदेव** वर्ष ४ मा ३

क) तेन कृत्ययोद्यं बृहद्देवालये अति सुन्दर काष्ठशिलपि कृता ।।

ख) तत्रे च दक्षिणविद्यापीठ महाप्रधानं पुन सत्र कृतञ्च ।।

१२०. राजा श्री **गुणकामदेव** पुष्पाभिशेष कृत्य राज्य वर्ष ३ ।।

१२१. राजा श्री **विजयकामदेव** वर्ष ७ ।।

१२२. राजा श्री **अरिमलदेव** वर्ष २५ मा १०
तस्य राजे महामारी दुर्भिक्षम्भवति । दम्मन कुडवद्वय तण्डुलं ।।

१२३. राजा श्री **अभयमलदेव** वर्ष ४२ मा ६
तस्य राजे महामारी दुर्भिक्ष प्रजा कष्टी भवतिः तस्य सान्ति कृते वर्षप्रति **लक्षहोम पक्षश्राद्ध** कृत्यः श्री पशुपति भट्टारकाय महास्नान कलास पूजतं कृतं ।।

१२४. राजा श्री **जयदेव** वर्ष २ मा ८
तस्य राजे वृहद्भूमिचालनं महासन्तापं महा [मा] री दुर्भिक्ष प्रजा शोचा भवति ।।
सम्ब —

२६ क

च्छर तृसप्तपञ्चः आषाढ शुचि द्वितीया पुनर्वसु सोमवासरेत्यादि चालन चतुर्मासा ।।

१२५. पुष्पाभिसेक राजा श्री **जयसोमदेव** वर्ष १३ मा ३

क) तेन पूर्वशिखरनारायनस्य भण्डार ताम्म्र शंखलात्यादि ग्रासिता ।

ख) तेन प्रवाहिता पूर्व्व राजधारणी चुतेन कृतं ।।

ग) तेन पञ्चपुरीशाला विध्वंशीकृतं अन्नसुलभं ।।

१२६. पुष्पाभिषेक राजा श्री **जयसिहमलदेव** वर्ष २ मा ७

क) तेन प्रजा अनपीडितं राष्ट्र सुखी भवति ।।

ख) श्री पशुपति भट्टारकस्य सुवर्णमेखला प्रढोकितं ।

ग) पुनः अनेकार्थरत्न घटिट चतुर्क्कण्ठाकोष-जात्राकृतं सम्प्रदत्त कृतं ।। तत्र देशाटन ... सत्र दातव्य सर्व्वदा ।।

१२७. पुस्पाभिषेक राजा श्री **अनन्तमलदेव** वर्ष ३२ मा १०

क) तेन कृत दम्म व्यवहारेण प्रजा कष्टी भवति ।।

ख) श्री वशुपति भटारका-

२६ ख

य ध्वजावरोहन कृता ।।

ग) जौरा श्री **जयादित्यदेवेन** सहोदर श्री **जयानंददेव** निगडबंधनं करोतिः

घ) वर्ष १२ मा ३ पश्चात् खशिया व वः ।।

ङ) राजा **जयतारि** प्रथम प्रविष्टः सम्बच्छर चारि सय आठ पोषमासे ।

च) साह्मगुस्थाने **रवाशिया** अबुठ सय पातयित्वा राष्ट सर्व वने सेवितं रवाशिया तेन पलायितं लोक स्वस्थेन **स्वस्थान** स्थितं ।।

छ) तस्य सम्बच्छर प्रवर्त्ति फाल्गुण मास शुक्ल त्रयोदशी । पुनः द्वितीय **जयतारि** प्रविष्टः ।। ग्रामादि अग्निदाहं करोति ।। स्यंगु चैत प्रसयति । वुग्मलोकेश्वर द्रशनं श्री पशुपति प्रसन्नं । स्वस्थेन स्वराष्ट गमन भवति । सम्बच्छर चारि शय नव ।।

ज) पुन **तिरहुतिया** प्रविष्टः ।। सम्वच्छर चारि शय एकारह माघमासे ।।

झ) जौराजिनी श्री **विरमदेवीना** कृ

२७ क

एन्द्रकूट सम्बच्छर चारि सय चवुद्रह । वेशाखभासः तस्य पुत्र श्री **जयशक्तिदेवेनः** एन्द्रकठ ध्वजमारोहन । तत्रेव पनालिका च कृतं ।।

ञ) राजा श्री **अनन्तमलदेवेन**: कर्त्तव्य मुनेन्दुः वेदशत सम्बक्छ आषाढ शुक्ल पञ्चमी बुध बासरेः श्री पशुपति भटारिकाय स्ववर्ण शङ्खलीशच्छादन कृतं । चतुस्कोने सुवर्ण. ......वञ्च ।। ध्वजा सम्पूर्ण प्रतिष्ठितं ।।

ट) चगु ध्वजारोहन सोम स्वनिमन्तग्न यज्ञानः ।।

ठ) पश्चात् गवुड राजेनः मागतं कपटी या गणपतिकेन कृतं **वृषध्वज** सुवर्णलेपित श्री पशुपतिस्थाने ।। श्री **जयशक्तिस्य** माता **बिरमादेवीना** ।।

१२८. तत्रान्तरे राजा श्री **जयानन्ददेव** प्रवर्त्तते
क) **श्री जयतुङ्गमलदेवस्य** आत्मजः
ख) **श्री जयरुद्रमलदेवस्य** प्रभु तेन स्वकुटुम्ब

१२९. श्री **जयारिमलदेवस्य** पुष्पाभिषेकं कृत्यः
**२७ ख**

क) राजा भुक्ति मात्रन्ददौ स्मस्त नेपाल श्री जयरुद्रमल्ल इतिः **नवकोट** भुङ्ती प्रजंत राज कृतं ।।

ख) **भक्तग्रामक्षेत्र** बहुतरविक्रीतं तस्य स्वर्गस्त सम्बत्सराषडयुगवेदा ४४६ आषाढी पूर्णमी रात्रिभागे दारा चतु अग्निप्रवेश कृतं ।। तस्य सूनु जायमाने कतिपय विवसांतरेण मृत्यु ।।

ग) पुत्री सती **नायकदेवी** नामः पितामही श्री **पदुमलदेवीना** प्रतिपालितं ।। **श्री देवलदेवी** द्वयोपि ।।

घ) तिलमाधव स्थाने मण्डपादि पनालीकृतं
घ) तत्रान्तरे **आदितमल** नेपाल प्रविष्टः ।। सम्वत् ४४८ चैत्र पूर्णमी ।।

घ) अत्रान्तरे काशेरवसज **श्री हरिचन्द्रदेव** समानवेनः विवाहङ्करोति **श्री नायकदेवी** कतिपय वर्षान्तरेण शिष्टेन विषभक्षथतेन मृत्यु ।। तदनन्तर तस्य
**२८ क**

देवस्य भ्रात **श्री गोपालदेवमुपस्थितं** कर्णाटवसुज **श्री जगतसिंहदेव** समाहित संगृह्य कृतं नायकादेवी ।।

छ) तत दृष्टातरेण स गोपालदेव श्री भक्तापुरी त्यक्त्वा **ललितापुरी** गम्यताः तदनन्तरे लोकाना भयादितं स्वराज गमिष्यशि तेन भयादितेन लोके मन्त्र पातनं कृता ।।

ज) **विहारकोट** स्थित **जोगराय मुलमी जोग-विहारा पात्र** एकीभूतेन **शंखाकोट** प्रविसतिः ततो प्रवेशान्तरे द्वितीयरात्रे **जोगरामेन श्री गोपालदेव त्यक्त्वा** पलायं गता ।। पश्चात कोटाशृत्य मेकाको **स्थित ।।**

झ) **श्री जगतसिंह** कुह्मरस्य परिजने शिरच्छेत्वा श्री गोपालदेव मृत्यु ।।

ञ) तदनन्तरे कतिपय दिवसे **श्री जगतसिंह** कुमरेण राज भुजितं । पश्चान्न कुह्मर-वंधनं भवेत् ।। तस्य पुत्री **श्री राजलदेवी** नामः ।। जातेन दश दिवसान्ते मातुश्च मृत्यु ।। पितामही
**२८ ख**

**श्री देवलदेवीना** अति कष्टेन प्रतिपालितं।।

ट) अत्रातरे श्री **पशुपतिमल्लदेव** वंद्धनं करोति

१३०. **जयराज**

क) उभय राजकुल सानुमतेन सम्वत् ४६७ श्रावण वदि ४ श्री जयराजदेवस्य राजा कृत्यः सर्व्वसंमतेन सम्बत् ४६७ वैशाष शुदि ७ ।।

ख) श्री जयराजदेवस्य पत्नी **रुद्रमदेवीसं** तस्य पुत्र श्री **जयार्जुनदेव** जात ।।

ग) सम्वत् ४६८ कार्त्तिक पूर्णमाशी श्री श्री देवलदेवीनां श्री पशुपति भटारकस्य कोष प्रढोकितं ।।

घ) सम्व्रत् ४६९ वेशाषी पोर्णमास्यां श्री श्री राजा जयराजदेवेन श्री पशु भटारकस्य कोष प्रढोकितं ।।

ङ) तनतरे पूर्व सुरतान समसदिनमागत्य नेपालं श्री पशुपति त्रिखंडी कृता नेपाल स्मस्त भस्मीभवान् । हाहा भवन्ति लोकश्च ।।

च) सम्वत् ४७० मार्गशिर शुदि ९ महाकष्ट भवामिः भक्तापुरे ।।

छ) तदनन्तरे श्री देवलदेवीना सम-
**२९ क**

नयात् ।।

ज) वुधेर्व्वसावतारे कलिजुगे **स्वयंभुकृतात** वरप्रशादिकः अष्टलोकपालावतार श्री **जयस्थितिराजमल्लदेव** विजयी भवे तस्य विवाहः कृतं श्री राजलदेवीनां स्वामी **भवान् ।**

क) तस्य सुपुत्र श्री **धर्ममलदेवानामः** तस्य जाता **छवकर्म्मनेन** चवुअङ्क रामायत नृत कृतं ।

ञ) पुनः **वंडुकर्ण** सम्वत् ४९७ ज्येष्ठ शुदि पञ्चमी वुधवार तत महाउत्तज्छव नृत्य वाल रामायन मण्डलीकार श्री **जयार्जुन** राजास पण्डिया मन कुमारोस ।।

ट) नेपाले ग्रहनन्दसागर गते सम्बत्सरे भाद्रके मासे कृष्णमतं गजाधिपतिथौ सूर्येहृनि-प्रवया ।

आचीर्णं स्थितिराजमल विभुना राजल-देव्या समं श्री लक्ष्मीव्रतमुत्तमं स्थिरधिया सर्वार्थकामप्रदं ।।

ठ) थ्व सम्वच्छलवु श्री द्विजराजजुस्य यदृतं पुलचोया तोरणहस्यं एन्दयात

२९ ख

याङा गाक दुराखनः ।।

ड) सम्वत् ५०३ चैत्रशुदि १० श्री **कोछें** भटारिकस लुप्व डोड खटया दुंता मियापी गणुन ।।

ढ) **सम्बत्** ५०३ माघशुद्धि १० तलमण्डेस तोरन दुन्ता **मेघराम मुल्मीस्यं** ।। थ्व समच्छलन वुचेतला धोवतिराखचा श्री श्री **धर्म्मलदेवस** विवाह ।। गुंहुलिव देघुरीपूजा विज्याङा स्मस्त वुमेसह्यं खु जया धाव मदो ।।

ण) थ्व सम्बच्छलस वुं भ्वन्त **अर्यसिहराम** महाथसन थव किं जटोताङ, घर सुदि मजुवल एन्देस्वरया चुलका छाया चेतला **थोव** दुर्दतिसि आदीतवारः ।।

त) कोषस क्षा प्रथम भटत १३ **मलावलदेव** १४ ढोको **वलदेव** १४ **जयदेव** १ वसंतदेव **२ आर्यादेवि** ३ **मयुरमाला** ४ **मरहटदेवि** ५ **उदयदेव** ६ **गंगा जमुना** ७ **नागकुमार** ८ **महेन्द्रदेव** ९ **मकुटकोष** १०

३० क

**रत्नमाला** ११ **रुद्रदेव** १२ **चक्रमाला** १३ **अनंतमेखला** १४ **मुकुटकोष** १५ **उदयादित्यदेव** १६ **उद्योतदेव** १७ **देवलदेवी** १८ **जयराजदेव** १९ श्री पुशुपतिः स्य कोषसंक्षमितिः ।।

थ) दुष्टस्य दण्ड स्वजनस्य पूजाः न्यायेन कोषस्य च सम्प्रवृद्धिः । अपक्षपातोन्विषु राष्टरक्षा पञ्चव यज्ञा कथितौ नृपानां ।।

द) भग्ने देवः वशा जयार्जुननृपौराय्यान्नि-जानाश्रयं नस्था द्वादश वत्सराब्द दवना नाथ सुभक्तमपुरः ।।

ध) लोकेशेत्य गुणान्वितो विजयते **रामावतारो-**परः स श्रीमान् **स्थितिराजमल** नृप्पतिः **नेपालभूपालकः** ।। सपूर्णे रविवच्छरे स नृपतिः स्तेनेव राज्ञा सताः रामेनैव विशीषने निजपदं संस्थापिते सादरे । हृत्वा शत्रुमतं गजाधिपमतं स्वात्मप्रतापाकुशे नेपालाब्द गतेब्द पुस्कर शरे **मार्ग्गा** शितस्या तिथौ ।।

न) सम्बत् ५०१ मार्गशिर व १२

**रुद्रमल्ल**

स ४० ... ... ...वद्वि ११ श्री जयरुद्र-मलदेवसन पिलाया क्वाछे तेजपाल भारो......ह भाटों ।। ।।

४४ क - ख

**वोद मुल्मी**

स ४३५ भाद्रपद **सुद्धि** १३ लंकोला **वोद** मुल्मीस कार्पीस वंधनस शिक्वटों कलात पनिस प्राचिन मालव प्रेतक्रिया व्राह्मण्न-स्यं भया वकोटो ।। ।।

४४ ख

**रुद्रमलदेव**

स ४३८ मार्ग्गशिर शुद्धि ११ श्री जय-रुद्रमलदेवसन तलङ्गुस्पलान क्वाढ काया दिनः । ।।

४४ ख

**तिपुर**

स ४३५ आगाढ कृष्ण ४ लिस्साखरस

नवक्वाठदल खण्डन फुङा निपुरण ।। ।।

४४ ख

स ४४० भाद्रपद शुक्ल. . .न्हुसन ।।

४४ क

**जयारिमल**

स ४४० चैत्रकृष्ण द्वादशी ग्वलस श्री जयारिमल अभिसेष दिन ।।

४४ क

४३६ द्विपोष वदी ११ भोतनन्तो— भाटो सल्ल क्वाठ ल्हाया फुपगमी भाटो मिल्लोया...गम लुवा ।।

४४ क

**नारङ्गप्रमान**

स ४३६ आषाढ शुद्धि १२ शनैश्चरवार स्वपहरसु पोधन धार घ...खुलाङ हया थ्वलास वुतलमण्डे माप्तस...हाव खोबी हाव पीला लिव क्राम्र नारङ्ग प्रमान गा... ...भागस ६ भाग शिक्व...।। ।।

४४ क

**सरस्वती**

स...शुक्ल त्रयोदशी चैत्र शुक्रवार क्वाथे छें खा ·· ···सरस्वतीस थापन जजमानी श्री मजजुस भरीस कृत ।। ।।

४३ ख

**वङ्कुलि मास**

स ४३५ वेशाष कृष्ण पञ्चमी शनैचरवार वङ्कुलि मास विवाह दिवस सयव दिवस पक्ष एकादशी उत्रभद्र बुधवार चो छें पोड ञ पुटि भारोस भरीकाया दिनः ।।

४३ ख

**रुद्रमल्ल**

स ४३५ वेशाष शुक्ल पञ्चमी श्री जयरुद्रमलदेवसन गोकर्ण क्वाठ प्रदत ङामचालू जेष्ठ शुद्धि ५ शुक्रवार चा व्यसन चो ।। ।।

४३ ख

सं ४३९ अश्विनि कृष्ण सप्तमी

४३ ख

क... ...मल

देवसनं राजग्रामक्वाठ ङङा यङा. ... ।।

४४ क

**हरिचन्द्र कुमर**

स ४५३ वेशाष वदि ३ तिपुर हरिचन्द्र कुमरस युथु निमम्बडन दुंविवा धयित भासन खण्ड लोठे टंङास एक सर समस्तमन कोलाक्व याङ मानसके होला दिन ४ याङा थ्वलिव कुमरस व्यसन वङा यम्वुस विज्याक्वटों ।। ।।

४७ ख

**हरिचन्द्रदेव**

स ४५२ आषाढ वदि ५ हरिचन्द्र देवस चा २ वर्स्य वुगन्न राजकुलस कुलन दुम्वीया दुग्यङ् ग्वकस्त भाटों के राम . . . .यिटों मडिकटों थ्वसति भेसाम धराम भाटों देशपतिटों उभे स्याङा धयित भाटो पील्लीया ।। ।।

४७ ख

**जयराजदे**

स ४५२ श्रावण शुदि ९ थ्वन्त श्रीजय- राजदेवस चोंङा व्यानाप्पा क्वाठ महाथ अनेखराम भारोसवो एक. . . .छिपन्त याङ क्वाठ पुंङा थ्व स थे थे अपनाह याङ संटोलन तिपुर अभेराम मुलमीसन कपन क्वाठ काय ।। ।।

४७ क

**पदुमलदेवी**

स ४५२ अश्विनि शु—

४७ क

द्वि २ श्री श्री

पदुमलदेवीस अस्तः भोगवर्ष ६७ मा २ ।। ।।

४७ ख

**अनेकराम**

स ४५२ अशुणि कृष्ण प्रदीपदा सोमवार कोन्हु सकोस अभङ्गपतिराजटों किंज सखू मूलमी थ्वस नेह्मं स्वंङा ब्राह्मणनस आभारण चोल्लं ब्राह्मणसन वडन पिल्ली सन अनेखराम महाथसन स्याचका ।।

४७ ख

**हरिचन्द्रदेव**

स ४५५ जेष्ठ शुद्धि ६ श्री हरिचन्द्र-देवन वलन मृत्यु निनः ।। ।।

४७ क

**भोन्त रावुत**

स ४५१ जेष्ठ शुद्धि १२ तलमण्ड यण्टा मण्डो ध्वजा छाया थ्व दिन कोन्हु भोन्त रावुत श्री युविछें भारोस रणस अफन्त सडेव तिपुरण पन्ति गाहरपं सयकर छो हुंङा ढो ।। ।।

४७ क

**चंदन ऐस्वरनराज**

स ४५२ मार्गसिर शुद्धि १२ चंदन ऐस्वर-नराज गायाका दिन ।। ।।

४७ क

**राजदेव**

स ४५२ वेशाष कृष्ण द्वितिया नवक्वाठ गजवो पलाखचो जयराजदेवस बाह्य-खास डोया दिवस ।। ।।

४६ ख

**गोपालदे**

स ४५० पोक्ष पद्धि १३ युथनिमंस ठाकुर मदो निमितिन कोवने गाहरपं हाकु गरटो नेह्म दुन्ता टो चनिगल...न्ददे-वस गोपालदेवसवयह कामा देविस ।। ।।

४६ ख

स ४५३ चेत्र शुद्धि १६ ङवा क्वाठ कुलनकाया भोंतन कुलयाक्व देशाल शिरपति दुङ्ग्व क्वटग

४६ ख

.....त तिपुर अपनाह सनो ।। ।।

४७ क

**लछ जयपति मुलमी**

स ४५१ फाल्गुण शुद्धि ८ क्वाथछे भप्तीप्ती सखटया लूंपप्तोप्त प्रतिष्ठा जजमान वोंक्षं लछ जयपति मुलमीस ।। ।।

४७ क

**हर्रसिंहदेव**

स ४४६ माघ शुदि ३ तिरहुतिः हर्रशिङ्घ राजासन भिक्ला सनता सत्र गहीटो ढालिस तुरकयाके वङ रायतमो नारपं थमु अगुमन याङ वस्यं शिमरावन गप्त भङ्ग याङ तिरहुतिया राजा महाथ आदिन समस्त वडंङ व्यसन वङ्ग्वटों ग्वलछिनो लिन्दुं विर ववः ग्वलछिनो

४६ क

राजगाम द्वलखा धारे वंग्व। टिपाटस राजा हर्रशिहटो शिकथ्वसकायना महा-थवना उभय वंधि यंङा कूलन ज्वोंङ विफंग्व राजगामया मछी भारो धायान समस्त धनकासन ।। ।।

४६ ख

**रुद्रमल्ल**

४४६ प्रथमाषाढ पूर्णमी श्रीजयरुद्रमल-देवस अस्त ।। भोग राजवर्ष ३० मा ८ ।।

४६ ख

**अभेराम मुलमी**

स ४५० चेत्र कृष्ण एकादशी माक्मिव-हार क्वाठ अभेराम मुलमीस्यं कूलन काया भ्वन्तया लीस ।। ।।

४६ ख

स ४४९ चेतला थोव नीलस लहाभ्रक वा एंद लाटो न्हिछिन श्राद्धजुसयन्तिको-ला क्व थ्वया नामक निभ्रकः म्पतं व्यालवु मछाल्व लाकन ।। ।।

४६ क

**आदित्यमल्ल**

स ४४८ फाल्गुण शुक्ल सप्तमी खसिया राजा आदीतमलया कटनक वस्यं नव-क्वाठकास्यं ङन्हुलिवलि शाखर क्वाठ कासन लिन्हु म्बिक्वस्वन्देशमेचोसन यप्तं पुलवहीरिस थाकस याङ पुङा दिन २२ मचाल्व ।।

४६ क

**रुद्रमल**

स ४४० भाल्गुण वदि ४ सरवु भासन थव भरीसके ववः भीमभाठों लाङाव छूरिग, वोला थ्व तिमतिन श्री जयरुद्र-मल देवः सनसखु भाठो ज्वनकं हस्यं शास्ति याङा को थछेंस मिल्होस्यं लात्यंङन ।। ।।

४५ ख

**क्वाठ**

स ४४४ द्व पौषो वदि ६ तेजादलवयी टोङ्वो क्वाठ दुम्वाया दिन : ।।

४५ ख

**रुद्रमल**

स ४४४ माघ शुदि ७ तिपुर प्राकार डजाका वन्दे अटहस्यं चेत्र मासन टोसे वरस अठछेचका श्री

४५ ख

[जय]-रुद्रमल देवसन ।। ।।

४६ क

स ४४८ भार्दपद शुद्धि ९ पुरा माक्वनक के दम्मन फंछि ।। ।।

४६ क

**रुद्रमलदेव**

क. स ४४३ माघ कृष्ण द्वितीया श्री जयरुद्रमल देवस द्वितीय पुत्र श्री त्रिभुवन मलदेव जात गण्डान्त वेर ।। ।।

४५ क

ख. स ४४४ अशुनि वदी १४ अस्त दिवसः ।।

४५ क

**राजदेव**

स ४३७ फालगुण कृष्ण दशमी धनेष्ट वृहस्प--

४५ क

तिवार श्री श्री जयानन्द राजास पुत्र श्री जयराजदेव संग्रहनी भार्यास पलाखचोस जातः ।।

४५ ख

**जयानन्द**

स ४४८ वैशाख शुक्ल त्रयोदशी कोन्हु ग्वलं देश लुप्ति याचका ब्राह्मनसके आदिनं श्री जयानंद राजासन मनिगल यस्व देशन लुप्ति याङा ब्राह्मनसन आफहुयाङा वतन अनातीरण धरण ठङा ।।

४५ ख

**रुद्रमल**

सम्वच्छल सवुति पूरण नक्ववाढ पुन्द वंङा मचाल्व श्रीं जररुद्रमलदेवस्यं ।।

४५ ख

**जयरुद्रमल्ल**

क. सं ४४१ फाल्गुण कृष्ण नवमी श्री जयरुद्रमल्लदेवस प्रथमपुत्र श्री जयवीर-मल्लदेवस जात ।।

४५ क

ख. स. ४४२ पोष वद्धि १४ अस्त विन ।।

४५ क

**ब्रह्मजुध**

सं ४४२ अश्विनि कृष्ण द्वितीया सङ्गणि मन्नकछें ब्रह्मजुध दिनः ।।

४५ क

सं ४४४ माघशुद्धि १० योद्यम्वहिरि आवनलेया दिन सूयक्रिस्यं ।।

४५ क

**रुद्रमल्ल**

क. सं ४४० ज्येष्ठ शुद्धि ८ श्री जयरुद्रमल देवस प्याखन हुल्यंपि शाचयाङ हुतदास भारोम विद्यास फाटर पंहुल्यवु शिक्व ।।

४५ क

ख. स राजा जयारिमलस आगस नृत्यनाम रतनागत ग्रन्थकारी सङ्क लङ्क पण्ड्-जुटें वुशि क्वटा मलंस्यं ।।

४५ क

**जयादीतदेव**

सं ४१३ फाल्गुण शुक्ल अष्टमी श्री जयादीतदेवस अस्त ।। ।।

४४ ख

**खशिया**

सं ४४१ चेत्र शुद्धि द्वितीया खशिया व्यष्टन लासन गजवास क्वाठ ठोङा तिपुरया ।।

४४ ख

**जयराजदेव**

सं ४४३ भाद्रपद शुद्धि ५ व्यनापे क्वाठ श्री जयराजदेव सलकस जोतिराम महाथ भास्यं काया सङा वु चाल्व फनपीम्मनिगल तिपुर महाथस पाखड मगुसं फनपिन्नगया हाथस तया ।। ।।

४४ ख

**चनिगल**

सं ४४० पोसलान तव पुगा क्व पान चङ

४४ ख

धारणि गण्डि थ्यं चनिगल दुलं हा ।।

४५ क

स ४५३ भाद्र्पद कृष्णाष्टमी तिपुर मनिगल

४७ ख

छिपन्तयाङ फनपि युंदवंङा मचाल्व वुङ्वा तिपुर मनिगलन लुंकास्यं ।। ।।

४८ क

**अनेखराम**

स ४५४ माघ कृष्ण त्रयोदशी वोद्यं देश मेचोचका अनेखराम महाथ भास्यं भ्वन्त कस्तटो थुमु वंङ भन अस्यं शिक्व मान-सुत वचान २४ मे सह्म ४६ भप्तीप्ति सावासान ११६ चलसफशि ५८ खा खिचा चप्तखुनि वुप्तखुनि आ दिपं शिक्वः ।। ।।

४८ क

**तलवु क्वाठ**

स ४५४ फाल्गुण शुदि १२ तलवु क्वाठ पाद याङा ।। ।।

४८ क

**वरपाल भारो**

सम्बत् २१९ माघ कृष्ण अष्टंम्या मूल-नक्षत्र यद्तं यथोवहार तरुपाल भारोटो नायक नेपालया विक्षात महाप्रभुतः उभयराजकुल उधरण धारण समर्थः ।।

अस्तवर्ष ८७

सम्वत् ३२२ चैत्र शुक्ल द्वादशी...चो ...नि...ल...प्रमखन तिपुरशल कास्यं फङहया...रायु । न...ण्ड ङापला...।।

३४ क

सम्बत्...शुक्ल...अ नकाया नमीण्डव ।। ...रामशिह्न राजाटो ।।

३४ क

सम्वत् ३५० माघशुक्ल :सप्तमी...न्हुन ...खा. . . .शुक्ल चतुर्थीयात...।। ।।

३४ क

क. सम्वत् ३२४ कार्त्तिक कृष्ण एकादशी श्री अभय...

३४ क

ख. स जात राजा अस्तवर्ष ५४ माघ शुदि ५ ।।

३४ क

—x—

# कीर्तिपुर उमामहेश्वर मन्दिरस्थित सरस्वती एक अध्ययन

—हरिराम जोशी

कीर्तिपुर डांडाको सर्वोच्च शिखरमा उमामहेश्वरको एक भग्न मन्दिर अवस्थित छ । उक्त मन्दिर ललितपुर मंगलबजारस्थित दथु तः क्यालका प्रधानहरूको कीर्ति रहेको कुरा त्यसै मन्दिरको एक तामापत्रबाट थाहा हुन्छ । सत्रौं शताब्दी ई. मा. निर्मित प्रस्तुत मन्दिर दूरस्थ स्थानबाट पनि देखिने भएर कीर्तिपुर डांडाको यश औ गरिमालाई यत्रतत्र सर्वत्र फिंजाउनामा सक्षम भएको छ । यस यथार्थ सत्यमा यहां दुई मत नहोला ।

उपरोक्त उमामहेश्वर मन्दिरको बाहिर भित्र भित्ताहरूमा विभिन्न देव–देवीहरूका मूर्तिहरू प्रतिष्ठापित गरिएका छन् । पूर्वाभिमुख त्यस मन्दिरको बायाँतिर उत्तराभिमुख भई अवस्थित रहेको सरस्वतीमूर्ति सांस्कृतिक एवं धार्मिक दृष्टिले ज्यादै महत्वपूर्ण मानिन्छ । यद्यपि यो निश्चय छ—उत्तरप्राचीनकालदेखिकै सरस्वतीका मूर्तिहरू यहाँ पाइएका छन् । कीर्तिपुरदेखि आधा माइलको फासलास्थित बलम्बूखोलाको तीरमा दुवै हात नभएको उत्तरप्राचीनकालीन सरस्वती मूर्ति छ । हाडिगाउँ सत्यनारायणमन्दिरको सन्निकटमा रहेको सरस्वतीमूर्ति नवौं शदी ई. को मानिएको छ त ल. पु. टंगलको सरस्वतीमूर्ति दसौं, एघारौं शदी ई. तिरको अनुमान गरेका छन् । ल. पु. बालकुमारीको सरस्वतीको मूर्ति तेह्रौं शदी ई. को रहेको कुरा सोही स्थानको एक शिलालेखले प्रमाणित गरेको छ । (१) तर, प्रस्तुत कीर्तिपुरस्थित सरस्वतीमूर्ति सत्रौं शदी ई. को मात्र भए तापनि यस मूर्तिको माथितिर दायाँ कोणमा नासः द्योका प्रतीकात्मक चिह्नहरू कुँदिएकोले उपरोक्त यथार्थताहरूको आवश्यक ज्ञानको लागि ठूलो मद्दत पुऱ्याएको छ ।

नेपाली संस्कृति सैद्धान्तिक हुनुको साथै व्यावहारिक पनि रहेको छ । यसले कोरा ज्ञानलाई मात्र प्राथमिकता नदिई त्यसमा व्यवहारको अत्यावश्यकतालाई पनि महसूस गरेको छ । (२) प्रस्तुत मूर्तिमा कुँदिएका नासः द्योका प्रतीकात्मक चिह्नहरूले नासः (सिद्धि) विनाको विद्या फलदायक नहुने भई मनुष्यलाई घोरतम दुःखमा पुऱ्याइने अत्यधिक सम्भावनातिर चेतावनीस्वरूप स्पष्ट इंगित गरेका छन् । यसरी यस मूर्तिले नेपालको सांस्कृतिक परम्पराको स्पष्ट निर्देशन गर्न सकेको छ भन्न सकिन्छ ।

अर्को, उक्त मूर्तिको दायाँतिर नासः द्योका प्रतीकात्मक चिह्नहरू राखेकोले सो सरस्वती शिवको शक्तिको रूपमा रहेको कुरा अनुमान गर्न सकिन्छ । किनभने स्वास्नीमानिसका ११ नामहरू मध्ये वामा पनि १ रहेको छ ।

**"स्त्री योषिदबला योषा नारी सीमन्तिनी वधूः ।**
**प्रतीपदर्शिनी वामा वनिता महिला तथा ।।२।।"**३

—अमरकोशः, द्वितीय काण्डम्, मनुष्य वर्गः

यसरी भन्दैमा यहां यस तथ्यलाई पनि बिर्सनु छैन–कतिपय शैव एवं विष्णुमूर्तिहरूमा शक्तिलाई दायां तिर राखिएका छन् । (४) तर, ती मूर्तिहरूलाई अपवाद-

स्वरूपनै लिन सकिन्छ । यस आधारले पनि उपरोक्त सरस्वतीमूर्ति शिवकै शक्तिस्वरूपिणी छ भन्ने थाहा हुन्छ । स्कन्दपुराणको सूत संहितामा पनि सरस्वती शिवकी शक्तिको रूपमा चित्रित गरिएको छ । यद्यपि यो निश्चय छ–त्यस संहितामा सरस्वती चन्द्रकलायुक्त जटामुकुट लाएकी हुनुको अतिरिक्त त्रिनेत्र तथा नीलकण्ठस्वरूपिणीको वर्णित छ । (५) मार्कण्डेय पुराणको देवीमाहात्म्यमा सरस्वती अंकुश, वीणा, अक्षमाला तथा पुस्तकधारिणीको रूपमा वर्णित छ । (६) तर मूर्तिकारहरूले मूर्ति निर्माण गर्दा सधैंभरी शास्त्रीय नियमहरूकै मात्र परिपालन गरिरहेका छैनन् । खजुराहोका कतिपय विश्व प्रसिद्ध मूर्तिहरू प्रत्यक्ष शास्त्रीय आधारको नभई नितान्त मौलिक रहेका छन् । खजुराहोका ६४ भुजाहरूले युक्त नृसिंहमूर्ति, शक्तिको साथ परशुरामको आलिंगन मूर्ति, एउटै मूर्तिमा सबै अवतारहरूलाई सम्मिलित गरी एकादशमुखी प्रतिमाको निर्माण, ब्रह्मा, विष्णु, शिवका विशेषताहरूले युक्त हरिहरहिरण्यगर्भको मूर्ति आदि-आदिलाई यहां उदाहरणार्थ प्रस्तुत गर्न सकिन्छ । (७) सोही मौलिक कृतिहरूको परम्पराको प्रस्तुत सरस्वतीमूर्ति पनि छ । मोक्ष अर्थात् निर्वाणको लागि अत्यावश्यक ज्ञानको आराध्यदेवीको मूर्ति निर्माण गर्दा कलाकारले उक्त ज्ञानको सम्प्रातिको लागि नभई नहुने नासः (सिद्धि) को अत्यावश्यकतालाई पनि बिर्सेनन् । साँच्चै भन्ने हो भने नासः युक्त ज्ञाननै पूर्ण ज्ञान मानिन्छ । जस्तो स्त्रीपुरुषको सम्मिलित इकाइ व्यक्तिको पूर्णत्वको परिचायक छ । यसै तथ्यको परिप्रेक्षमा अर्द्धनारीश्वरको कल्पनालाई लिन सकिन्छ । (८) अनि नासः विनाको विद्याप्राप्त व्यक्ति ब्रह्मज्ञानप्राप्तिमा कुनै ध्यान नलिई कोरा वैदिक ज्ञान मात्र हासिल गरी गुरु कुलबाट फर्केका श्वेतकेतु (९) जस्तै घोर अन्धकारमा जकडिने भएर मोक्ष प्राप्त गर्न नसकिने हुन्छन् । ट्रायका राजा प्राइमकी एक छोरीमा भविष्यवाणी गर्ने शक्ति अवश्य थियो । तर, तिनमा नासःको कमीले गर्दा तिनको आमाबाबुले पनि तिनको कुरामाथि कुनै ध्यान दिएनन् जसको फलस्वरूप यूनान र ट्रायका बीच भीषण युद्ध भै अन्तमा ट्रायको सर्वनाश हुन गयो । ग्रीक अनुश्रुति अहिले पनि यसको साक्षीस्वरूप छ । (१०)

सरस्वतीलाई ब्रह्माकी शक्तिको रूपमा पनि उल्लेख गरिएको देखिए तापनि तिनी विशेषतः विष्णुकै शक्तिको रूपमा मानिने परम्परा रहेको छ । विष्णुकी लक्ष्मी र सरस्वती दुई शक्ति रहेको कुरा ग्रन्थहरूमा उल्लेख गरिएको देखिनाको अतिरिक्त मूर्तिहरूमा पनि विष्णुको दायाँबायाँ लक्ष्मी र सरस्वतीका मूर्तिहरू कुंदिएका छन् । अनुमानित एघारौं, बाह्रौं शताब्दी ई. का दोलागिरि शिखरस्थित चतुर्भुज विष्णुमूर्ति यसको लागि उदाहरणस्वरूप छ । फेरि, दुई स्वास्नी हुंदा घरमा जहिले पनि कलह हुने कुराको उदाहरण दिंदा लक्ष्मी र सरस्वतीको नाम लिइने परम्परा यद्यापि प्रचलित हुंदै आएको छ । गुप्त सम्राट समुद्र गुप्तको प्रयाग स्तम्भाभिलेखको "सत्काव्य-श्री–विरोधान्" पंक्तिमा उत्तर प्राचीनकालीन लक्ष्मी र सरस्वतीको आपसी विरोधको चित्रण भएको छ । (११) यसरी सरस्वती विशेषतः विष्णुकै शक्तिको रूपमा रहेको कुरा जानिन्छ, तर प्रस्तुत मूर्तिको अध्ययनमा सरस्वती शिवको शक्तिको चित्रित गरिको देखिएबाट शिव एवं विष्णुको बीच कुनै भेदभाव नभई वैदिक समयदेखि प्रचारित हुंदै आएको अद्वैत दर्शनको तत्समयको जनमानसमा व्याप्त प्रचार भएको कुरा प्रकट हुन्छ । स्कन्द पुराणान्तर्गत नेपालमहात्म्यमा हरि-हरमा भेद गर्ने व्यक्ति पाखण्डी, अधम, औ नरकगामी हुने कुरा वर्णन गरिएको छ । (१२) पशुपतिस्थित शक संवत् ४८९ को हरिहरमूर्तिको पादपीठलेखले पनि उक्त तथ्यतिरै औंल्याएको छ । (१३) बालकृष्ण समको संग्रहमा रहेको एक प्रस्तरमूर्तिमा उमामहेश्वरको अर्द्धनारीश्वरा स्वरूपका उमाको अंशवाट विष्णु औ शिवका अंशवाट ब्रह्माको उत्पत्ति भएको देखाइएको छ जसलाई यहां पुष्ट्याइँस्वरूप प्रस्तुत गर्न सकिन्छ ।

प्रस्तुत मूर्तिको माथि दायांतिर सानो एक कुनामा नासः द्योका प्रतीकात्मक छिह्नहरू राखएबाट प्रकृतको अनुपातमा पुरुष अल्प मात्र रहेको यथार्थता थाहा हुनाको अतिरिक्त प्रकृतिको माथि पुरुष राखिएकोले कर्मण्य तथा अचेतन प्रकृतिको क्रियाकलापमा अकर्मण्य तर चैतन्यभूत पुरुषको सन्निधिमात्रले पनि प्रभाव पार्ने सांख्य दर्शनको नेपाली जनजीवन तथा संस्कृतिमाथिको प्रभाव प्रकट गर्दछ ।

सांख्य दर्शनको यहीनैं प्रभावको कारण अर्द्धनारीश्वरको सिद्धान्तानुसार स्त्री पुरुषलाई एकै पंक्तिमा राखिनुपर्ने भए तापनि प्रस्तुत सरस्वतीमूर्तिकै शिलापटलको दायाँतिरको माथिल्लो एक सानो कोणमा नासः द्यो (शिवनृत्येश्वर) का प्रतीकात्मक चिह्नहरूलाई उत्कीर्ण गरिएको हो । अत्यधिक सम्भावना यसैमा हुंदा सत्य अनि साँचो मानेमा यहीनैं प्रतीत हुन्छ ।

उपरोक्त वर्णनहरूवाट कीर्तिपुर डाँडास्थित उमा-महेश्वरमन्दिरमा प्रतिष्ठापित सरस्वतीमूर्तिले कुनै पनि राष्ट्रको समुचित उन्नतिको लागि नासः द्वारा अभिप्राणित विद्याको प्रदान अत्यन्य जरूरी रहेको कुरा स्पष्ट दर्शाएको छ। यस तथ्यलाई इतिहासले पनि प्रमाणित गरिसकेको हुंदा यसमाथि अहिले गहिरिएर विचार गरिनु आवश्यक छ। किनभने आज इतिहासको यही नै ठूलो चेतावनी छ।

## टिप्पणी

१. हेर्नुहोस्:–संशोधन मण्डलद्वारा प्रकाशित "अभिलेख संग्रह" (दोस्रो भाग), २०१८ वि. सं., पृ. १५

२. हरिराम जोशीद्वारा लिखित "नेपाल संस्कृतिको एक विशेषता" लेख

हेर्नुहोस्–:अमृत पुस्तकालयबाट प्रकाशित "अमृत" सामयिक संकलन, ......, पृ......

३. हेर्नुहोस्:–स्व. पं. कुलचन्द्र शर्मा गौतमद्वारा टीका गरिएको "अमरकोशः", नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०२६, पृ. ११४

४. "Some authorities Stste, that parvati shonld be standing to the right of Siva and there are Sculptures representing parvati as Standing both on the right and on the left side of siva"

हेर्नु होस्:–गोपीनाथ राव लिखित "हिन्दू आइ-कनोग्राफी" भोल २ पार्ट १. ई. सं. १९६८, पृ. ३४०

"मद्रास म्यूजियममा राखिएको एक मूर्तिमा कार्तिकेयले आफ्नो दायां बाहुले आफ्नी शक्तिलाई आलिङ्गन गरिरहेको देखाइएको छ"

हेर्नुहोस्:–गोपीनाथ राव लिखित "हिन्दू आइ-कनोग्राफी" भोल २ पार्ट २ ई. सं. १९६८, पृ. ४४७

"उपत्यकामा पाइने प्रस्तरका प्राचीन उभिएका विष्णुमूर्तिहरूमा प्रायः दाहिनेतिर लक्ष्मी र देब्रेतिर उनको वाहन गरुड देखिन्छन्। तर धातुमा यस प्रकारको मूर्ति आजसम्म देखिएको छैन–कमसेकम सो लेखकलाई थाहा छैन।"

–लैन सिंह बांगदेलद्वारा लिखित "नेपाली धातुका मूर्ति" लेख।

हेर्नुहोस्:–नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा प्रकाशित "प्रज्ञा" (त्रैमासिक पत्रिका), वर्ष–१ अंक ४, वि. सं. सं. २०२८, पृ. ९९.

"एलोरा गुहास्थित शिव कल्याश सुन्दर मूर्तिमा उभिइरहेको शिवको दाहिने पार्वती उभिइरहेकी छन्।"

हेर्नुहोस्:–आर. सी. मजुमदारद्वारा संपादित "द क्लासिकल एज", भारतीय विद्या भवन, १९६२ ई., प्लेट XXXII, fig. ७९

५. हेर्नुहोस्:– गोपीनाथ रावद्वारा लिखित "इलेमेण्ट्स अव हिन्दू आइकनोग्राफी" भोल १ षार्ट २ ई. सन् १९६८ पृ. ३७८

६. हेर्नुहोस्:— " " "

७. हेर्नुहोस्:—टाइम्स अफ इण्डिया प्रकाशन "दिन मान" साप्ताहिक, २१ मई १९७२, पृ. २४

८. उत्तर प्राचीन कालको एक उमामहेश्वरमूर्ति श्री बालकृष्ण समको संग्रहमा छ।

९. हेर्नुहोस्:—आर. आर. दिवाकर लिखित "उप-निषद्स इन स्टोरी एण्ड डायलाग", भारतीय विद्या भवन, बम्बई १९६४, पृ. १२३

१०. "संध्या समय समुद्र तीर की ओर गई हुई केसेण्ड्रा लौटी। वह अनिंद्य सुन्दरी प्राइम की कई पुत्रियों में से एक थी। उसने जव पेरिसको देखा तो अपने पिता से उदास होकर बोली:

"अच्छा होता यदि यह न लौटता, इससे भी अच्छा यह होता कि यह कहीं मर गया होता क्योंकि यहां रहकर तो यह निश्चय ही संपूर्ण ट्रौय का नाश कर देगा। हे पिता अव भी समय है इसे निकाल दो।"

"प्राइमने सुना, सेक्युवा ने सुना, हैक्टर ने सुना परन्तु किसीने उसकी वात पर ध्यान न दिया, उल्टे डांट कर उसे चुप करा दिया गया।"

हेर्नुहोस्:–डा. रांगेय राघव लिखित "प्राचीन यूनानी कहानियां", किताब महल प्राइवेट लिमिटेड, इलाहावाद, पृ. १२४–१२५

११. हेर्नु होस्:–दी. सी. सरकारद्वारा सम्पादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ पृ. २६३

१२. "अहो भाग्यमहो भाग्यं तपस्या सफला हि नः ।
**एकत्र हि यतो दृष्टौ देवौ हरिहरौ प्रभू ॥**
**वयं कृतार्था धन्याश्च यद्दृष्टौ मांसचक्षुषा ।**
**देवौ हरिहरौ साक्षात् पुराणपुरुषावुभौ ॥**
**यो हरिं हररूपेण हरं च हरिरूपिणम् ।**
**यः पश्यति स एव स्याद् वैष्णवः शैव एव च ॥**
**हरौ हरे च ये भेदं कुर्वन्ति मनुजाधमाः ।**
**पाखण्डिनो वेदवाह्यास्ते वै निरयगामिनः ॥**
**गंगागौर्योरभेदं तु तथा शंकरकृष्णयोः ।**
**ये पश्यन्ति नरा धन्यास्ते कृतार्था न संशयः ॥"**

–नेपालमाहात्म्यम्, अध्याय ११, श्लोक ५०, ५१, ५२, ५३, ५४

हेर्नु होस्:–हरिनन्दन ठाकुर लिखित "नेपाल देश और संस्कृति", विहार राष्ट्रभाषा परिषद् पटना, १९६९ ई. पृ. ८

१३. हेर्नु होस्:–"संस्कृत सन्देशः" २०१० प्रथम वर्ष, अष्टम अंक;
आर "नोलीद्वारा सम्पादित" नेपालीज इन्स्क्रिप्सन्स इन गुप्त करेक्टर्स, १९५६ ई. पृ. २८

—❀—

# इतिहास शिरोमणि बाबुराम आचार्यका स्मृतिमा

—सूर्यविक्रम ज्ञवाली

इतिहास शिरोमणि स्वर्गीय बाबुराम आचार्यसित भएको लामो अवधिको मित्रताको कुरा संम्झदा अनेक घटनाका स्मरण हुन्छन् । आज यहाँ तीमध्ये यौटाको संक्षिप्त विवरण वहांका स्मृतिमा लेख्न लागिरहेछु । मैले लेखेको भन्दा आचार्यज्यूले मलाई यस सम्बन्धमा लेख्नुभएको पत्रको चित्र जो यस लेखसित छापिएको छ त्यसले यस सम्बन्धमा अधिक कुरा बताउनेछ ।

सन् १९३६ को एप्रिल महीनाको २९ तारीखका दिन लेखिएको वहांको पत्र पाउँदाको प्रसन्नताभन्दा पनि बढ्ता त्यसभित्र खामिएका नेपालीमा लेखिएका सकल ऐतिहासिक पत्र पाउँदा मलाई खुशी लागेको थियो । ती पत्र पाएको भन्दा पनि बढ्ता हर्ष आचार्यज्यूको आफूमाथि भएको विश्वास चाल पाई मलाई भएको थियो ।


धेरैसम्म ती पत्रको मैले कुनै उपयोग गर्न सकेको थिइन र ती मसँगै रहिरहेका थिए । सन् १९५७ तिर श्री धनबज्र बज्राचार्य तथा श्री ज्ञानमणि नेपालद्वारा सम्पादित ऐतिहासिक पत्रसंग्रह नामक पुस्तकको पहिलो भागमा "राजकुमार बहादुर शाहले श्री ५ रणबहादुर शाहलाई लेखेको पत्र" भन्ने शीर्षकमुनि आचार्यज्यूले मलाई पठाउनुभएका पत्र मध्येको यौटा पत्र देखें । (पृष्ठ–७७) त्यसका पादटिप्पणीमा "ऐ. शि. बाबुराम आचार्यको संग्रहमा रहेको यस पत्रको उतार परम्पराबाट हामीले पाएका हौं" भनी लेखिएको छ । छापिएछ, बढियै भयो भनी म चूप लागी बसें । यसका केही वर्षपछि १९६६ तिर योगी नरहरि नाथका सम्पादकत्वमा प्रकाशित इतिहास प्रकाशमा "सन्धिपत्रसंग्रह भाग १" नामक ग्रन्थमा फेरि यो पत्र छापिएको देखें (पृष्ठ ५४) ।

उपर्युक्त दुवै प्रकाशनमा विन्याससम्बन्धी एक दुई कुरा तलमाथि परेका भए तापनि तिनको चर्चा गर्ने आवश्यकता मलाई प्रतीत भएन र म चूप लागी बसिरहें ।


दुई चार वर्षअघि एकचोटि आचार्यज्यूले यो पत्रको चर्चा मसँग गर्नुभयो औ सो मसँग माग्नुभयो । मैले कता परेको छ खोज्नुपर्छ भने जस्तो मलाई लाग्छ । यसपछि एक दुई पटक अरू वहांले यस सम्बन्धमा मसँग सोध्नुभए जस्तो लाग्छ । मैले "खोज्छु, कतै परेको छ" भनी भनेको संझना हुन्छ । त्यसपछि मैले वास्ता नगरे जस्तो वहांले ठान्नु भएछ क्यारे ! एक दिन वहांले अरू थोक होइन, त्यसको चित्र प्रकाश हुनुपर्छ र सो गराउन मलाई भन्नुभयो । हुन्छ, मौका पर्नेबित्तिकै चित्र प्रकाश गराउनेछु भनी मैले उत्तर दिएं तथा यस कुराको त्यस वेला यसरी टुंगो लाग्यो ।

म त्यस मौकाको विचार गर्न लागें । बहादुर शाहसम्बन्धी यौटा परिचयात्मक लेख लेखी त्यो पत्रको चित्र छाप्ने कि कसरी छाप्ने ? भन्ने कुरा केही दिन मैले मनमा खेलाएको भए तापनि केही निश्चय गर्न सकिन र सो काम त्यसै रहिरह्यो । आचार्यज्यूले पनि यसपछि त्यस विषयमा मसँग केही कुरा गर्नुभएन । तर मेरा मनमा यसका विषयमा केही काम गर्नुपर्छ भन्ने ता लागिरहेको थियो, तर त्यस कामले कुन रूप लिनुपर्छ त्यसको निश्चय मैले गर्न सकेको थिइन ।


आचार्यज्यूको ५ सेप्टेंबर १९७२ का दिन निधन भयो । वहाँपछि आचार्यज्यूले मसित त्यस पत्रका सम्बन्धमा केही वर्षअघि व्यक्त गर्नुभएको इच्छा पूर्ण गर्न म व्यग्र


प्रिय बाबु

क, श्री बाबुराम आचार्यले श्री सूर्यविक्रम ज्ञवालीलाई लेखेको पत्र पेज नं  १



श्री बाबुराम आचार्यले श्री सूर्यविक्रम ज्ञवालीलाई लेखेको पत्रपेज नं २



श्री बहादुर शाहले श्री ५ रणबहादुर शाहलाई लेखेको अर्जी

भएँ । यताउति उद्योग गरें । तर भने जस्तो सफलता प्राप्त गर्न सकिन । अन्त्यमा हाल यस लेखसित प्रकाशित बहादुर शाह तथा आचार्यज्यूका पत्रको चित्र सहित यौटा सानो लेख लेखी आचार्यज्यूको स्मृतिमा श्रद्धा अर्पण गर्ने इच्छाको सूचना मेरा बन्धु श्री जनकलाल शर्मामार्फत अर्का मेरा सुयोग्य मित्र पुरातत्व विभागका संचालक श्री रमेशजंग थापाका समीपमा मौखिक निवेदनका रूपमा पठाएं । आचार्यज्यूका स्मृतिमा श्रद्धा अर्पण गर्ने काममा श्री थापा महोदयको अनुमति नपाउने कुरै थिएन र आज बहादुर शाहको पत्र र सो पत्र पठाउँदा आचार्यज्यूले मलाई लेख्नुभएको पत्रको चित्र यस लेखसित प्रकाशित भएका छन् ।

बहादुर शाहको हस्ताक्षरको अर्को उदाहरण नपाइएसम्म यो चित्रको हस्ताक्षरका विषयमा अन्तिम मत स्थिर गर्न गाहारो छ । आचार्यज्यूका मतमा ता "यो निश्चित उनैको हस्ताक्षरको हो" भन्ने थियो । हस्ताक्षर तथा पत्रबाट तिन ताक वा पहिलेका अनेक ठूला मानिससरह बहादुर शाहले पनि पाठशालामा पढे जस्तो अनुमान हुँदैन ।

## बहादुर शाहको पत्र

श्री १

अर्जि

उप्रान्त वहाँको समाचार बक्सी पठाउनुभयो सुन्यु ये तरहले बन्दछ त्यसै गर्नुहवस् उप्रान्त मोहरको सहीमा नआवनु मर्जीमाफीक गरौंला वकी इहाँ वस्ना. कन त गाह्रो मान्याको छैन तांहां आउन गाह्रो लागी ह्रये छ हजुरको मेहरमानी कत्ती पनि छैन तस् कारन् मलाइ ता यहाँ बस्नु बढीया छ मुकाम कीला सुभम् सुभम्

वंदा बहादुर साहको कुर्नेस वंदगी ३

## आचार्यज्यूको पत्र

त्रि. चन्द्र कालेज
२९ अप्रेल १९३६

प्रिय बाबु,

श्री पृथ्वीको जीवनी एक प्रति ने. भा. प्र. समितिमा ने. सा. स. द्वारा पठाउने कुरा केहि दिन अगाडि लेखेको हुं सो किताब जाँच हुंदैछ । संभवतः प्रवेश रोकिन्छ । तेस कारणले पठाएको भए पनि भैगो । केहि हानि छैन । नपाठाए पनि एकै हो । किनभने तेस जाँचमा समिति पनि सामेल हुने भएको छ ।

औ एस पत्र साथ चारौटा पुराना लेख पठाएको छु । नेपाली भाषाका विषयमा छानवीन गर्नेलाई काम लाग्दछन् । बहादुर शाहको तस्वीर कहिं पाएको छैन । तिनको हस्ताक्षरको पत्र एसै साथ छ । नजरबन्द भइरहेको अवस्थामा पनि तिनको धैर्यता तेस पत्रबाट टपकन्छ । इ पत्र ने. सा. सम्मेलनका पुस्तक वा पत्रका विभागमा राखिदिने बन्दोवस्त गरिदिनुहोला । कदाचित उहाँ रहने राम्रो प्रबन्ध नभए तपाईं संगै रहोस् पछि फिर्ता मागुंला । सम्मेलन सार्वजनिक संस्था हुनाले र तहाँ रहे तपाईं–हामी सबैलाई काम लाग्ने तपाईं वा मसंग रहेमा हामीहरूपछि नष्ट भएर जाने हुनाले हामीहरूका उत्तराधिकारीहरूलाई पनि काम लागोस भन्ने मेरो विचार हो ।

सो पत्रहरू ने. सा. सम्मेलनका पत्रिका वा अरू नेपाली भाषाका पत्रिकामा छापे हुन्छ । तर ती छापिएका पत्रिका तीन चार वर्षभित्र नेपालमा आउँदैनन् भने मात्र । नत्र व्यर्थको खलबल मात्र हुन्छ ।

ती पत्रहरू सम्मेलनमा राख्दा तपाईंका नामबाट राख्नुभए हुन्छ । तहाँ मैले दिएको भन्नें नपानुं बेस छ

तपाईंको
बाबुराम आचार्य

# Newar Marriage Customs

(Continued.)

—*Purna Harsha Bajracharya*

Early next morning the father in law takes the bride in a doli in a procession through the main streets preceded by the musicians,bringing her his house. At this moment the bridegroom's mother waits for her at the main gate of the house, which has been decorated with many auspicious ceremonial objects. As soon as the bride arrives and is taken out of the doli or automobile her mother in law welcoms her with traditional rites (**losokoso yaye).** The concluding ceremony takes place when the bridegroom's mother cleans the bride's feet with holy water, gives her a key, and takes her into the house.

Once in the house, the bride is placed near the altar for the sacred fire (yajna-sala). The bridegroom sits to the right and the **lami** to the left of the bride. Traditional rites are performed by the priest. Relatives and guests who witness the ceremony often laugh at the bridegroom. At the end of the ceremony the **lami** puts ten betel nuts into the hands of the bride who offers them to the family deity and then presents ten betel nuts to each member of the family in turn. During the distribution of the nuts the **lami** introduces the members of the family to the bride. Lastly the bride gets up and stands in front of the bridegroom. The **lami** puts ten betel nuts into the hands of the bride, which she gives to the bridegroom and bows, touching his foot with her head to show her humble submission to him. This is the most important ceremony of the marriage, since it is the time when the bridegroom is recognized as husband and the bride as wife. This is called **honkegu.**

Following this ceremony comes the special matrimonial feast given to the new couple. A large round bronze plate (thaye bhoo), furnished with a number of different varieties of foods, is placed in front of them. The bridegroom and the bride eat together from the same plate, the only time they would eat together during their married life. This ceremony (thaya bhoo nake) therefore provides an interesting spectacle for the gathering.

In the evening a big feast (pasta bhoye) is held to which only the relative and friends of the bridegroom and the bridegroom's family are invited. All kinds of food except curds, wine, and sweets may be served by any of the guests. A son-in-law of the bridegroom's family serves curds; the bridegroom's mother assisted by the groom's maternal aunt serves wine; the bridegroom himself, usually assisted his maternal uncle, follows his mother, and serves sweets. Then the bridegroom's father makes apologies for the meagerness of the fare provided. At this time the bride is placed along with the **lami** where all the guests can see her as they depart to their houses.

On the following day, the bridegroom, the bride, and the bridegroom's mother and her



विवाहमा दुलहा र दुलहीले थाय्भु खाएको
The bridegroom and the bride eating the dinner Thayebhu



विवाहमा दुलहीलाई गोड्धुवा दिएको
The bride being presented with gift

near relatives take their first meal of rice together. This act (niksha Bhoye) signifies that the bride has permission to dine with the family.

On the morning of the fourth day the priest comes to worship at the altar. The bride is brought and is seated in fornt of it. Various hair dressing articles and religious objects are sent from the girl's family for the bride. The bridegroom stands by the side of his wife, while the priest reads from the holy book and teaches the bridegroom how to dress her hair. Following the priest's instructions, the groom combs her hair dividing it into five plaits, and putting various kinds of oil on her hair. This is called **san pyakegu.** Many persons group there to witness it and when the husband fails to dress her hair properly he is taunted by the spectators with laughs and sometimes with whistles and jeers. When all these things are finished the bride is taken to the family deity, which the bride worships while the bridegroom puts a red **tika** (a vermillion dot) on her forehead. This act (wonjala) makes a second very important stage of marriage, because as soon as the bridegroom puts that **tika** on the bride's forehead in front of their family deity, she obtains permission to see and worship her husband's family deity.

In the evening a festival is held on which every one plays practical jokes and enjoys himself. Various food stuffs may be disguised as sweets and water served instead of liquor. The cooks come in varied disguises to sing and dance before the guests. Afterall this is a real feast (pakna pooja bhoye) is given to all the guests.

On the same evening the bride's father, along with a group of his friends, pays a visit to his daughter. He takes with him different kinds of presents including clothes, fruits, sweets, etc. which he gives to his daughter. Other guests give her money. This is called **khwaso** onegu. The bridegroom's family entertains them with wine, sweets, dried fruits, and betel leaves. After the reception, the bride returns to her former home with her father.

An invitation from the bride's party is sent to the bridegroom, through an attendant. The bridegroom goes to his wife's house with a priest taking with him a pod of musk. All the relatives and other guests will be waiting there to receive the new bridegroom. As soon as he arrives the new couple is given a special seat. The priest sits to the right of the bridegroom and the **lami** to the left of the bride. The lami puts ten betel nuts into the hands of the bridegroom which he offers to the family deity. Then he distributes ten betel nuts to each of the family members. While this is going on the priest displays the pod of musk in front of the couple to signify that the bridegroom has business establishment in Tibet (autonomous region of the Peoples Republic of China) and deals in musk (a symbol of wealth).

After the betel nuts have been distributed, a feast is given to the bridegroom's party. During the feast the cooks play practical jokes of many kinds. Sometimes something is thrust under their seats to produce amusing, if embarassing, noises. Sometimes the cooks string pieces of meat and other foodstuffs together so that when the bridegroom attempts to take a piece, the entire mass comes with us, making the spectators laugh. Thus this evening the bridegroom party specially the bridegroom have to be very careful in accepting food. At the end of the meal the marriage party are served with betel leaves and dried fruits, after which the party goes back with the bride. This is called (duchayekegu), signifying that from that day forth the bridegroom is free to go to his father in law's house. Thus the marriage ceremony concludes on the fourth day and from this evening on the husband and wife are free to pursue their own way.

# ABOUT THE AUTHORS

| | |
|---|---|
| Shri Babu Ram Acharya | Prasiddha Itihasa Shiromani. |
| Shri Tarananda Mishra | Prawidhik Adhikari, Puratattva Bibhaga. |
| Shri Jagadisha Chandra Regmi | Prashasaka, Nepal Addhyayana Sansthana, |
| Shri Hari Ram Joshi | Shakha Adhikrita, Sanchara Mantralaya. |
| Shri Surya Bikrama Gewali | Pratishthita Itihasakara. |
| Shri Purna Harsha Bajracharya | Pradhana Anusandhana Adhikari, Puratattva Bibhaga. |

"प्राचीन नेपाल'-का निमित्त प्राग्-इतिहास तथा पुरातत्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र. अभिलेख, ग्रहालय तथा ललितकलासग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ .

रचना सक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ ।


**निर्देशक**
पुरातत्व विभाग
सिंहदरबार
काठमाडौं, नेपाल


Contribution of original nature dealing with pre-historic and field-archeology, epigraphy, manuscripts, numismatics, archives, art and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to *Ancient Nepal.*

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

Photographs and illustrations (line drawings) may be sent, The typescript should be in double space and on one side of the paper only sent to:-----


**The Director,**
Department of Archaeology
Singha Durbar
Kathmandu, Nepal.



मुद्रकः- रूपायन प्रेस, ढोकाटोल, काठमाडौं । फोन नं. १२१४६